# शालिग्राम गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ
पत्रको प्रयोजनको लागि
प्रस्तुत

## शोधपत्र


शोधार्थी
मधुसूदन आचार्य
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर,

२०६४

## शोधनिर्देशकको मन्तव्य

**शालिग्राम गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि शोधार्थी मधुसूदन आचार्यले मेरा निर्देशनमा तयार पार्नुभएको हो । निकै लगनशीलतापूर्वक तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मितिः २०६४/०९/....

..................................

**रामेश्वर अर्याल**

**उप-प्राध्यापक**

**नेपाली केन्द्रीय विभाग**

**त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर**

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको शैक्षिक सत्र २०६१/०६३ का छात्र मधुसूदन आचार्यले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गर्नुभएको **शालिग्राम गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षक शोधपत्र मूल्याङ्कन समितिद्वारा आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| ................................. | ....................................... | ............................. |
|---|---|---|
| **उप-प्रा. रामेश्वर अर्याल** | **प्रा. राजेन्द्र सुवेदी** | |
| **शोधनिर्देशक** | **विभागीय प्रमुख** | **बाह्य परीक्षक** |

मिति : २०६४/०९/....

# कृतज्ञताज्ञापन

**शालिग्राम गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको दोस्रो वर्षको दशौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु उप-प्रा. रामेश्वर अर्यालज्यूका निर्देशनमा तयार पारेको हुँ । आफ्नो कार्यव्यस्ततालाई प्रवाह नगरी प्रस्तुत शोधपत्र तयार गर्ने सन्दर्भमा आफ्ना विशाल ज्ञान राशीबाट जुनसुकै समयमा प्रेमपूर्वक उचित सल्लाह, सुझाव र ज्ञान दिई सहयोग गर्नुहुने श्रद्धेय गुरूप्रति आफू ऋणी भएको आत्मसात गर्दै हार्दिक आभार एवम् कृतज्ञता प्रकट गर्दछु ।

मैले तयार पारी बुझाएको शोधप्रस्तावलाई विभागीय स्वीकृत दिई प्रस्तुत शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने त्रि.वि. नेपाली केन्द्रीय विभागका विभागीय प्रमुखज्यूप्रति आभार व्यक्त गर्दछु । शोधपत्र तयारीका क्रममा आफ्नो कार्यव्यस्ततालाई कुनै पनि प्रवाह नगरी जुनसुकै समयमा प्रेमपूर्वक उचित सल्लाह, सुझाव र ज्ञान दिएर सहयोग गर्नुहुने माधव ढुङ्गेलप्रति हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु । शोधपत्र तयारीकै क्रममा आफ्नो अमूल्य सुझाव र हौसला दिनुहुने विद्वान् अनुसन्धाता गुरुहरू खगेन्द्रप्रसाद लुइटेल, केशव सुवेदी, महादेव अवस्थी र व्रतराज आचार्यप्रति कृतज्ञताज्ञापन गर्न चाहन्छु ।

मेरो पढाइको वर्तमान क्षणसम्म हार्दिक उत्प्रेरणा दिँदै पढाइको अवसर जुटाउन हरदम तत्पर रहनुहुने मेरा पूज्य बुबा श्री ठाकुरप्रसाद आचार्य तथा मलाई जीवन दिई हुर्काउँदै यहाँसम्म ल्याइपुर्‍याउनुहुने ममतामयी आमा शिवादेवी आचार्यप्रति आजीवन ऋणी छु । मेरो पढाइका लागि हौसला दिनुहुने भान्जबुबा वासुदेव पौडेलप्रति कृतज्ञताप्रकट गर्दै शोधतयारीका क्रममा आवश्यक सामग्री जुटाई सहयोग गर्ने शोधनायकका भाइ टेकनाथ गौतम, शोधनायकका छोरी राधिकादेवी आचार्य, मेरा भाइहरू केशवप्रसाद आचार्य, त्रिविक्रम आचार्य र बहिनी नारायणी आचार्य तथा परम स्नेही मित्र प्रेमराज भण्डारी, भीमलाल मरासिनी, ज्ञानेश्वर आचार्य, माधवा रेग्मी साथसाथै साथीहरू ढुण्डी मरासिनीलाई धन्यवाद दिन चाहन्छु । जनता क्याम्पस, दाङका गुरुहरू नारायणकुमार आचार्य, देवराज सुवेदी, गदाधर पौडेल, गणेश पाण्डे, सुदन पौडेल, टिका गौतम, बाबुराम आचार्यप्रति आभार व्यक्त गर्दछु । शोधपत्रको टङ्कण छिटो-छरितो र यथासक्य शुद्ध ढङ्गले गरी सहयोग गर्ने रेसुङ्गा कम्प्युटर सर्भिस, कीर्तिपुरका दीपक बस्नेतलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा पेश गर्दछु ।

शैक्षिक २०६१–०६३
मिति : २०६४/ /

मधुसूदन आचार्य
नेपाली केन्द्रीय विभाग
रोल नं. ८
त्रि.वि., कीर्तिपुर, काठमाडौँ

# सङ्क्षिप्त रूप

| | |
|---|---|
| अनु. | अनुदित/अनुवादक/अनुवाद |
| क्र.सं. | क्रम सङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| ते.सं. | तेस्रो संस्करण |
| द्वि.सं. | द्वितीय संस्करण |
| दो.सं. | दोस्रो संस्करण |
| प.प. | पद्मोदय पब्लिक |
| पं | पण्डित |
| प्रा. | प्राध्यापक |
| पृ. | पृष्ठ |
| भा.रु. | भारतीय रुपियाँ |
| मा.वि. | माध्यमिक विद्यालय |
| रु. | रुपियाँ |
| रोल नं. | रोल नम्बर |
| लि. | लिमिटेड |
| वडा नं. | वडा नम्बर |
| वि.सं. | विक्रम सम्वत् |
| सम्पा. | सम्पादित/सम्पादक |
| स्व. | स्वर्गीय |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

## विषयसूची

**पृष्ठ संख्या**


| | |
|---|---|
| **पहिलो परिच्छेदः शोधपरिचय** | **१–६** |
| १.१ शोध शीर्षक | १ |
| १.२ शोधकार्यको प्रयोजन | १ |
| १.३ शोधसमस्या | १ |
| १.४ शोधकार्यका उद्देश्य | १ |
| १.५ पूर्वकार्यको समीक्षा | ५ |
| १.६. शोधकार्यको औचित्य | ५ |
| १.७ शोधकार्यको सीमाङ्कन | ५ |
| १.८ शोधविधि | ५ |
| १.९ शोधपत्रको रूपरेखा | ६ |
| **दोस्रो परिच्छेद : शालिग्राम गौतमको जीवनी** | **७–१४** |
| २.१ जन्म र जन्मस्थान | ७ |
| २.२ बाल्यकाल | ७ |
| २.३ शिक्षादीक्षा | ७ |
| २.३.१ घरयासी अनौपचारिक शिक्षा | ७ |
| २.३.२ औपचारिक शिक्षा | ७ |
| २.३.३ स्वाध्ययन | ८ |
| २.४ चूडाकर्म र उपनयन संस्कार | ८ |
| २.५ विवाह | ८ |
| २.६ सन्तान | ९ |
| २.७ आर्थिक अवस्था | ९ |
| २.८ कार्य क्षेत्रमा प्रवेश र जागिरका क्षणहरू | १० |
| २.९ भ्रमण | १० |
| २.१० सामाजिक कार्यहरू | १० |
| २.११ रुचि | १२ |
| २.१२ लेखनका निम्ति प्रेरणा र प्रभाव | १२ |
| २.१३ लेखन कार्यको प्रारम्भ | १३ |
| २.१४ प्रथम प्रकाशित पुस्तकाकार कृति | १३ |
| २.१५ रचनाको मुख्य क्षेत्र र प्रकाशित पुस्तकाकार कृतिहरूको सूची | १३ |

२.१६ सम्मान तथा पुरस्कार १४
२.१७ मृत्यु १४
**तेस्रो परिच्छेदः शालिग्राम गौतमको व्यक्तित्व १५–२१**
३.१ व्यक्तित्वका प्रमुख पाटाहरू १५
३.२ शारीरिक व्यक्तित्व र स्वभाव १५
३.३ साहित्यकार व्यक्तित्व १६
३.३.१ स्रष्टा व्यक्तित्व १६
३.३.१.१ काव्यकार व्यक्तित्व १६
३.३.१.२ कवि व्यक्तित्व १७
३.३.२ द्रष्टा व्यक्तित्व १७
३.३.२.१ अन्वेषक तथा समालोचक व्यक्तित्व १७
३.४ साहित्येतर व्यक्तित्व १८
३.४.१ व्याकरणकार व्यक्तित्व १८
३.४.२ शिक्षक व्यक्तित्व १८
३.४.३ बहुभाषी व्यक्तित्व १९
३.४.४ धार्मिक, सामाजिक व्यक्तित्व १९
३.४.५ ज्योतिषी व्यक्तित्व १९
३.४.६ कविराज व्यक्तित्व १९
३.४.७ दार्शनिक चिन्तन व्यक्तित्व २०
३.५ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनकाबीच अन्तरसम्बन्ध २०
**चौथो परिच्छेदः शालिग्राम गौतमका कृतिहरूको विश्लेषण २२–९६**
४.१ महाकाव्यकारका रूपमा शालिग्राम गौतम र उनको 'रामाश्वमेधकाण्ड' महाकाव्यको अध्ययन २२
४.१.१ शीर्षक २३
४.१.२ विषयवस्तु तथा संरचना २३
४.१.२.१ रामाश्वमेध–लवकुश युद्ध २५
४.१.३ चरित्र २६
४.१.४ रस २७
४.१.५ परिवेश २९
४.१.६ उद्देश्य ३०
४.१.७ भाषा ३२
४.१.८ शैली ४४
४.१.९ योगदान ४५
४.१.१० 'रामाश्वमेधकाण्ड' महाकाव्यको निष्कर्ष ४७

४.२ महाकाव्यकारका रूपमा शालिग्राम गौतम र उनको 'शाहवंशचरित' महाकाव्यको अध्ययन ४८
४.२.१ शीर्षक ५३
४.२.२ विषयवस्तु तथा संरचना ५३
४.२.३ चरित्र ५६
४.२.४ उद्देश्य ५६
४.२.५ भाषाशैली ५७
४.२.६ 'शाहवंशचरित' महाकाव्यको निष्कर्ष ६२
४.३ महाकाव्यकारका रूपमा शालिग्राम गौतम र उनको 'श्री ५ हरूको वंशावली' महाकाव्यको अध्ययन ६३
४.३.१ शीर्षक ६४
४.३.२ विषयवस्तु तथा संरचना ६४
४.३.३ चरित्र ७७
४.३.४ रस ७८
४.३.५ परिवेश ७९
४.३.६ उद्देश्य ७९
४.३.७ भाषा शैली ७९
४.३.८ 'श्री ५ हरूको वंशावली' महाकाव्यको निष्कर्ष ८७
४.४ फुटकर कविताहरूको अध्ययन ८८
४.४.१ उदयको उद्देश्य ८८
४.४.२ जयन्ती महोत्सव ९०
४.४.३ राजाको कविता ९१
४.४.४ भैंसीको वखान ९२
४.४.५ पीतेन्द्र शोकोद्गार ९३
४.४.६ शारदा शतक ९५
**पाँचौ परिच्छेदः उपसंहार** **९७–९८**
**सन्दर्भसामग्रीसूची**
**परिशिष्ट**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **शालिग्राम गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ शोधसमस्या

नेपाली साहित्यका फुटकर कविता, काव्य विधा एवं संस्कृत साहित्यमा समेत कलम चलाएका शालिग्राम गौतमको योगदान विशिष्ट छ । विशेषतः साहित्यकारका रूपमा प्रसिद्धि कमाएका शालिग्राम गौतमको साहित्यिक योगदानको विषयमा आजसम्म शोधकार्य हुन सकेको छैन । तसर्थ यो शोधपत्र निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

(क) शालिग्राम गौतमको जीवनी र व्यक्तित्व के–कस्तो रहेको छ ?

(ख) उनले नेपाली साहित्यमा के–कस्तो योगदान दिए ?

(ग) फुटकर कविता र काव्यको क्षेत्रमा उनको के–कस्तो स्थान छ ?

(घ) उनको निजी वैशिष्ट्य के हो ?

## १.४ शोधकार्यका उद्देश्य

नेपाली साहित्यमा शालिग्राम गौतमका विषयमा देखापरेका समस्याहरूको निराकरण गरी सही मूल्याङ्कन गर्न नै प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छ । शोधपत्रका उद्देश्यलाई निम्नप्रकार प्रस्तुत गरिएको छ :

(क) शालिग्राम गौतमको जीवनी र व्यक्तित्वलाई स्पष्ट पार्नु,

(ख) उनले नेपाली साहित्यमा दिएका योगदानको निर्धारण गर्नु,

(ग) उनका फुटकर कविता र काव्यको क्षेत्रमा स्थान निर्धारण गर्नु र

(घ) उनको निजी वैशिष्ट्य निर्धारण गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

शालिग्राम गौतमको जीवनी, व्यक्तित्व र कृतित्वबारे सामान्य चर्चा–परिचर्चा भएको पाइए तापनि हालसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वबारे समग्र अध्ययन, विश्लेषण र शोधकार्य हुन सकेको छैन । सामान्यतः उनका विषयमा उल्लेख भएका विवरणहरू यसप्रकार रहेका छन् :

शरदचन्द्र शर्मा भट्टराईले **कान्तिपुर कोसेली** (२०५०/८/१२) पत्रिकामा "शालिग्राम गौतम एक विस्मृत व्यक्तित्व" शीर्षकको लेखमा नेपाली साहित्यका विशिष्ट प्रतिभाका रूपमा चिनाएका छन् । संस्कृतमा आशुकवित्व शक्ति भएर पनि व्यवस्थित कृति भने नलेखेको विषयमाथि छोटो चर्चा गरेका छन् ।

उत्तमकृष्ण मजगैयाँले **प्रवाह** (२०५४) मा दाङका साहित्यकारहरूमा प्रथम पटक काव्यग्रन्थ प्रकाशन गर्ने श्रेय पाएको विषयलाई प्रस्ट्याएका छन् ।

मीनराज अधिकारीले **पं शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा सङ्कलित "पं शालिग्राम गौतम एक संस्मरण" शीर्षकको लेखमा परोपकारी भावना भएका विद्वान्का रूपमा चिनाएका छन् ।

काशीनाथ सुवेदीले **पं शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा सङ्कलित "मेरा समकालीन विद्वान् पं शालिग्राम गौतमजी" शीर्षकको लेखमा वैद्यराजका रूपमा चिनाएका छन् ।

कृष्णकान्त अधिकारीले **पं शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा सङ्कलित 'एक संस्मरणीयको स्मरण' शीर्षकमा विविध शास्त्रहरूको अध्ययन तथा अध्यापन गरिरहने विद्वान्का रूपमा छोटो चर्चा प्रस्तुत गरेका छन् ।

रामेश्वर मजगैयाँले **पं शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा सङ्कलित "श्री पं स्वर्गीय शालिग्राम गुरुज्यूको जीवनवृत्त" शीर्षकको लेखमा नेपाली र संस्कृतका वरिष्ठ साहित्यकारका रूपमा चिनारी दिएका छन् ।

दामोदर शर्मा चालिसेले **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा सङ्कलित "श्रद्धाञ्जली" शीर्षकको लेखमा वैदिक आर्यसंस्कृतिले ओतप्रोत भएका विद्वान्का रूपमा चिनाएका छन् ।

शिवराज उपाध्यायले **पं शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा सङ्कलित "प्रातस्मरणीय पूज्य भिनाजु पं शालिग्राम गौतमज्यूको संस्मरणमा दुई शब्द" शीर्षकमा

नेपाली भाषा, संस्कृत भाषा र अङ्ग्रेजी भाषामा समेत राम्रो दख्खल भएका कविराजका रूपमा चिनाएका छन् ।

उत्तमकृष्ण मजगैंयाँले **पं शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा सङ्कलित "पं शालिग्राम गौतमकी धर्मपत्नीसित केही कुराकानी" शीर्षकमा व्यक्तित्व र चरित्रको बारेमा केही जानकारी दिएका छन् ।

स्थानेश्वर गौतमले **पं शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा सङ्कलित "पं शालिग्राम गौतमकृत रामाश्वमेध काण्ड : संक्षिप्त समीक्षण" शीर्षकको लेखमा नेपाली र संस्कृतका वरिष्ठ साहित्यकारका रूपमा जानकारी दिएका छन् । शालिग्रामको **रामाश्वमेधकाण्ड**, काव्यलाई मूल ग्रन्थबाट शब्दशः अनुवाद नगरेर **रामायण** र **महाभारत**का कथाहरूलाई उपजीव्य बनाएर संस्कृतका महाकविहरूले काव्य, नाटक लेखे जस्तै कथासूत्रलाई मात्र लिएर आफ्नो बुद्धि प्रतिभाद्वारा मौलिक रचना रचेका हुन भनी विश्लेषण गरेका छन् ।

टेकनाथ गौतमले **पं शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा सङ्कलित 'मेरा काहिँला दाइ पं. शालिग्राम गौतम' शीर्षकमा नेपाली र संस्कृत साहित्यमा कविता लेख्न या भन्नमा आशु कवित्व शक्ति पाएका एवम् नेपाली काव्य र फुटकर कविताका साथसाथै संस्कृतमा समेत फुटकर कविता लेखेको विषयमाथि छोटो जानकारी दिएका छन् । उनले धार्मिक, सामाजिक, शैक्षिक र केही जीवनसँग सम्बन्धित सामान्य चर्चा प्रस्तुत गरेका छन् ।

सुशील गौतमले **पं शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा सङ्कलित "श्री ५ हरूको वंशावलीको यथासम्म नालीबेली" शीर्षकको लेखमा **श्री ५ हरूको वंशावली** नामक काव्यका केही श्लोकहरू र अरू कसैले लेखेका केही श्लोकहरू मिलाएर पं दिव्यदेव पन्तले **शाहवंश चरित** काव्य छपाएको कुरालाई प्रस्तुत गरेका छन् ।

देवराज उपाध्यायले **पं शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८)मा सङ्कलित 'सम्माननीय दाजी पं शालिग्राम गौतमज्यूको सम्झनामा' शीर्षकको लेखमा साना ठूला सबैमा यथायोग्य वार्तालाप र सद्भावना राख्ने, सरल एवम् मृदुभाषी हुनुको साथै अहंकार रहित चोखो हृदयका रूपमा चिनाएका छन् ।

शङ्करप्रसाद आचार्यले **पं शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा सङ्कलित "श्री ससुराज्यूमा श्रद्धा समर्पण" शीर्षकमा शान्त, शुद्ध, भेषधारी, सत्यवादी मातृ–पितृस्नेही कविराजका रूपमा चिनाएका छन् ।

राधिकादेवी आचार्यले **पं शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा सङ्कलित "श्री पितृ संस्मरणम्" शीर्षकको लेखमा कुशाग्रबुद्धि र अलौकिक प्रतिभाको कारणले गर्दा चूडाकर्म र उपनयादि संस्कार पछि उनका बाबुले पढ्नका लागि उदयपुरमा पठाएको र त्यसै अनुसार उनले तीन विषयमा समेत आचार्य पदवी प्राप्त गरेको कुरालाई प्रस्तुत गरेकी छिन् । विहान नै स्नान गरेर दर्शनको लागि नजिकको गणेशको मूर्तिमा पुग्ने धार्मिक प्रवृत्तिलाई पनि चिनाएकी छिन् ।

दुर्गाप्रसाद गौतमले **पं शालिग्राम गौतम स्मृतिग्रन्थ** (२०५८) मा सङ्कलित "प्रातःस्मरणीय नेपाल देशीय प्रकाण्ड विद्वान् चन्द्रकुलभूषण स्व. शालिग्राम–स्मारक कृति" शीर्षकमा आयुर्वेद र साहित्य विषयमा आचार्य गरेका साथसाथै न्याय र ज्योतिष विद्या पढेर योग्य बनेका एवं अंग्रेजीको कुनै डिग्री नलिएर पनि सरासर लेख्न र बोल्न सक्ने विद्वान्का रूपमा चिनाएका छन् ।

आभा शर्माले **पं शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा सङ्कलित "बाबाप्रति" शीर्षकको लेखमा नेपाली भाषा र साहित्यको अन्धकार युगमा पनि बाटो बनाएर गएका राष्ट्रभक्तिका रूपमा जानकारी दिएकी छिन् ।

अजन्ता आचार्यले **पं शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा सङ्कलित 'शब्द श्रद्धा' शीर्षकमा सादा जीवन र उच्च विचार लिएका, औषधि रसायनको मात्र कविराज नभएर काव्य संसारको नै कविराज कहलिएका विभिन्न विषयका ज्ञाताका रूपमा चिनाएकी छिन् ।

वंशीधर आचार्यले **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा सङ्कलित "श्रद्धा सुमन आफ्नै मावली बाजेलाई" शीर्षकमा गहन विषय पनि सरल ढंगले सम्झाउन सक्ने एवम् सांसारिक आसक्ति नभएका प्रतिभावान् व्यक्तित्वका रूपमा चिनाएका छन् ।

शङ्कर पौडेलले **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ** (२०५८) मा हाल रामपुर गा.वि.स.को हर्नोक भन्ने ठाउँमा ज्योतिषि जागेश्वर पौडेलसँग ज्योतिष पढ्नको लागि शालिग्राम गौतम गएका र त्यहाँ बस्दा बर्खे झरिमा दुःख पाएको भैंसीको दयनीय अवस्थालाई देखेर उनले 'भैंसीको खान' भनी दुई श्लोकहरू रचना गरेर सुनाएको कुरालाई शिवप्रसाद पौडेलले प्रसङ्गवश कण्ठस्थ सुनाएकोले जस्ताको त्यस्तै राखिदिएका छन् ।

निर्मला शर्माले **दाङ जिल्लाका कवि र तिनका कविताकृतिको अध्ययन** (२०५९) शीर्षकको अप्रकाशित शोधपत्रमा दाङका साहित्यकारहरूमा प्रथमपटक काव्यग्रन्थ प्रकाशन गर्ने श्रेय पाएका कविका रूपमा जानकारी दिएकी छिन् ।

यसरी सामान्य चर्चा एवम् फाटफुट प्रशंसाले गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र रूपलाई विस्तृत र व्यवस्थित रूपमा प्रस्तुत गर्न सकेको देखिँदैन । उनको समग्र रूपको विवेचना आजसम्म भएको देखिँदैन । तसर्थ प्रस्तुत शोधपत्रमा उनको समग्र स्वरूपको अध्ययन गरिएको छ ।

## १.६. शोधकार्यको औचित्य

साहित्य सिर्जनातर्फ उन्मुख भएका शालिग्राम गौतमका बारेमा सामान्य टिप्पणी र छिटफुट चर्चा मात्रै भएका छन् । नेपाली साहित्यको क्षेत्रमा थुप्रै योगदान गरे पनि उनी ओभ्रेलमा परेका साहित्यिक प्रतिभा हुन् । यसर्थ उनका बारेमा सर्वप्रथम जीवनी, व्यक्तित्व र कृतित्वको समग्र रूपमा गरिने व्यवस्थित अध्ययन-अनुसन्धान स्वतः औचित्यपूर्ण रहेको छ ।

काव्यकार शालिग्राम गौतमको जीवनी, व्यक्तित्व र उनका प्रकाशित पुस्तकाकार कृतिहरू एवम् अन्य फुटकर कविताका बारेमा जानकारी राख्न चाहने सम्पूर्ण व्यक्तिका लागि प्रस्तुत शोधपत्र निकै उपयोगी र महत्त्वपूर्ण छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र शालिग्राम गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा आधारित रहेको छ । यसमा उनले संस्कृत साहित्यमा दिएको योगदानका बारेमा विवेचना गरिएको छैन । शालिग्राम गौतमले नेपाली साहित्यमा दिएको योगदानको बारेमा प्रस्तुत शोधपत्रमा विस्तृत विवेचना र विश्लेषण गरिएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्रको लेखन मूलतः पुस्तकालयीय विधिमा आधारित रहेको छ । प्रस्तुत शोधपत्रसँग सम्बद्ध विभिन्न स्रोत पत्ता लगाई सामग्रीहरू जुटाई तिनको व्यवस्थित अध्ययन यहाँ गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरी शालिग्राम गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । ती परिच्छेदहरू निम्नलिखित रहेका छन् :

पहिलो परिच्छेद : **शोध परिचय**

दोस्रो परिच्छेद : **शालिग्राम गौतमको जीवनी**

तेस्रो परिच्छेद : **शालिग्राम गौतमको व्यक्तित्व**

चौथो परिच्छेद : **शालिग्राम गौतमका कृतिहरूको विश्लेषण**

पाँचौं परिच्छेद : **उपसंहार**

सन्दर्भग्रन्थसूची

परिशिष्ट

# दोस्रो परिच्छेद

# शालिग्राम गौतमको जीवनी

## २.१ जन्म र जन्मस्थान

शालिग्राम गौतमको जन्म वि.स. १९६३ साल चैत्र १५ गतेका दिन स्व. बुबा चन्द्रनिधि गौतम एवम् आमा चुमादेवी गौतमको कोखबाट काहिँला छोराका रूपमा रापती अञ्चल दाङ जिल्लाको हापुर गा.वि.स. वडा नं. ८ बगिया टोलमा भएको हो । आफ्ना बाबु–आमाको काहिँलो छोराका रूपमा जन्मिएका गौतमले सानो उमेरमा असाध्यै माया पाएका थिए । यिनको न्वारानको नाम गोपीनाथ हो भने गुरुले राखेको नाम शालिग्राम हो ।

## २.२ बाल्यकाल

दाङ् जिल्लाको सुरम्य वातावरणमा आफ्ना आमा-बुबा सबैको प्रशस्त माया पाएर गौतमको बाल्यकाल व्यतित भएको थियो । आठ वर्षको उमेरमा यज्ञोपवीत धारण गरेपश्चात् यिनले लघुकौमुदी र अमरकोषको अध्ययन घरमै गरेका थिए ।[१] यसरी संस्कृतका श्लोक एवम् सूत्रहरूको रटाइसँगै यिनको बाल्यकाल सुखपूर्वक बितेको थियो ।

## २.३ शिक्षादीक्षा

शालिग्राम गौतमले घरायसी अनौपचारिक शिक्षा, औपचारिक शिक्षा र स्वाध्ययन गरी तीन किसिमका शिक्षा प्राप्त गरेका थिए ।

### २.३.१ घरायसी अनौपचारिक शिक्षा

दाङ जिल्लाको प्रतिष्ठित परिवारमा जन्मिएका गौतमको प्रारम्भिक शिक्षा आफ्नै घरमा आफ्नै बुबाबाट भएको थियो ।[२] यिनले बुबाबाट लघुकौमुदी एवम् अमरकोषको अध्ययन गरेका थिए ।

### २.३.२ औपचारिक शिक्षा

शालिग्राम गौतमले घरमा रहँदा संस्कृत भाषाका प्रारम्भिक ग्रन्थहरूको अध्ययन गरेका थिए भने यसपछिका दिनहरूमा संस्कृत, हिन्दी, नेपाली आदि भाषाको औपचारिक रूपमा निकै गहिरिएर अध्ययन गरेको पाइन्छ । अध्ययनकै लागि गौतम चौध वर्ष टेकेपछि उदयपुर राज्यमा त्यहाँका ब्राह्मण राजा हरिप्रसाद उपाध्यायले स्थापना गरेको पाठशालामा

---

[१] शिवराज उपाध्याय, “प्रातस्मरणीय पूज्य भिनाजु प्रं. शालिग्राम गौतमज्यूको संस्मरणमा दुई शब्द” **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** दाङ : लेखक सङ्घ, २०५८, पृ. १८ ।

[२] रामेश्वर मजगैंया, “श्री पं. स्वर्गीय शालिग्राम गुरुज्यूको जीवनवृत्त” **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत, पृ. १३ ।

पढ्न गएका थिए ।[३] शालिग्राम गौतम १७ वर्ष लाग्दा काठमाडौँ आएर रानीपोखरी पाठशालामा भर्ना भएका थिए ।[४] पढाइ काठमाडौँमा भए पनि परीक्षा काशी गएर दिनुपर्ने त्यतिखेरको परिपाटी अनुसार उनले १९८६ सालको फागुनमा काशीबाट व्याकरण मध्यमा पास गरेका थिए ।[५] अर्को वर्ष उनले न्यायमध्यमा पनि उत्तीर्ण गरे ।[६] विद्याको व्यसन् अझै बढेको र आयुर्वेद विषय पढ्ने लालसा जागृत भएको हुँदा उनले काशीमै बसेर साहित्यका साथै आयुर्वेद शिक्षालाई अगाडि बढाउँदै १९९३ सालमा साहित्य एवम् आयुर्वेद विषयमा एकैसाथ द्वितीय श्रेणीमा आचार्यको उपाधि प्राप्त गरेका थिए ।[७]

दुई विषयमा आचार्य भइसकेपछि शालिग्राम गौतम स्वदेशमा फर्केर साहित्यको अध्यापन र आयुर्वेदको अनुशीलन एवम् अभ्यास गर्न चाहेका थिए तर काशीवास गरी बसेका बृद्ध आमा-बुबाको सेवा टहल गरी बस्नुपर्ने प्राथमिक कर्तव्यको कारणले गर्दा उनले अझै केही वर्ष बनारसमा नै बस्नुपर्ने अवस्था सृजना भयो ।[८] त्यहाँ विद्याव्यसनी शालिग्राम गौतमले ६ वर्ष लगाई १९९९ सालमा व्याकरणमा पनि गभर्नमेन्ट संस्कृत कलेजबाट आचार्य परीक्षा उत्तीर्ण गरेका थिए ।[९] यसरी संस्कृत, हिन्दी, नेपाली विषयको औपचारिक अध्ययन गरेका गौतममा उपर्युक्त भाषामा निकै राम्रो दखल पाइन्छ ।

**२.३.३ स्वाध्ययन**

शालिग्राम गौतमको स्वाध्ययनको क्षेत्र निकै फराकिलो छ । गौतमले संस्कृत, नेपाली, हिन्दी साहित्यमा विविध कृतिहरूको अध्ययन गर्नुको साथै कालिदासका अधिकांश काव्य तथा नाट्यकृतिको अध्ययन, त्यस्तै भारवि, वाण, माघ, श्रीहर्ष आदिका संस्कृत काव्यहरूको पनि गहन अध्ययन गरेका थिए । यसका अतिरिक्त यिनले ज्योतिष, कर्मकाण्ड जस्ता विषयको पनि राम्रो अध्ययन गरेका थिए ।[१०] अङ्ग्रेजी विषयमा पनि समयानुसार नजानी नहुने रहेछ भनी अङ्ग्रेजी विषयको पनि अध्ययन गरेका थिए ।[११] समग्रमा भन्नुपर्दा गौतमले पूर्वीय दर्शनको निकै राम्रो अध्ययन गरेका थिए ।

---

[३] शरदचन्द्र शर्मा भट्टराई, "शालिग्राम गौतम एक विस्मृत व्यक्तित्व", **कान्तिपुर कोसेली** (२०५० मंसिर १२), पृ. ख ।

[४] ऐजन ।

[५] ऐजन ।

[६] ऐजन ।

[७] ऐजन ।

[८] ऐजन ।

[९] ऐजन ।

[१०] टेकनाथ गौतम, "मेरा काहिंला दाई पं. शालिग्राम गौतम" **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. ७० ।

[११] कृष्णकान्त अधिकारी, "एक संस्मरणीय स्मरण" **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. ९ ।

## २.४ चूडाकर्म र उपनयन संस्कार

वैदिक परम्पराअनुसार चूडाकर्म बालक जन्मिएको एक दुई वर्षभित्रमा नै गर्ने गरिन्छ । शालिग्राम गौतमको चूडाकर्म बाबु चन्द्रनिधि गौतमबाट आठ वर्षको उमेरमा भएको थियो ।[१२] त्यसैदिनबाट गौतमले चण्डी, अमरकोषको अध्ययन शुरु गरेका थिए । त्यस्तै गरेर हिन्दू धर्म संस्कृति अनुसार मानव जीवनको विविध षोडश संस्कारहरूमध्ये उपनयन महत्त्वपूर्ण संस्कार मानिन्छ । उपनयनलाई ब्रतवन्ध पनि भनिन्छ । पूर्वीय विधानअनुसार छोरा मान्छेले ब्रतबन्ध अर्थात् उपनयन गरेपछि मात्र कर्म चल्छ भनिन्छ । यिनलाई गायत्री मन्त्र सुनाउने गुरु पनि बुबा चन्द्रनिधि गौतम नै थिए ।[१३] गौतमको आठ वर्षको उमेरमा उपनयन संस्कार भएको थियो ।

## २.५ विवाह

शालिग्राम गौतमको विवाह दाङका प्रसिद्ध विद्वान् डी.चेतनाथकी सात वर्षकी छोरी नर्मदादेवीका साथ वि.सं. १९८३ मा हिन्दू विधिविधानपूर्वक सम्पन्न भएको थियो ।[१४]

## २.६ सन्तान

गौतमका सन्तानहरूमा तीन छोरी र एक छोरासहित जम्मा चारजना छन् । त्यसमध्ये जेठी छोरी दुर्गादेवीको विवाह दश वर्षकै उमेरमा बकुलाही दाङका केदार आचार्यसित भएको थियो ।[१५] माहिली छोरी सावित्रा देवीको दोघयिमा दाङका धनेश्वर रेग्मीसित भएको थियो ।[१६] कान्छी छोरी राधिकादेवीको बाँसगढी दाङका शङ्करप्रसाद आचार्यसित भएको थियो । उनले साहित्यमा आचार्य पास गरी हाल उनी जनता संस्कृत माध्यमिक विद्यालयमा प्राध्यापनरत छिन् ।[१७] छोराहरू तीन भाइ भए पनि दुई भाइको मृत्यु भएको थियो । बाँकी एक छोरा शंकर गौतमको विवाह इन्दिरासँग भएको थियो ।

## २.७ आर्थिक अवस्था

स्व. चन्द्रनिधि गौतमका काहिंला पुत्र शालिग्राम गौतम सम्पन्न एवम् प्रतिष्ठित परिवारमा जन्मिएका थिए । उनले त्यतिखेरको समयमा पनि साहित्याचार्य, व्याकरणाचार्य र

---

[१२] रामेश्वर मजगैयाँ, "श्री पं. स्वर्गीय शालिग्राम गुरुज्यूको जीवनवृत्त" **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. १३ ।

[१३] ऐजन ।

[१४] टेकनाथ गौतम, "मेरा काहिंला दाइ पं. शालिग्राम गौतम", **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत, पृ. ४८ ।

[१५] उत्तमकृष्ण मजगैयाँ, "पं. शालिग्राम गौतमकी धर्मपत्नीसित केही कुराकानी", **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. २५ ।

[१६] ऐजन ।

[१७] ऐजन ।

आयुर्वेद विषयमा समेत आचार्य गरी निरन्तर कुनै पनि पेसामा संलग्न नभएर केवल अध्ययनमा नै रुचि लिएको देखिन्छ । सामान्य जागिरप्रति तत्परता नदेखाएका गौतम सकेसम्म अरू कसैको अधीनमा बस्न रुचाउँदैनथे । उनको आर्थिक अवस्था सम्पन्न नै थियो ।

## २.८ कार्य क्षेत्रमा प्रवेश र जागिरका क्षणहरू

शालिग्राम गौतमले बनारसमा बस्दा विद्यार्थीले घरबाट पैसा माग्नु अपमान जस्तो सम्झेर जीविकोपार्जन गर्ने कोसिस गरेका थिए । २००० सालतिर गौतमले बटुक नारायणसित सल्लाह गरी एउटा सूचीपत्र छपाएका थिए ।[१८] सूचीपत्रमा 'बनारसमा पाइने पुस्तक, पूजाका भाँडा, बनारसी साडी आदि सामानहरू हामीबाट मगाउनुहोस्, हामी सुपथ मूल्यमा पठाइदिन्छौँ' भनी लेखिएको थियो ।[१९] गौतमको कम्पनीको नाउँ र ठेगाना उद्धव एन्ड कम्पनी ब्रह्माघाट, बनारस थियो ।[२०] बटुकहरूको ठेगाना भट्टराई ब्रदर्स बडाबजार कलकत्ता थियो ।[२१] ती सूचीपत्र तान्जी, रङ्गुन, मणिपुर, इम्फाल, विष्णुपुर, दार्जिलिङ, सिलाङ, सिक्किम र देहरादुनमा पठाइए ।[२२] केही दिनपछि बराबर सामान मगाउन थालेका थिए । गौतमले मागअनुसार सामान किनेर पार्सलद्वारा उनीकहाँ पठाइदिने गर्थे र त्यहाँबाट पैसा आउँथ्यो ।[२३]गौतमको कम्पनीबाट कम्तीमा मासिक १० वटा सामानहरू मगाउँथे र त्यसबाट गौतमलाई महिनाको रु. डेढदुई सय आम्दानी हुन्थ्यो ।[२४] दुई, तीन वर्ष सो चलाएपछि गौतमले उक्त काम गर्न छाडेका थिए ।[२५]

त्यसैगरी माहिला गुरु हेमराज पाण्डेले गौतमलाई काठमाडौँको पाठशालामा पढाउन भनेका थिए तर गौतमको भनाइ 'मलाई मेरो योग्यतासरह हेडगुरुमुनिको ठाउँ दिनुपर्छ' भन्ने थियो ।[२६] गुरुले सोझै माथि लैजान मिल्दैन, चाँडो चाँडो बढुवा गरी माथि

---

[१८] टेकनाथ गौतम, "मेरा काहिंला दाइ पं. शालिग्राम गौतम", **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. ६५ ।

[१९] ऐजन, पृ. ६६ ।

[२०] ऐजन ।

[२१] ऐजन ।

[२२] ऐजन ।

[२३] ऐजन ।

[२४] ऐजन ।

[२५] ऐजन ।

[२६] ऐजन, पृ. ६९ ।

पुऱ्याइदिउँला भनेका थिए ।[२७] गौतम तल्लो तहमा काम गर्न लागे त एक दिन काम गरे पनि मेरो दर्जा तल्लो हुन्छ भनी मानेका थिएनन् ।[२८] गुरु हेमराजले माथिल्लो तहमा राख्नलाई राजाको प्रमाङ्गी चाहिन्छ, मौका पारेर प्रमाङ्गी गराइदिउँला भनेका थिए ।[२९] पाँच, सात महिनाजति आयुर्वेदको प्रमुखमा राखेका थिए । केही समयपछि गौतमलाई बुबाआमाका निम्ति बनारस आउनुपऱ्यो र सो पनि छोडिदिनुपरेको थियो ।[३०] गौतमको आन्तरिक मनसाय सकेसम्म कसैको अधीनमा नबस्ने हुनाले त्यतातिर फेरि लागेनन् ।[३१]

## २.९ भ्रमण

शालिग्राम गौतम अध्ययनको क्रममा जुनजुन ठाउँ गएका थिए, त्यसत्यस ठाउँको भ्रमण राम्रोसँग गरेका थिए । उनी सर्वप्रथम अध्ययनको क्रममा काठमाडौँ आएका थिए । त्यसै समयमा उनले काठमाडौँका विविध स्थलहरू घुमेका थिए । त्यसपछि अध्ययनकै क्रममा उनी बनारस पुगे । त्यसै समयमा उनले बनारसका प्रत्येक गल्लीहरू चाहारेका थिए । बनारसका प्रत्येक ठाउँहरूको भ्रमण त्यसैबेला नै गरेका थिए ।

## २.१० सामाजिक कार्यहरू

शालिग्राम गौतम अध्ययनको क्रममा बनारस गएको समयमा धर्मशाला र छात्रावास बनाउने निर्माण समिति गठन गरेका थिए । त्यसमा उनी सदस्य भएर बुबालाई पैसा सहयोग गर्न लगाई एक वर्षजति काम गरेका थिए ।[३२] जुन आजभोलिको मङ्गला मौरी धर्मशाला र छात्रावास बनाएका थिए ।[३३]

गौतमले दाङमा पद्मोदय पब्लिक हाइस्कुलको स्थापना भएपछि त्यसलाई त्यो समयको ठूलै मानिने भा.रु. ५०० दिएका थिए । प.प. हाइस्कुलको गैराको खेत गौतमले नै दिएका थिए ।[३४] त्यसैगरी दाङ हापुरमा केही पैसा आफूले र केही पैसा अरूबाट चन्दा मागेर

---

[२७] ऐजन ।

[२८] ऐजन ।

[२९] ऐजन ।

[३०] ऐजन ।

[३१] ऐजन ।

[३२] ऐजन, पृ. ७६ ।

[३३] ऐजन ।

[३४] ऐजन ।

हालको श्री मा.वि. हापुर निघुवारको पूर्वरूप प्राथमिक स्कुल डुँडे भन्ने ठाउँनेर २००५ साल चैत्र १५ गते खोलेका थिए ।[३५]

## २.११ रुचि

कुनै पनि व्यक्तिको रुचिका आधारमा नै उसको व्यक्तित्व निर्माण हुन्छ । बाल्यकालदेखि नै अध्ययनपट्टि रुचि भएका गौतम विशेष गरेर संस्कृत शास्त्रहरूको अध्ययन गर्न पाउँदा आफूलाई गौरवान्वित ठान्दथे । संस्कृतशास्त्रहरूमा पनि विशेष गरेर व्याकरण, साहित्य र आयुर्वेद शास्त्रमा गौतमको अत्यन्तै रुचि देखिन्छ । आधुनिकताका नाममा भित्रिएको तडक–भडक पटक्कै मन नपराउने गौतम सादा जीवन र उच्च विचार लिएर सबैको अगाडि राम्रो भई बाँच्न चाहन्थे । खानपिनका सम्बन्धमा विहान–बेलुका स्नान सन्ध्या गरी कपडा फेरेर शुद्ध भई पकाएको नेपाली खाना विशेष गरेर गौतमको प्रिय देखिन्छ । फुर्सदको समयमा विभिन्न दार्शनिक, साहित्यिक, व्याकरणिक ग्रन्थहरूको अध्ययन गर्ने गर्दथे । साथसाथै विविध जडीबुटीहरू कुटेर आयुर्वेदेकि अभ्यास एवम् आयुर्वेदिक औषधी निर्माणमा पनि सक्रिय रहन्थे । आफ्नो परम्परा र सनातन हिन्दू धर्मप्रति अत्यन्तै आस्था राख्ने गौतम 'मान्छे जतिसुकै प्रगतिशील हुँ भने पनि ऊ परम्परावादी नै हो' भन्ने विचार राख्दथे । जात-भात र छुवा-छुतका सम्बन्धमा उनी आफ्नो परम्परा त्याग्नु हुँदैन भन्ने विचारका थिए । गौतमले राजनीतितिर भने त्यति ध्यान दिएको देखिँदैन ।

गौतमलाई मनपर्ने स्वदेशी विद्वान्हरूमा सोमनाथ सिग्द्याल, कुलचन्द्र गौतम हुन् ।[३६] भारतीय विद्वान्हरूमा श्रीहर्ष, जगन्नाथ हुन् भने पाश्चात्य विद्वान्मा सेक्सपियर हुन् ।

## २.१२ लेखनका निम्ति प्रेरणा र प्रभाव

शालिग्राम गौतमको पारिवारिक वातावरण नै अध्ययन अनुकूल भएकोले सानै उमेरदेखि नै यिनमा पढाइप्रति रुचि बढ्दै गरेको देखिन्छ । सर्वप्रथम यिनमा लेखन कार्यको लागि भक्तिराम अधिकारीको प्रभाव परेको एवम् संस्कृत साहित्यका कालिदास, भारवि, वाण आदिका कृतिहरूबाट पनि उनलाई लेखन कार्यमा लाग्नका लागि प्रशस्त प्रेरणा मिलेको थियो ।

---

[३५] ऐजन ।

[३६] शरदचन्द्र शर्मा भट्टराई, "शालीग्राम गौतम एक विस्मृत व्यक्तित्व", **कान्तिपुर कोसेली** (२०५० मंसिर १२), पृ. ख ।

## २.१३ लेखन कार्यको प्रारम्भ

नेपाली साहित्यको मूलभूत रूपमा पद्य-विधामा कलम चलाउने र आंशिक रूपमा गद्य विधामा पनि कलम चलाउने गौतमले आफ्नै पारिवारिक वातावरण, आदरणीय गुरुहरू र प्रतिष्ठित विद्वान् व्यक्तिहरूबाट प्रेरित भई लेखन कार्य थालेका हुन् । उनले सानै उमेरदेखि नै कविता लेख्न सुरु गरेका थिए । यद्यपि यिनको पहिलो प्रकाशित रचना भने वि.सं. १९९२ सालमा छापिएको **शाहवंशचरित** काव्य हो । यसरी गौतममा मूलभूत रूपमा कविता लेख्न गुरु र विद्वान् व्यक्तिहरूबाट एवम् समयको आवश्यकताले नै उनलाई प्रेरित गरेको पाइन्छ ।

## २.१४ प्रथम प्रकाशित पुस्तकाकार कृति

गौतमको प्रथम प्रकाशित पुस्तकाकार कृति **शाहवंशचरित** (वि.सं. १९९२) हो ।[३७] प्रारम्भमा गौतमले **श्री ५ हरूको वंशावली** नामक ऐतिहासिक काव्य लेखेर एक प्रति दिव्यदेव पन्तलाई दिएर एकप्रति आफैले राखेका थिए ।[३८] दिव्यदेव पन्तले **श्री ५ हरूको वंशावली** का केही श्लोकहरू र अरू कसैले लेखेका केही श्लोकहरू मिलाएर **शाहवंश चरित**को नामले छपाएका थिए ।[३९]

## २.१५ रचनाको मुख्य क्षेत्र र प्रकाशित पुस्तकाकार कृतिहरूको सूची

गौतम संस्कृत र नेपाली भाषाका दीर्घसाधक हुन् । उनका रचनाहरू संस्कृत र नेपाली दुवै भाषामा छन् । प्रकाशित पुस्तकाकार कृतिहरूका अतिरिक्त यिनमा अनेकौं फुटकर रचनाहरू विभिन्न पत्रिकामा छरिएर रहेका छन् । गौतमले नेपाली साहित्यको क्षेत्रमा मूलभूत रूपमा फुटकर कविता तथा काव्य फाँटमा आफ्नो कलम चलाएका छन् । यिनका प्रकाशित पुस्तकाकार कृतिहरू यसप्रकार छन् :

१. **शाहवंश चरित** (वि.सं. १९९२)

२. **रामाश्वमेधकाण्ड** (वि.सं. १९९३)

३. **श्री ५ हरूको वंशावली** (पं. शालिग्राम गौतम स्मृति ग्रन्थ लेखक संघ, दाङ, २०५८)

---

[३७] निर्मला शर्मा, **दाङ जिल्लाका कवि र तिनका कविताकृतिको अध्ययन,** अप्रकाशित शोधपत्र, २०५९, पृ. ३४ ।

[३८] सुशील गौतम, "श्री ५ हरूको वंशावलीको यथासम्म नालीबेली" **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत, पृ. ७८ ।

[३९] ऐजन ।

उपर्युक्त कृतिहरूका अतिरिक्त गौतमका पत्रपत्रिका एवम् कृतिहरूमा छरिएर रहेका पद्य रचनाहरू यसप्रकार छन् :

| क्र.सं. | शीर्षक | विधा | प्रकाशन स्रोत |
|---|---|---|---|
| १ | उदयको उद्देश्य | कविता | उदय (वर्ष १, अंक १, १९९३) |
| २ | जयन्ती महोत्सव | कविता | उदय (वर्ष १, अंक २, १९९३) |
| ३ | राजाको कविता | कविता | पं. शालिग्राम गौतम स्मृति ग्रन्थ, लेखक सङ्घ, दाङ, २०५८ |
| ४ | भैँसीको बखान | कविता | पं. शालिग्राम गौतम स्मृति ग्रन्थ, लेखक सङ्घ दाङ, २०५८ |
| ५ | पीतेन्द्र शोकोद्गार | कविता | पं. शालिग्राम गौतम स्मृति ग्रन्थ, लेखक सङ्घ दाङ, २०५८ |

## २.१६ सम्मान तथा पुरस्कार

वि.सं. २००० तिर अयोध्यातिरका कुनै दुई जना साधुहरूले जुद्धशमशेरसित धर्मसम्बन्धी केही कुरा सोध्दा शालिग्राम गौतमले नै राम्ररी चित्त बुझाइदिएका थिए र त्यही उपलक्ष्यमा जुद्धशमशेरले गौतमलाई पुरस्कार दिई सम्मान गरेका थिए ।[४०] गौतमले वनारसका विभिन्न साहित्यिक प्रतियोगितामा भाग लिएर पुरस्कृत पनि भएका थिए ।

## २.१७ मृत्यु

शालिग्राम गौतमको मृत्यु वि.सं. २००५ चैत्र महिनाको शुक्ल पक्ष दशमी तिथिका दिन मुसोटखोलाको बेलका रुखमुनि भएको थियो । उनी एकाएक बिरामी परेका थिए ।त्यो बेला यातायातको साधनहरू केही थिएनन् । मानिसहरूबाट नै खटियामा बोकाएर लानु पर्थ्यो । उनकै आज्ञाअनुसार उपचारको लागि बनारस लैजाँदै गर्दा मुसोटखोलामा नै उनको मृत्यु भएको थियो । उक्त स्थानमा उनका छोरा शङ्कर गौतम एवम् नातीहरू राजीव गौतम, सुमन गौत्म र सुदीप गौतमले उनको स्मरणमा खानेपानी र धाराको निर्माण गरेका छन् । कविराज भएर शालिग्राम गौतमले आफ्नो औषधोपचारबाट कतिलाई जीवन दिए परन्तु अहिलेको दृष्टिबाट सामान्य मानिने मलेरिया ज्वरोबाट ४२ वर्षको उमेरमा उनको मृत्यु भयो ।

[४०] टेकनाथ गौतम, "मेरा काहिंला दाइ पं. शालिग्राम गौतम" **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत, पृ. ६९ ।

# तेस्रो परिच्छेद

# शालिग्राम गौतमको व्यक्तित्व

## ३.१ व्यक्तित्वका प्रमुख पाटाहरू

मान्छेको व्यक्तित्व उसका जीवनमा आइपर्ने उतारचढाव, पीरवेदना, क्रियाप्रतिक्रियाबाट निर्धातिर भएको हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, धार्मिक, राजनीतिक पक्षको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सहज र स्वाभाविक गुणले वैयक्तिक व्यक्तित्वको निर्माण गर्दछ भने सिर्जनशील र सामाजिक कार्यहरूले सार्वजनिक व्यक्तित्व निर्माण गरेको हुन्छ । व्यक्तित्वका दृष्टिकोणले हेर्दा शालिग्राम गौतममा मूलभूत रूपमा दुई किसिमका व्यक्तित्व भेटाउन सकिन्छ : साहित्यकार व्यक्तित्व र साहित्येतर व्यक्तित्व । साहित्यकार व्यक्तित्व अन्तर्गत उनमा स्रष्टा र द्रष्टा दुवै किसिमका व्यक्तित्व पाउन सकिन्छ भने अन्वेषण, अनुसन्धान एवम् साहित्येतर कृतिलेखनमा पनि यिनको कलम चलेको छ । गौतमलाई दार्शनिक शास्त्रीय चिन्तक, सामाजिक, कविराज एवम् बहुभाषिक व्यक्तित्वका रूपमा पनि हेर्न सकिने हुनाले उनी बहुमुखी प्रतिभा हुन् ।

## ३.२ शारीरिक व्यक्तित्व र स्वभाव

शालिग्राम गौतम अग्ला, मोटा, ठिक्कका आँखा, गोरो वर्ण, गम्भीर भएर रहन मन पराउने, अग्लो जिउडाल, हृष्टपुष्ट निकै सुन्दर अनुहारका थिए ।[४१]उनको शारीरिक व्यक्तित्व सरल, शान्त एवम् आकर्षक थियो । व्यवहारमा अति मिलनसार, मिथ्या प्रशंसा गर्न नरुचाउने गौतमको स्वभावमा आडम्बरीपना पाइँदैन । संयम र सदाचारलाई जीवनको मूल मन्त्र बनाउने गौतम निडर स्वभावका देखिन्थे । शुद्ध सन्तुलित आहार ग्रहण गर्ने उनी आन्तरिक रूपमा आध्यात्मिकताप्रति अत्यन्तै श्रद्धा राख्ने गौतम बाह्य रूपमा एक कुशल गृहस्थी हुन् । उनी सरल, मृदुभाषी हुनुको साथै साना ठूला सबैमा यथायोग्य वार्तालाप र सद्भावना राख्ने, अहङ्काररहित, चोखो हृदय हुनुको कारणले प्रायशः सबैले उनलाई सम्मानको दृष्टिले पनि हेर्ने गर्दथे ।[४२]

[४१] उत्तमकृष्ण मजगैयाँ, "पं. शालिग्राम गौतमकी धर्मपत्नीसित केही कुराकानी" **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. २६ ।

[४२] देवराज उपाध्याय, "सम्माननीय दाजी पं. शालिग्राम गौतमज्यूको सम्झनामा" **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. ८३ ।

### ३.३ साहित्यकार व्यक्तित्व

शालिग्राम गौतम १९९२ सालमा **शाहवंश चरित** काव्य लिएर नेपाली साहित्यको फाँटमा औपचारिक रूपमा उदाएका हुन् ।[४३] यसरी उनको साहित्यिक यात्रा काव्यबाट सुरु भएको र कविताको क्षेत्रमा पनि सर्वाधिक रुचि देखाएका छन् । उनका साहित्यिक कृतिहरूमा हालसम्म काव्यात्मक कृतिहरू प्रकाशित छन् भने फुटकर कविता पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।[४४] समालोचनाको क्षेत्रमा चाहिँ केही मात्र रुचि देखाएका छन् । साहित्यको सृजना र समालोचनामा कलम चलाउने गौतमको यही साहित्यिक व्यक्तित्वलाई यहाँ प्रस्तुत गरिन्छ ।

#### ३.३.१ स्रष्टा व्यक्तित्व

शालिग्राम गौतमका सृजना व्यक्तित्वका पनि विभिन्न पाटाहरू छन् । उनको साहित्यिक यात्रा काव्यबाट सुरु भएको पाइन्छ । उनका नेपाली भाषामा लेखिएका तीनवटा काव्यहरू छन् ।

शालिग्राम गौतम साहित्यको सृजना विधामा काव्यकार एवम् कवि पनि हुन् । उनका नेपाली भाषामा लेखिएका विविध कविताहरूमध्ये पाँचवटा कविताहरू प्रकाशित भएका छन् ।

कथा, उपन्यासका फाँटमा गौतमको कलम चलेको छैन भने  समालोचनाको क्षेत्रमा चाहिँ केही नमुनाका रूपमा मात्र कलम चलेको छ । त्यसैले उनको सृजना विधा अन्तर्गतको काव्यकार एवम् कवि व्यक्तित्वको यहाँ प्रस्तुत गरिन्छ ।

##### ३.३.१.१ काव्यकार व्यक्तित्व

शालिग्राम गौतम साहित्यको सृजना विधामा मूलभूत रूपमा काव्यकार हुन् । गौतमले नोपली भाषामा काव्यको रचना गरेका छन् ।

गौतमका तीनवटा काव्यहरू छन् । यिनका काव्यहरूमध्ये सर्वप्रथम प्रकाशित काव्य **शाहवंश चरित** हो ।

शालिग्राम गौतम प्राथमिक कालका एक सशक्त काव्यकार हुन् । साहित्यको काव्यका क्षेत्रमा अग्रणी छन् । उनका काव्यहरू अध्ययनमूलक एवम् चिन्तनमूलक छन् । महाकाव्यको

[४३] निर्मल शर्मा, **दाङ जिल्लाका कवि र तिनका कविताकृतिको अध्ययन**, अप्रकाशित शोधपत्र, २०५९, पृ. ३४ ।

[४४] उत्तमकृष्ण मजगैयाँ, "पं. शालिग्राम गौतमकी धर्मपत्नीसित केही कुराकानी", **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. २० ।

विकासमा गौतमका काव्यहरूले निकै ठूलो सहयोग पुऱ्याएका छन् । अध्ययनको प्रचुरता एवम् चिन्तनको व्याप्ति उनका काव्यगत विशेषता हुन् ।

शालिग्राम गौतम मूलभूत रूपमा ऐतिहासिक एवम् पौराणिक काव्यकार हुन् । यिनका काव्यहरूमा शैलीगत सचेतता, भाषिक प्रौढता एवम् सुगठित विषयवस्तु पाउन सकिन्छ । यिनका काव्यहरूले पूर्वीय आध्यात्मिकताप्रति आस्था प्रकट गरेका छन् भने अध्ययनमूलक काव्यहरूले बौद्धिक वर्गलाई खुराक प्रदान गरेका छन् ।

#### ३.३.१.२ कवि व्यक्तित्व

शालिग्राम गौतम साहित्यको सृजना विधामा मूलभूत रूपमा कवि पनि हुन् । गौतमले नेपाली र संस्कृत भाषामा कविताको रचना गरेका छन् ।

गौतमका नेपालीमा पाँचवटा कविताहरू छन् । यिनका कविताहरूमध्ये सर्वप्रथम प्रकाशित कविता 'उदयको उद्देश्य' हो ।[४५] उनी साहित्यका काव्य विधामा जस्तै कविताको क्षेत्रमा पनि अग्रणी छन् । उनका कविताहरू अध्ययनमूलक एवम् चिन्तनमूलक छन् । यिनका कविताहरूमा शैलीगत सचेतता, भाषिक प्रौढता एवम् सुगठित विषयवस्तु पाउन सकिन्छ ।

गौतमले संस्कृतमा पनि केही कविताहरू लेखेका छन् । करुणाकर पनेरूले गौतमलाई संस्कृत कविता पद्यमा लेखिदिन आग्रह गर्दा उनले ६०/६५ श्लोकमा कविता लेखिदिएका थिए ।[४६]

### ३.३.२ द्रष्टा व्यक्तित्व

शालिग्राम गौतम केवल सिर्जनशील स्रष्टा मात्र नभएर केही नमुनाका रूपमा द्रष्टा पनि हुन् । यिनले **गङ्गा गौरव** संस्कृत रचनाको अध्ययन र विश्लेषण (समीक्षा) गरेका छन् ।[४७]

#### ३.३.२.१ अन्वेषक तथा समालोचक व्यक्तित्व

शालिग्राम गौतमले सात दिन जति मिहिनेत गरी कुलचन्द्रले लेखेको **गङ्गा गौरव** को समीक्षा गरेका छन् । जसमा वाल्मीकि र कालिदासका पद्यसित तुलना गर्दै पहिले लेख्ने वाल्मीकि र दोस्रो कालिदासभन्दा पनि कुलचन्द्रका कविता प्रशंसनीय भएर पनि समयका

---

[४५] उत्तमकृष्ण मजगैयाँ, "पं. शालिग्राम गौतमकी धर्मपत्नीसित केही कुराकानी", **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. २० ।

[४६] टेकनाथ गौतम, "मेरा काहिंला दाइ पं. शालिग्राम गौतम", **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत, पृ. ६१ ।

[४७] ऐजन ।

दृष्टिले उनी तेस्रा नै मानिए भनी समीक्षा गरेका छन् ।[४८] गौतमका केही नमुनाको रूपमा देखापरेको समालोचनात्मक लेखहरूमा वा (समीक्षामा) तार्किकता, स्पष्टवादिता, उच्च मूल्याङ्कन एवम् बौद्धिकता पाउन सकिन्छ । यसरी गौतमको समालोचक व्यक्तित्व साहित्यका अन्य पक्षभन्दा धेरै भन्दा धेरै कम मौलाएको छ । उनको समालोचक व्यक्तित्व भनेको नमूना मात्र हो ।

### ३.४ साहित्येतर व्यक्तित्व

शालिग्राम गौतमले साहित्यिक विधाका अतिरिक्त व्याकरण, कर्मकाण्ड, शिक्षण, समाजसेवा, कविराज तथा धार्मिक चेतना फैलाउने काममा पनि महत्त्वपूर्ण भूमिका खेलेका थिए ।

### ३.४.१ व्याकरणकार व्यक्तित्व

गौतमलाई मनपर्ने विषयमध्ये व्याकरण पनि एक हो । उनले व्याकरण विषयमा आचार्य पास गरेका थिए । व्याकरणको विषयमा उनले हाल  हामीले पाणिनीले महादेवबाट पाएका भन्ने सूत्र ती भन्दा अघिका व्याकरणमा पनि पाइने र केवल खुट्टा काटेका अक्षरको मात्र फरक रहेको एवम् ऐ–औचका ठाउँमा ऐ–औल पाइन्छ’ भनी केही चर्चा गरेको पाइन्छ ।[४९] त्यसैगरी ‘सुवादी विभक्ति पनि पहिलेका व्याकरणकारका अनुकरण हुन्’ भनी टिप्पणी गरेका छन् । उनको व्याकरणको महाभाष्यसम्बन्धी अप्रकाशित अपूर्ण आलेख रहेको छ ।

### ३.४.२ शिक्षक व्यक्तित्व

शालिग्राम गौतमले बनारसमा बस्दा विद्यार्थीहरूलाई पढाएका थिए ।[५०] बिजौरीका मजगैयाँहरूले गौतमलाई आफूले राखेको पाठशालामा पढाउनको लागि आग्रह गर्दा मैले धेरै पढ्नु छ भनी त्यस आग्रहलाई अस्वीकार गरेको पाइन्छ । उनको रुचि भनेको शिक्षण पेशामा लाग्नुभन्दा नयाँ-नयाँ पुस्तकहरूको अध्ययन गरी विद्वान् बन्नु रहेको थियो । तसर्थ उनले शिक्षण पेसालाई निरन्तर रूपमा अवलम्बन गरेको देखिदैन । उनको केबल रुचि भनेको शिक्षक बन्नुभन्दा पनि स्वाध्ययनलाई नै बढी जोड दिन्थे ।

---

[४८] ऐजन ।

[४९] ऐजन, पृ ७१ ।

[५०] ऐजन, पृ. ६९ ।

### ३.४.३ बहुभाषी व्यक्तित्व

शालिग्राम गौतमको मातृभाषा नेपाली हो । उनले अक्षरारम्भदेखि नै संस्कृतका प्रारम्भिक ग्रन्थहरूको अध्ययन सुरु गरेका थिए । उनले काशीबाट साहित्यमा आचार्य पास गरेका थिए । त्यसैगरी आयुर्वेद एवम् व्याकरणमा पनि आचार्य परीक्षा उत्तीर्ण गरेका थिए । त्यसैले गौतम संस्कृत भाषामा लेख्न र बोल्न राम्रोसँग जान्दथे भने अङ्ग्रेजी भाषासम्बन्धी ज्ञान पनि उनले हासिल गरेका थिए । त्यस्तै हिन्दीमा पनि यिनी राम्रैसँग बोल्न र लेख्न सक्दथे । नेपाली मातृभाषा पनि भएकोले नेपाली भाषामा त उनको निकै राम्रो दख्खल थियो । समग्रमा उनले संस्कृत, नेपाली, हिन्दी, अङ्ग्रेजी भाषा जानेको भए पनि भाषिक निपुणता भने संस्कृत र नेपालीमा देखिन्छ ।

### ३.४.४ धार्मिक, सामाजिक व्यक्तित्व

शालिग्राम गौतमको पारिवारिक पृष्ठभूमि धार्मिक प्रवृत्तिको थियो । त्यही पृष्ठभूमिबाट प्रारम्भ भएको उनको जीवनमा पनि विभिन्न धार्मिक परिवेशले प्रशस्त प्रभाव पारेको थियो । सानै उमेरदेखि संस्कृत पढ्नाले र आफ्ना पिताको धार्मिक समाजसेवी व्यक्तित्वको गहिरो छाप पर्नाले पनि यिनमा क्रमशः धार्मिक तथा सामाजिक व्यक्तित्व उद्बुद्ध हुँदै गएको थियो । गाउँघरमा धार्मिक प्रवचन गर्नु, धार्मिक चेतना जागृत गराउनु जस्ता काम गौतमले गरेका थिए । सबैले उनलाई पण्डित भनी मान गर्थे र ठूला-ठूला मानिसहरू भेट गर्न आएर पूजा तथा पुराणमा प्रमुख वाचक पनि बनाएका थिए ।[५१] वि.सं. १९९१ तिर जुद्धशमशेरले लगाएको कोटिहोममा गौतम गएका थिए ।[५२] यसका अतिरिक्त वि.सं. १९९५ तिर बनारस भुलनपुरामा चन्द्रशमशेरकी पत्नीले लगाएको कोटिहोममा उनी दोस्रो आचार्य भएका थिए ।[५३] यसरी धार्मिक, सामाजिक कार्यहरूप्रति पनि गौतमको व्यक्तित्व लम्किएको थियो ।

### ३.४.५ ज्योतिषी व्यक्तित्व

शालिग्राम गौतमले ज्योतिष विषयको पनि राम्रो ज्ञान हासिल गरेका थिए । ज्योतिषमध्ये फलित ज्योतिषमा उनको राम्रो ज्ञान थियो ।[५४]

### ३.४.६ कविराज व्यक्तित्व

गौतमले आयुर्वेद विषयमा आचार्य गरेका थिए । यिनको प्रिय विषय पनि आयुर्वेद नै थियो । गौतमले धेरैजसो समय आयुर्वेदिक जडीबुटीको खोजी र औषधी निर्माणमा

---

[५१] शिवराज उपाध्याय, "प्रातस्मरणीय पूज्य भिनाजु पं. शालिग्राम गौतमज्यूको संस्मरणमा दुई शब्द," **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. २३ ।

[५२] टेकनाथ गौतम, "मेरा काहिँला दाइ पं. शालिग्राम गौतम", **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. ७५ ।

[५३] ऐजन, पृ. ७६ ।

[५४] ऐजन, पृ. ६६ ।

बिताउँथे ।[५५] उनी स्वनिर्मित औषधी प्रायः निःशुल्क र केहीको परल मूल्य लिएर वितरण गर्दथे ।[५६] औषधोपचारको व्यवस्था नभएको समयमा उनीबाट प्राणरक्षक सेवा पाएका स्थानीय जनताले उनको गुणगान गाउने गर्दथे ।[५७] यसैले दाङ र आसपासका मानिसहरूले गौतमलाई एउटा ठूला कविराजको रूपमा चिन्ने गर्थे र सोही रूपमा सम्मान पनि गर्दथे ।[५८] यसरी गौतमको कविराज व्यक्तित्व पनि निकै प्रौढ एवम् परिपक्व भएको थियो ।

### ३.४.७ दार्शनिक चिन्तन व्यक्तित्व

गौतमले निरन्तर विविध शास्त्रहरूको अध्ययन गर्दथे ।[५९] उनले शास्त्रीय चिन्तनमा पनि बढी समय बिताउँथे ।[६०] बौद्धिक क्रीडा मन पराउने गौतमको दार्शनिक व्यक्तित्व केही मात्र अगाडि बढेको थियो ।

## ३.५ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनकाबीच अन्तरसम्बन्ध

शालिग्राम गौतमको ४२ वर्षको छोटो जीवन साहित्यिक, सामाजिक, शैक्षिक, धार्मिक परिवेशको भोगाइमा बितेको थियो । यही छोटो अवधिको जीवन भोगाइमा आफूले अनुभव गरेका सरल–जटिल परिस्थिति एवम् विभिन्न भाषाका ग्रन्थहरूको अध्ययनबाट प्राप्त ज्ञानले उनको साहित्यिक व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याएको थियो । गौतमले आफ्नो जीवनको धेरैजसो समय अध्ययनमा नै बिताएका थिए । त्यस अध्ययनशील जीवनले उनको सिङ्गो साहित्यिक लेखनलाई डोऱ्याएको थियो । उनको साहित्यिक व्यक्तित्वमा मूलतः काव्य र कविता एवम् साहित्येतर व्यक्तित्वमा कविराज व्यक्तित्व समधर्मी रूपमा अघि बढेको देखिन्छ । उनका साहित्यिक कृतिहरूमा हाम्रो आर्यसभ्यताप्रति आस्था, राजा एवम् राजसंस्थाप्रति श्रद्धा साथै देशप्रेमका भावनाहरू पोखिएका पाइन्छन् । साहित्यको उद्देश्य धर्म, अर्थ एवम् समाजलाई शिक्षा प्रदान गर्नु हो भन्ने गौतमको विद्वत् व्यक्तित्व साहित्यमा जताततै सल्बलाएको पाइन्छ । आफ्नो बुबा एवम् गुरुहरूको प्रोत्साहन नै उनका साहित्य लेखनका प्रेरक तत्त्व हुन् । संस्कृतमय पारिवारिक वातावरण, जीवन भोगाइका उकाली-ओराली, अग्रजहरूको प्रेरणा एवम् नेपाली साहित्यका विषयमा खड्किँदो अभाले नै उनको

[५५] शरदचन्द्र शर्मा भट्टराई, “शालिग्राम गौतम एक विस्मृत व्यक्तित्व”, **कान्तिपुर कोसेली** (२०५० मंसिर १२), पृ. ख ।

[५६] ऐजन ।

[५७] ऐजन ।

[५८] ऐजन ।

[५९] कृष्णकान्त अधिकारी, “एक संस्मरणीयको स्मरण”, **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ ९ ।

[६०] काशिनाथ सुवेदी, “मेरा समकालीन विद्वान् पं. शालिग्राम गौतम जी” **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. ७ ।

साहित्यिक लेखनमा सक्रियता प्रदान गरेको हो । गाउँले एवम् सहरीया दुबै किसिमका सामाजिक जीवन भोगिसकेका गौतमका काव्य एवम् कविताहरूमा प्रकृतिप्रेम, देशप्रेम एवम् ग्रामीण सहजताप्रतिको उन्मुखता पाइन्छ । जीवनका विभिन्न समयले उनलाई काव्य एवम् कविता लेखनतर्फ उन्मुख गरायो । त्यस्तै जीवनमा आइपर्ने आवश्यकताले पनि उनलाई कविराजतर्फ उन्मुख गरायो । यसरी गौतमको जीवनको लगभग एक दशकजति समय लेखन कार्यमा बितेको पाइन्छ । जोश र जाँगर लिई साहित्य एवम् कविराज साधनामा तल्लीन रहने र खोज अन्वेषणमा पनि लागिरहने शालिग्राम गौतमको जीवनी, व्यक्तित्व र साहित्य लेखनबीच अन्तरसम्बन्ध स्थापित भएको देखिन्छ ।

## चौथो परिच्छेद

## शालिग्राम गौतमका कृतिहरूको विश्लेषण

### ४.१ महाकाव्यकारका रूपमा शालिग्राम गौतम र उनको 'रामाश्वमेधकाण्ड' महाकाव्यको अध्ययन

नेपाली साहित्यमा शालिग्राम गौतमले **रामाश्वमेधकाण्ड** काव्य लेखेर ठूलो योगदान पुऱ्याएका छन् । उनले पौराणिक विषयवस्तुमा आधारित काव्य सृजना गरेर नेपाली साहित्यको भण्डारलाई उर्वर तुल्याउनुको साथै पुराणको विशालताभित्र छिपेको रामचरित्रलाई नै नेपाली पाठकसामू प्रस्तुत गरेका छन् ।

शालिग्रामको **रामाश्वमेधकाण्ड** प्रकाशनको स्थितिलाई हेर्दा उनको काव्य शिवप्रताप राघोराम (गोरखा पुस्तकालय मालिक) द्वारा वि.सं. १९९३ मा बनारसबाट छापिई प्रकाशित भएको थियो ।[६१]

सर्वहितैषी कम्पनीका मालिक शिवप्रसाद राघोरामले १५ दिन भित्रमा **रामाश्वमेधकाण्ड** लेखिदिनको लागि आग्रह गर्दा कवि गौतमले १२/१३ दिनमा नै **रामाश्वमेधकाण्ड** लेखिदिएका थिए ।[६२] यसै आधारमा उनमा नेपाली साहित्यको आशुकवित्व रहेको मान्न सकिन्छ । कवि गौतमले कुनै मूल ग्रन्थबाट शब्दशः अनुवाद भने गरेका होइनन् । उनले **पद्मपुराण** पाताल खण्डको १ देखि ६८ अध्यायसम्मका जम्मा ४३०९ श्लोकमा वर्णित अश्वमेध यज्ञ वर्णनको कथानक नै प्रस्तुत **रामाश्वमेधकाण्ड** रामायणको उपजीव्य रहेको छ ।[६३] संस्कृत-साहित्यका महाकविहरूले **रामायण** एवम् **महाभारत**का कथाहरूलाई उपजीव्य बनाएर काव्य, नाटक लेखे जस्तै कथासूत्रलाई मात्र लिएर कवि शालिग्राम गौतमले आफ्नो बुद्धिप्रतिभाद्वारा मौलिक रचना रचेका हुन् ।

**रामाश्वमेधकाण्ड**को अन्तमा उल्लेख भएको "उति शुभ अनुवादै गर्दिये स्पष्ट मैंले" भन्ने वाक्यको अर्थ छायानुवाद नभएर भगवान् रामको गुणानुवाद हो किनभने अन्तिम श्लोकमा उल्लेख भएको "अतिशय रघुनाथ्मा भक्ति बढ्नै गएर" भन्ने पङ्क्ति अनुसार भगवान् रामको भगवद् भक्ति नै हो ।[६४]

---

[६१] शरदचन्द्र शर्मा भट्टराई "शालिग्राम गौतम एक विस्मृत व्यक्तित्व', **कान्तिपुर कोसेली** (२०५० मंसिर १२), पृ. ख ।

[६२] उत्तमकृष्ण मजगैयाँ, **प्रवाह,** दाङ : लेखक सङ्घ, २०५४, पृ. ४५ ।

[६३] स्थानेश्वर गौतम, "पं. शालिग्राम गौतम–कृत रामाश्वमेध काण्ड : संक्षिप्त समीक्षण", **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. ४१ ।

[६४] ऐजन, पृ. ३९ ।

यसरी गौतमको **रामाश्वमेधकाण्ड पद्मम्पुराण**मा वर्णित 'अश्वमेधयज्ञ' वर्णनलाई नै आधार मानेर तयार पारिएको मौलिक काव्य हो । यस काव्यलाई महाकाव्यको तत्त्वको आधारमा विश्लेषण गरिन्छ ।

### ४.१.१ शीर्षक

काव्यको नामाकरण प्रायः काव्यगत मुख्य विषयवस्तु, नायक-नायिका वा पात्रविशेषका नामबाट गरिएको हुन्छ । जुन पूर्वीय महाकाव्यकै सिद्धान्तमा आधारित छ । काव्यको शीर्षकबाट त्यसमा निहित कथानक, घटना वा पात्रको सामान्य सङ्केत भएको हुन्छ । त्यसैले शीर्षक विधानलाई कृतिको विज्ञापन पनि भनिन्छ । **राममाश्वमेधकाण्ड**को नायक र नायकले सम्पन्न गर्न चाहेको यज्ञको नामबाट **रामाश्वमेधकाण्ड**को नामाकरण गरिएको छ । तसर्थ काव्यको मुख्य  विषयवस्तुबाट नै शीर्षकको चयन गरिएको छ ।

### ४.१.२ विषयवस्तु तथा संरचना

पूर्वीय महाकाव्य लक्षण शास्त्रले इतिहास, पुराण, दन्त्यकथाबाट लिइएको प्रसिद्ध वा प्रख्यात कथावस्तु नै महाकाव्यको लागि उपयोगी मानेको छ । महाकाव्य संयोगान्त हुनुपर्ने पूर्वीय महाकाव्य लक्षण शास्त्रले बताएको छ । शालिग्राम गौतमको **रामाश्वमेधकाण्ड** मर्यादापुरुषोत्तम रामको महान् कथामा आधारित **पद्मपुराण**को पाताल खण्डको १ देखि ६८ अध्याय सम्मका जम्मा ४३०९ श्लोकमा वर्णित कथानक नै उपजीव्य रहेको छ ।[६५] तसर्थ गौतमले पौराणिक विषयवस्तुलाई नै आधार बनाएका छन् । यसमा गौतमले आफ्ना मौलिक कुराहरू थप्नुका साथै प्रशस्त नेपालीपन पनि दर्साएका छन् । रामको आदर्श चरित्र झल्काउनु र लोकको कल्याण होस् भन्ने भाव यसमा निहित छ । यसको विषयवस्तु पनि संयोगान्ततर्फ नै केन्द्रित देखिन्छ । **रामाश्वमेधकाण्ड**को कथाको क्रम हेर्दा निम्नलिखित प्रमुख घटनाद्वारा कथावस्तुको निर्माण भएको छ –

सर्वप्रथम गणेशको स्तुतिरूप मङ्गलबाट प्रारम्भ गरी दोस्रो श्लोकमा "एक दिन शेषजिका पुगेर नगिचै वात्स्यायनैले पनी" भन्ने पङ्क्तिबाट उपक्रम उठान गरिएको छ । त्यसपछि वात्स्यायनले शेषजीसँग रामको अश्वमेधको बारेमा विस्तारपूर्वक भन्नको लागि आग्रह गर्दछन् र शेषजीले कथानक प्रारम्भ गर्दछन् – रामचन्द्रले सीता त्याग गरेपछि राजकाजको काममा उनको एकाग्र चित्त थिएन । रामले अगस्ति मुनिसँग रावण को हो ? कसरी यो पैदा भयो र यसको कूल कुन हो भनी प्रश्न गर्दा अगस्ति मुनिले खुसी भएर

---

[६५] ऐजन, पृ. ४१ ।

भन्दछन् – ब्रह्माका छोरा पुलस्त्य ऋषिका दुईवटी पत्नी थिए । जेठी पत्नीबाट कुवेरको जन्म भयो र कान्छी पत्नी कैकसिबाट रावण कुम्भकर्ण र विभीषण जन्मन्छन् । एकदिन पुष्पकविमानमा चढेर कुवेर आई बाबुसँग केही कुराकानी गरेको रावणले देख्यो । रावणले सौतिनी आमाको छोरा कुवेरले शङ्करलाई खुसी पारेर सहजै दिक्पालको स्थान लिएको थाहा पाएर उसले पनि तप गरी ब्रह्माबाट वरदान मिलेर कुवेरलाई रिसले निकालिदिन्छ एवम् पुष्पकविमान पनि जफत गरिदिन्छ । त्यतिमात्र नभएर रावणले इन्द्रादिलोकमा समेत क्षति पुऱ्याउन थाल्दछ । त्यसपछि इन्द्रादि दिक्पालहरू सबै मिलेर विष्णुको स्तुति गर्दछन् र दशरथका घरमा मैले अवतार लिने भएँ भनी आकाशवाणी हुन्छ ।

यसप्रकारका कथन अगस्तिबाट रामले सुन्दा मुर्छा हुन्छन् र ब्राह्मणको कुललाई वाण ताकेर ध्वस्त पारें भन्दै विलाप गर्दछन् । पुनः मुनिले पछुतो नगर, तिमीले राम्रो उद्धार काम गरेका छौ भनी सम्झाउँछन् । रामले मैले ब्रह्महत्या गरें, यस पापलाई हटाउने उपाय के छ भनी प्रश्न गर्दा मुनिले एउटा अश्वमेध यज्ञ रहेको र यसको आफ्नै नियम रहेको बताउँछन ।

यज्ञको नियमानुसार सबै कार्य तयार भएर उच्चैश्रवा नाम गरेको घोडा अगाडि बढ्दछ । घोंडा अगाडि बढ्ने क्रममा सुबाहु राजाको छोरा दमन् र प्रतापाग्र्य एवम् भरतको पुत्र पुष्कलबीचको युद्ध, पुष्कल र चित्राङ्गबीचको युद्ध, चित्राङ्गको मृत्यु, सुवाहुले सम्पूर्ण दौलत सहित शत्रुघ्नसँग माफ माग्नु, पुनः घोडा अगाडि बढ्नु, निशाचर र शत्रुघ्नबीचको युद्ध, निशाचरको मृत्यु हुनु, पुनः घोंडा उत्तरदिशातीर अगाडि बढ्नु, कुनै एक रहमा घोडा डुब्नु र हराउनु, पुष्कल र हनुमान जस्ता वीर योद्धा नदीमा पसेर घोडालाई खोज्नु, त्यसभित्र एउटा रमणीय सहर भेटिनु, घोडालाई लिएर फर्किनु, पुनः रुक्माङ्गद भन्ने वीरले घोडा चोरेर लग्नु, रुक्माङ्गदको बाबु वीरमणि र पुष्कलको युद्ध हुनु, वीरसिंह र पुष्कलको युद्ध हुनु र पुष्कलले वीरगति प्राप्त गर्नु, रामचन्द्र फौजतर्फ हाहाकार मच्चिनु शङ्कर र हनुमान बीचको युद्ध, हनुमानको पराक्रम देखेर शङ्करले बर माग्न आग्रह गर्नु, हनुमानले सबै वीरहरूलाई उपचारद्वारा जीवित तुल्याउन आग्रह गर्नु र जीवित हुनु जस्ता घटना एक पछि अर्को गर्दै अगाडि बढेको छ ।

त्यसपछि वात्स्यायनले रामचन्द्रको छोरा कहाँ जन्मे, त्यसको सबै वृत्तान्त थाहा पाउनका लागि शेषसँग पुनः आग्रह गर्दछन् । आग्रहानुरूप शेषले सम्पूर्ण वृत्तान्त यसरी

बताउँछन् – घोडा बाल्मीकिको आश्रममा पुग्नु, सीताको छोरा लवले घोडा पकड्नु, घोडामा लेखिएका कुराहरू पढ्नु आदि वर्णन गर्दछन् ।

### ४.१.२.१ रामाश्वमेध–लवकुश युद्ध

त्यसपछि वात्सायनले धोबीका दुर्वचनले रामचन्द्रले सीतालाई त्यागेपछि उनी कुन ठाउँ गइन ? त्यसको वृत्तान्त सुन्नको लागि शेषसँग आग्रह गर्दछन् र त्यसको वृत्तान्त शेषले प्रेमसाथ बताउँछन् प्रत्येक घरमा रामको गुणगानगाउँदै मानिसहरू बस्नु परन्तु धोबीले घरमा रामचन्द्र एवम् सीतालाई अपमान गर्दै पत्नीलाई कुट्नु, रामचन्द्रले सबै वृत्तान्त थाहा पाउनु, रामले सीतालाई वनमा लगेर छोड्नको लागि लक्ष्मणसँग आग्रह गर्नु र लक्ष्मणले छोडिदिनु, सीताको विलापले गर्दा वाल्मीकिमुनि त्यहाँ आइपुग्नु, कुटीमा लगेर पालनपोषण गर्नु, सीताबाट लब र कुश नाम गरेका दुई छोरा जन्मनु, लबले घोडा पकडेपछि दुवै पक्षबीच युद्ध हुनु, लब घाइते हुनु, अन्तमा लब र कुश विजयी हुनु, लब र कुशले हनुमान र सुग्रीवलई पकडेर घर लैजानु, सीताले उनलाई छोडिदिन आग्रह गर्नु, सीताको प्रार्थनाले रामचन्द्रतर्फ घाइते भएका सेनाहरू व्युँझनु, यी सबै वृत्तान्त रामचन्द्रले थाहा पाउनु, वाल्मीकिले रामचन्द्रलाई सीता त्याग नगर्नका लागि आग्रह गर्नु, लक्ष्मणले सीतालाई फर्काउनु आदि सबै वृत्तान्त शेषले वात्स्यायनलाई बताएर काव्यको अन्त हुन्छ ।

यसरी पूर्वीय महाकाव्य लक्षण शास्त्रले भनेबमोजिम **रामाश्वमेधकाण्ड** महाकाव्य पौराणिक विषयवस्तुमा आधारित भएर काव्यको अन्त्य संयोगान्त तर्फ लगेर टुङ्ग्याइएको छ ।

महाकाव्य व्यापक परिवेश ओगट्ने विशालकाय सर्गबद्ध रचना हो । विभिन्न खण्ड, सर्ग, अध्यायमा विभक्त गरेर एवम् लामा छोटा नभएर ठीक अनुपातमा हुने पूर्वीय मान्यता रहेको छ । आठ भन्दा बढी सर्गयोजना एवम् न्यूनतम सहस्रश्लोकी अपेक्षा गरिएको छ । **रामाश्वमेधकाण्ड** गौतमको आख्यानात्मक काव्य हो । यसको परिवेश व्यापक, विशाल र महत् जीवनमा आधारित छ । यसको संचरना पक्षलाई नियाल्दा सर्ग, अध्याय आदि विभाजन खण्ड नदेखाई अविरल प्रवाहरूपमा कथोपकथनलाई अघि बढाउँदै लगिएको छ । केबल **रामाश्वमेधकाण्ड**को अन्त्यतिर एउटा मात्र 'रामाश्वमेध–लवकुश युद्ध' उपशीर्षक दिइएको छ र अगाडिको भागमा 'अथ रामाश्वमेधकाण्ड' शीर्षक दिई कथानक अघि बढेको छ । सम्पूर्ण **रामाश्वमेधकाण्ड**मा १३६५ वटा श्लोक रहेका छन् भने सबैभन्दा ठूलो १०३० श्लोकको अगाडिको भाग हो र सानो 'रामाश्वमेध–लबकुश युद्ध' ३३५ श्लोकको हो ।

### ४.१.३ चरित्र

महाकाव्यलाई प्रसिद्ध र जीवन्त बनाउन पात्र–संयोजनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस हिसाबले हेर्ने हो भने महाकाव्यका पात्रहरू स्वयम्मा पूर्ण, चरित्रका दृष्टिले सक्षम र विशिष्ट हुनु जरुरी छ । पात्रहरूमा पनि महाकाव्यको नायक धीरोदात्त, कुलीन, शूरवीर, चतुर, कार्यदक्ष एवम् महान् हुनुपर्दछ । क्षेत्रीय कुलमा जन्मेको कुनै एक अथवा धेरै राजाहरू पनि काव्यमा नायक हुन सक्छन् । अन्य नायकको वर्णनबाट मूल नायकको चरित्र विकासमा सहयोग हुनुपर्ने पूर्वीय मान्यता हो । यसै आधारमा शालिग्राम गौतमले यस महाकाव्यमा धेरै पात्रहरू समावेश गरेका छन् । जसमध्ये नायक राम र नायिका सीता रहेका छन् । अन्य चरित्रहरूमा हनुमान्, सुग्रीव, पुष्कल लव, कुश, आदि रहेका छन् । यिनीहरूको चर्चा क्रमशः तल गरिएको छ ।

**(क) राम**

राम यस काव्यका वीर, साहसी, कुशल, कुलीन, धीरोदात्त, कार्यदक्ष, महान् पात्र एवम् आदर्श पुरुषका रूपमा देखापरेका छन् । रामले गरेका हरेक क्रियाकलापहरूमा वीर रस प्रवाहित भएको पाइन्छ । विशुद्ध आदर्शका रूपमा चित्रित रामको चरित्रमा मानवीय गुण मात्र देखिन्छ ।

**(ख) सीता**

सीता यस काव्यकी प्रमुख नायिका हुन् । उनी निश्चल, निस्कपट, सुशील, गुणवान, पतिव्रता एवम् वात्सल्यमयी नारीका रूपमा देखापरेकी छिन् । उनी त्याग एवम् तपस्याकी प्रतिमूर्तिका रूपमा रहेकी, अविचलित मनोयोग र मनोबल भएकी नारीका रूपमा देखिन्छिन् । भद्रता, सौम्यता, आपदमा पनि प्रसन्नता आदि गुणले गर्दा उनको चरित्रमा निक्खार आएको देखिन्छ ।

**(ग) हनुमान**

हनुमान यस काव्यका वीर, साहसी, कार्यमा दक्ष एवम् महान पात्रका रूपमा देखापरेका छन् । उनको पराक्रमलाई चम्पक् वीरसँगको युद्धमा यसरी वर्णन गरिएको छ –

अनि पछि शर लागी फेर् हनूमान् बीर्ले
    वरवलिकन रुखै एक् फ्याँकि दीये रिसैले ।
त्यहि पनि शर छोडी चूर्ण पारी दियेर
    रिससित हनुमान्ले हात्ति फ्याँकी दियेर ॥

(रामाश्वमेधकाण्ड ९७५)

**(घ) सुग्रीव**

सुग्रीव यस काव्यका वीर पात्र नै हुन् । रामको सहयोगीको रूपमा सुग्रीवको योगदान महत्त्वपूर्ण रहेको छ ।

**(ङ) पुष्कल**

पुष्कल यस काव्यका वीर पात्र हुन् । उनको वीरतालाई चित्राङ्गसँगको युद्धमा वर्णन गरिएको छ । उनको योगदान अविस्मरणीय छ ।

**(च) लब**

लब, राम र सीताका छोरा हुन् । उनी बालकै भए पनि शत्रुघ्न जस्ता वीर योद्धासँग लडाईं गरी रामचन्द्र फौजतर्फ हाहाकार मच्चाउने वीर पात्र नै हुन् । उनको पराक्रमलाई यस काव्यमा यसरी वर्णन गरिएको छ –

आखिर्मा लवले लियेर शर एक् ठिक् अर्धचन्द्रै सरी
श्रीशत्रुघ्नजिका त छातिविचमा छाडीदिये बल गरी ।
त्यो वाण् झट् हृदयैमहां घुसि दिंदा शत्रुघ्न ता मूर्छित
हुनूभो र फऊज भागि कुदिगो आफ्नो चिताईहित ॥

(रामाश्वमेधकाण्ड ११९८)

**(छ) कुश**

कुश राम र सीताका छोरा हुन् । उनी वीर, पराक्रमी एवम् नीडर पात्रका रूपमा यस काव्यमा देखापरेका छन् । आमाको आज्ञाकारी पुत्रका रूपमा पनि रहेका छन् ।

अन्य पात्रहरूमा शेष, वात्स्यायन, अगस्ती, वशिष्ट, वाल्मीकि, कौशल्या, शत्रुघ्न, सुमति, सुमन्त्र, सुकन्या, रत्नग्रीव, प्रल्हाद, दमन, लक्ष्मीनीधी, चित्राङ्ग, सुवाहु, ऋतम्भर, आदि विविध चरित्रका पात्रहरू रहेका छन् । यी पात्रहरूको चरित्र आ-आफ्नै किसिमको रहेको छ । यी पात्रहरूले कथानकलाई अगाडि बढाउन सहयोग गरेका छन् ।

**४.१.४ रस**

काव्य श्रवण र पठनबाट प्राप्त हुने, मनलाई भित्रसम्म पुगेर सन्तुष्टि दिने, भाव परिपाकको अवस्थालाई रस भनिन्छ । शास्त्रीय मान्यता अनुसार रस महाकाव्यको आधारभूत पूर्वाधार हो । पूर्वीय मान्यता अनुसार श्रृंगार, वीर र शान्तरसमध्ये कुनै एक रस अङ्गी र अरू रस अङ्गका रूपमा हुनुपर्दछ । प्रस्तुत काव्य रामको विश्वविजयबाट मात्र गर्न सकिने अश्वमेध यज्ञको पृष्ठभूमिमा उठेको हुनाले यहाँ जे जति सफल मात्रामा अभिव्यक्ति छ, त्यो

वीर रस नै छ । तसर्थ शालिग्राम गौतमले **रामाश्वमेधकाण्डमा** अङ्गी रसका रूपमा वीर रसलाई प्रयोग गरेका छन् भने हास्य आदि अङ्ग रसका रूपमा प्रयोग गरेका छन् । तिनीहरूलाई क्रमशः उदाहरण स्वरूप यसरी लिन सकिन्छ ।

**श्रृङ्गार**

शालिग्राम गौतमले **रामाश्वमेधकाण्ड**मा श्रृङ्गारिकताको प्रयोग निकै सुन्दर शैलीमा गरेका छन् । वीर रस प्रधान काव्य भए तापनि श्रृङ्गार रसको केही पद्यहरू देखिन्छ । जस्तै–

काख्मा वसाइ उनका त कर्पालनेर ।
पुष्कल्जीले झट् पुर्‍याउनुभो मुहार ॥
(रामाश्वमेधकाण्ड १३५)

अन्य उदाहरण –

पोथी समेत रहने ठिक चक्रवाक
वक्षस्थलैबिच स्तनद्वय गर्छ धाक ॥
(रामाश्वमेधकाण्ड १३२)

उपर्युक्त श्लोकहरूले श्रृङ्गारिकताको राम्रो उदाहरण प्रस्तुत गरेका छन् ।

**हास्य**

**रामाश्वमेधकाण्ड**मा हास्यरसको प्रयोग निकै सुन्दर शैलीमा भएको छ । जस्तै –

शत्रुघ्नको र अनि पुष्कलवीरको यो
ल्याएँ म ता खुशि भई मुकुटै दुवैको ।
दाज्यैज्युलाई भनि अश्व समाति ल्याएँ
खेल्वाड गर्न भनी वन्दर ल्याइहालें ॥
(रामाश्वमेधकाण्ड १२४९)

प्रस्तुत श्लोकले बालसुलभ स्वाभाविकताको हास्य प्रदर्शन गम्भीर रूपमा गरेको छ ।

**वीर**

बज्र्यो शिला शिवजिको रथ खण्डखण्ड
वन्दो भयो अति प्रचण्ड मिलेर दण्ड ।
यस्तो भयंकर ठुलो हनुमान काज
देखेर दङ्ग हुनगो सुरको समाज ॥
(रामाश्वमेधकाण्ड ८०८)

प्रस्तुत पद्यमा आलम्बन भगवान् शङ्कर छन् । उनले हेपेर आफूप्रति देखिएको क्रियाकलाप उद्दीपन छ, लडाकु व्यक्ति त्रिलोक वीर हनुमान छन्, धृति, गर्व र रोमाञ्च आदि सञ्चरी भाव छन् ।

**अद्भुत**

लीयेर त्यो रह महाँ जब पालनूभो
जल्भित्र एक रमणीय सहर् नजर्भो ।
थीये तहाँ चउतरफ् फुलवारि धेर
खूबै मनोहर बिछट्ट हवा चलेर ॥

(रामाश्वमेधकाण्ड ६६१)

जलभित्र पनि एक रमणीय सहर आदिको चित्रणले यथार्थ वस्तुभन्दा पनि मनोरञ्जनात्मक एवम् अद्भुत वस्तुको चित्रण गरिएकोले कविमा कल्पनाको आधिक्य शक्ति पाइन्छ ।

यसरी **रामाश्वमेधकाण्ड** काव्यमा गौतमले विविध रसहरूमध्ये श्रृंगार, हास्य, वीर, अद्भुत आदि रसहरूको प्रयोग गरेका छन् । जसले गर्दा पूर्वीय महाकाव्यको मान्यतालाई केही मात्रामा अनुसरण गरेको देखिन्छ । त्यसैले **रामाश्वमेधकाण्ड** रसविधानका दृष्टिले महाकाव्योन्मुख छ ।

**४.१.५ परिवेश**

महाकाव्यले युग र जीवनको विराटता एवम् व्यापकतालाई अभिव्यक्त गर्ने हुनाले यसमा प्राकृतिक, मानसिक तथा क्रियात्मक विषयहरूको व्यापक रूपमा वर्णन हुन्छ । ६ वटै ऋतु, दिनका विविध पक्षहरू र समयहरू, विभिन्न सांस्कृतिक चाड–पर्वहरू, मानवीय कर्महरू, राग, अनुराग, घात, प्रतिघात, विभिन्न प्राकृतिक विषयहरू जस्तैः पहाड, नदी, वन, चराचुरुङ्गी आदि कुराको चित्रण महाकाव्यमा हुन्छ । मानसिक तथा मानवीय कर्मसँग सम्बन्धित प्रसङ्गहरूको अत्यधिक वर्णन कथावस्तुको व्यापकताको लागि र चारित्रिक उद्घाटनका निम्ति हुन्छ । अन्त्यमा भन्नुपर्दा महाकाव्यमा व्यापकता, विराटता, उदात्तता र भव्यताको प्रतिष्ठापनको निमित्त उपर्युक्त विविध विषयको भव्य चित्रण हुन्छ ।

गौतमको **रामाश्वमेधकाण्ड**मा पनि मानवीय कर्महरू, राग-अनुराग, घात-प्रतिघातको राम्रो चित्रण गरिएको छ । विशाल रह एवम् त्यस रहभित्र रहेको रमणीय सहरको अलौकिक र चमत्कारिक रूपमा वर्णन गरिएको छ ।

लीयेर त्यो रह महाँ जब पालनूभो
जल्भित्र एक रमणीय सहर् नजर्भो ।
थीये तहाँ चउतरफ् फुलबारि धेर
खूबै मनोहर विछट्ट हवा चलेर ॥
(रामाश्वमेधकाण्ड ६६१)

सारस् र कोइलि जुरेलि चकोर हलेशा
मैना सुगा ढुकुर मोजुर सारि खाशा ।
बोली गरेर जनको मनलाई हर्थे,
काहीं चराहरू अनेकन नाँच गर्थे ॥
(रामाश्वमेधकाण्ड ६६२)

खम्भा थियो मणिजडीत अतीव सुन्दर्
झल्झल् गरी झलकने रवि झैं दिनैभर् ।
देख्नूभयो ह्यकनै तहिं बाँधियेको
फेरी अलीपर मणीहरूले जडेको ॥
(रामाश्वमेधकाण्ड ६६३)

गौतमले रमणीय फुलबारी र त्यसभित्र रमाएर रहने विविध चराचुरुङ्गीहरूको यथार्थ रूपमा चित्रण गरेका छन् । मानवीय कर्मसँग सम्बन्धित विविध विषयवस्तुलाई व्यापकता, विराटता एवम् भव्यताको रूपमा वर्णन गर्दै महाकाव्योन्मुख रूपमा स्थापित गरेका छन् ।

**४.१.६ उद्देश्य**

पूर्वीय काव्याचार्यहरूले महाकाव्यको उद्देश्यको रूपमा धर्म, अर्थ, काम र मोक्षमध्ये एक प्रमुख रूपमा र अन्य पुरुषार्थहरू सहायक रूपमा रहनुपर्ने बताउँछन् ।

प्रस्तुत काव्यको कर्तृगत प्रयोजन भन्ने हो भने ब्रह्मवधको दोषबाट निवृत्त हुन पाउनु नै मुख्य प्रयोजन रहेको छ । लङ्का विजयपछि अयोध्या फर्किएका रामलाई भेट्न अगस्त्य आदि ऋषिहरू आएका र उनीहरूप्रति रामले रावणको कुलमूल सम्बन्धमा प्रश्न राख्दा अगस्त्य मुनिले रावण पुलस्त्य ऋषिको छोरा विश्रवाको राक्षसी पत्नी कैकसीको सन्तान हो भनेर रामले सुनेपछि आफूले ब्राह्मणको सन्तानलाई अज्ञानमा मारिएछ, तर अन्जानमै मारे पनि मलाई ब्रह्मवधको दोष लाग्ने भयो र यसको प्रायश्चित्तको लागि उपायको उपदेश होस् भन्ने कुरा सुनेका ऋषिले अश्वमेध यज्ञ गर्नुपर्दछ र अवमेध यज्ञ

गरेमा उक्त दोष समूल नष्ट हुन्छ भनेपछि उक्त यज्ञको कुरा उठेकोले कर्तृगत प्रयोजन मूलभूत रूपमा व्रह्मवधको दोषबाट निवृत्त पाउनु नै हो परन्तु अश्वमेध यज्ञको प्रयोजन मात्रै नभएर **रामाश्वमेधकाण्ड**को के प्रयोजन वा के उद्देश्य छ त, यसको बारे भन्नुपर्दा प्रस्तुत कृति एक साहित्यिक कृति भएकोले यसका धेरै नै प्रयोजनहरू हुन सक्दछन् –

प्रथमतः कविले भक्तिकै प्रयोजनको लागि मैले यो अनुवाद गरें भनेका छन् –

अतिशय रघुनाथ्मा भक्ति बढ्नै गयेर
मनसुव हयमेध्को सुन्न साह्रै भयेर ।
सुनन् जति भयो शेष्बाट बात्स्यायनैले ।
उति शुभ अनुवादै गर्दियें स्पष्ट मैले ॥

(रामाश्वमेधकाण्ड १३६५)

यसरी प्रस्तुत कृति अश्वमेधको प्रसङ्ग मुनि वात्स्यायनलाई सुन्ने इच्छा भएकोले, शेषबाट सुनेकाले भक्तिकै प्रयोजनबाट यसको उत्थान भएको हुँदा यसको मुख्य प्रयोजन सीतारामविषयक भक्ति हो भन्ने बुझिएको छ ।

दोस्रो सीतारामविषयक भक्ति प्राप्तिको लागि उनको कीर्तिको विस्तार हो भन्ने बुझिन्छ ।

तेस्रो उदात्त चरित्रको कथा प्रस्तुत गरेर समाजलाई हराम मार्गबाट राम मार्गमा प्रवृत्त गराउन खोज्नु रहेको छ ।

चौथो भक्तिमार्गको प्रेरणाबाट आशक्तिप्रति कम गर्दै समाजमा आसक्तिको कारणबाट बढेका अशान्ति–वैमनस्यहरूलाई कम गर्नु पनि रहेको छ ।

पाँचौं कवि राजपरिवारका ज्यादै भक्त भएकाले यसबाट राजपरिवारमा पनि उनी प्रति विश्वास श्रद्धा आदि रहन सक्दछ । अतः यस स्थितिमा आफ्नो काव्यबाट यहाँका राजा–महाराजाहरूलाई पनि रामराज्यको श्रद्धापात्र बनाउँदै नेपाललाई एक वैदिक धर्मप्रधान राज्य बनाउने सपना भएको हुन सक्दछ ।

छैठौं नेपाली साहित्यको भण्डारमा यस किसिमको दुर्लभ कथावस्तुलाई सरल नेपालीमा प्रस्तुत गरेर साहित्यिक क्षेत्रमा रहेको कमी पूरा गर्ने विषयक प्रयोजन पनि त हुन सक्दछ ।

यसरी हेर्दै जाँदा **रामाश्वमेधकाण्ठ**का अनेकौं प्रयोजन हुन सक्दछन् । जसको बारेमा मेरो मतिले नभ्याएको पनि हुन सक्दछ । त्यसबारे विद्वज्जनहरूबाट थप कुरा आउने नै छ भन्ने कुरामा म विश्वस्त र आशावान् छु ।

**४.१.७ भाषा**

भाषा अभिव्यक्तिको माध्यम हो । भाषा विना कुनै पनि साहित्य सिर्जना गर्न सकिदैन । भाषा एउटै भए पनि प्रयोग गर्ने तौर तरिका भने फरक फरक हुन्छ । कुनै कवि लेखकले यही भाषालाई जटिल तरिकाले प्रयोग गर्दछन् भने कुनै कवि लेखकले यसैलाई सरल तरिकाले प्रयोग गर्दछन् ।

भाषाका हिसाबले शालिग्राम गौतमका काव्यमा सरल, सहज र मिठासपूर्ण भाषाको प्रयोग पाइन्छ । उनले नेपाली भाषालाई आफ्नै समकालिक कवि शिरोमणि लेखनाथ पौड्याल, पण्डितराज सोमनाथ सिग्द्याल र विद्वत्शिरोमणि कुलचन्द्र गौतमको जस्तो आत्मसात गर्न सकेका छैनन् । समयका दृष्टिले गौतम धेरै यताको भए पनि प्रवृत्तिगत दृष्टिले भानुभक्त भन्दा पहिलेको जस्तो मानिन्छन् । वस्तुतः भानुभक्तमा जो काव्यात्मक विलक्षणता थियो, उनको त्यति देखिएन ।

गौतमले **रामाश्वमेधकाण्ड**मा प्राथमिक एवम् माध्यमिककालीन हलन्तशब्दहरूको अत्यधिक मात्रामा प्रयोग गरेका छन् । उदाहरण स्वरूप –

"एक् दिन् शेषजिका पुगेर नगिचै"

प्रस्तुत काव्यमा हल् वर्ण प्रयोग गर्नुपर्ने ठाउँमा अच् वर्णको प्रयोग भएको छ । जस्तै– मिलदइन (मिल्दैन) सोधनुभयो (सोध्नुभयो) । त्यसैगरी अच् वर्णको प्रयोग गर्नुपर्ने ठाउँमा हल् वर्णको प्रयोग भएको छ । जस्तैः पुष्कल् (पुष्कल), मधुर् (मधुर) । रेफ दिनुपर्ने ठाउँमा रेफको प्रयोग गरिएको छैन । जस्तै : वरषण (वर्षण), दरशन (दर्शन) नेपाली भाषामा अतिशय सुहाउने पक्क, चट्ट, टोल, दाँतै–दाँत, नखा–नखै, बाबुसाहेव जस्ता नेपाली जनजिब्रोमा रहेका शब्दावलीको प्रयोग भएको छ ।[६६]

नेपाली भाषाका अनुकरणात्मक शब्दहरूको पनि यथोचित प्रयोग ठाउँ–ठाउँमा भएको छ । जस्तै – छन्छनी, गर्लम्म, टुक्–टुक् आदि । जसले गर्दा भाषिक शब्दको मर्मलाई काव्यकारले बुझेका छन् । कतिपय ठाउँमा संस्कृतका शब्दहरूको पनि गौतमले प्रयोग गरेका छन् । जस्तैः सायङ्काल, सुत, शिष्य आदि । उनले कतिपय ठाउँमा हिन्दीका शब्दहरूको पनि प्रयोग गरेका छन् ।

[६६] ऐजन, पृ. ४२ ।

कतिपय ठाउँमा भने अङ्ग्रेजी शब्दहरूको प्रयोगले गर्दा स्वादीष्ट खानामा ढुङ्गा लागे जस्तो प्रतीत हुन्छ । जस्तैः अर्डर, टायम, चेक आदि ।

निष्कर्षमा के भन्न सकिन्छ भने **रामाश्वमेधकाण्ड**को भाषा अविरल प्रवाहरूपमा बगेको छ । भाषामा सरलता, सहजता एवम् वोधगम्यता आउनाको साथै सुमधुर गीतिमयता समेत रहेको । भाषिक दृष्टिकोणले गौतमको **रामाश्वमेधकाण्ड** महाकाव्योन्मुख बन्न सफल भएको छ ।

यिनै चर्चा परिचर्चाका आधारमा **रामाश्वमेधकाण्ड** महाकाव्यको भाषालाई विविध बुँदामा राखेर अध्ययन गर्न सकिन्छ –

(क) छन्द विधान

(ख) अलङ्कार

(ग) गुण र रीति

(घ) दोष

**(क) छन्द विधान**

पूर्वीय काव्याचार्यहरूले महाकाव्यको लेखन गद्यमा नभएर पद्यात्मक हुनपर्ने मान्यता राखेका छन् । यसै आधारमा कवि गौतमले **रामाश्वमेधकाण्ड** विविध छन्दहरूमा लेखेका छन् । उनले ६ प्रकारका छन्दहरूको प्रयोग गरेका छन् । जसअनुसार छन्दहरूको स्थिति यसप्रकार रहेको छ –

| वसन्ततिलका | शार्दूलविक्रीडित | मालिनी | मन्दाक्रान्ता | उपजाति | शिखरिणी |
|---|---|---|---|---|---|
| ५१८ | ३८६ | २३५ | १९३ | ३० | ३ |

यसरी गौतमद्वारा सबैभन्दा बढी प्रयुक्त छन्द वसन्ततिलका (५१८ श्लोक) रहेको छ भने सबैभन्दा कम छन्द शिखरिणी (३ श्लोक) रहेका छन् ।

उपर्युक्त छन्द व्यवस्थालाई स्पष्ट पार्न काव्यको निम्नलिखित श्लोकलाई उदाहरण स्वरूप प्रस्तुत गर्न सकिन्छ –

**वसन्ततिलका**

शत्रुघ्नजी पनि विदा हुन नै भनेर
जानूभयो जननिका नगिचै पुगेर ।
भन्नूभयो म अब जान्छु मुमा ! ह्यैको
रक्षा हवस भनि हुकूम हुँदा नृपैको ॥

(रामाश्वमेधकाण्ड १०९)

**शार्दूलविक्रीडित**

जस्को हुन्छ हरेक कार्यहरूमा पूजा प्रथम् मुख्यभै
भक्तैका सब विघ्न टारनुपरे जो तुल्य देखिन्न क्वै ।
अंकुश् पाश र लड्डु फेरि विमिरो लीयी मुसामा चढी
फिर्ने श्रीगणनाथका चरणका गर्छू शरण् यो घडी ॥

(रामाश्वमेधकाण्ड १)

**मालिनी**

अनुचर गइ मेरा त्यो ह्यै पहिल्याइ
गर दिलदिइ रक्षा आज लौ तेसलाई ।
जबतक रघुनाथ्को दर्शनै पाउँदैन
तबतक हलाई छोडने ता म छैन ॥

(रामाश्वमेधकाण्ड ९२३)

**मन्दाक्रान्ता**

बालक् यौटा क्वहि दिनमहाँ यै गिरीको चुरैमा
हाम्रा टोल्को डुलदह गई फर्किगो तत्क्षणैमा ।
चार् बाहूको हरिसरि सबै तेसको देखि रूप
सोध्यौ कारण् शिशुकन सबै दङ् परी चित्त खूप ॥

(रामाश्वमेधकाण्ड ३४१)

**उपजाति**

ती वीर गै वीरमणी फउज्का
साथ् लड्नथाले दिई खूब धक्का ।
तर्वार वाण् खड्ग अनेक् प्रकार्ले
बर्साउँदै सब्कन मार्न थाले ॥

(रामाश्वमेधकाण्ड ७१६)

**शिखरिणी**

जसै पल्टन् दौड्यो रणभूमि तरफ् लड्दछु भनी
बजे वाजाहरू किसिम किसिमैले घनघनी ।
सुनी वाजा कातर्हरु गिरन थाले रणमहाँ
जसै आयो पल्टन् प्रबल रिपुको देखि रणमा ॥

(रामाश्वमेधकाण्ड ७१३)

**(ख) अलङ्कार**

काव्यका गहना भनेका अलङ्कार नै हुन् । अलङ्कारले काव्यलाई सिंगार्ने–पटार्ने काम गर्दछ । तसर्थ काव्यका लागि अलङ्कारको योगदान विशिष्ट छ र यसलाई विविध विद्वान्हरूले आ–आफ्नै ढङ्गमा मानेका छन् ।

अङ्गीलाई शोभा बढाइदिने वस्तुलाई अलङ्कार भनिन्छ । त्यसैले कटक, कुण्डल, हार, मुकुट आदिलाई अलङ्कार भन्ने गरिएको हो । अनुप्रास, उपमा आदि अलङ्कारहरूले पनि काव्यको शोभा बढाइदिने भएकोले अलङ्कार भन्ने गरिएको हो ।

अतः काव्यमा जहाँ शब्दचमत्कृतिद्वारा सौन्दर्य बढेको छ, त्यहाँ शब्दालङ्कार, जहाँ अर्थगत उक्तिको सौन्दर्यद्वारा काव्यमा चमत्कार वा मिठास आएको छ, त्यहाँ अर्थालङ्कार र जहाँ शब्द र अर्थ दुवैको समान शोभाको कारणले सौन्दर्यबोध भएको छ, त्यहाँ शब्दार्थालङ्कार हुन्छ ।

वस्तुतः नेपाली काव्य साहित्यमा शब्दालङ्कार र अर्थालङ्कारको नै अध्ययन गरिन्छ । उभयालङ्कार प्रयुक्त भए पनि प्रायः भेटिँदैन । संस्कृत काव्यहरूमा यसका उदाहरण पाइने भएकोले संस्कृत काव्यशास्त्रहरूमा यसका सूक्ष्म विवेचनाहरू गरिएका हुन्छन् ।

शालिग्राम गौतमको **रामाश्वमेधकाण्ड** काव्यमा विविध किसिमका शब्दालङ्कार तथा अर्थालङ्कारको प्रयोग गरी काव्यलाई सौन्दर्यानुभूति प्रदान गरिएको छ । यहाँ लक्षणसहित उदाहरण प्रस्तुत गर्दै त्यसको परीक्षणात्मक परिपाटीले सिद्ध गर्ने प्रयास गरिएको छ ।

**शब्दालङ्कारको परिचय**

सिंगार्छन काव्य जसले शब्द माधुर्यका भर ।
शब्दालङ्कार हुन्छन् ती अनुप्रासादि सुन्दर ॥

**(क) छेकानुप्रास**

एक वार हुँदा साम्य केही व्यञ्जनसङ्घको ।
छेकानुप्रास त्यो हुन्छ अलङ्कार उमङ्गको ॥

उदाहरण –

असल रङविरङ्का ताहिं छन् धेर वस्त्र
तहिं फल फुल बाजा छन् जउन् कामशास्त्र ।
पलङ लङ लगाई झूल चादर तरेका
हर चिजतहिँ छन् है ठाम ठांमा धरेका ।

(रामाश्वमेधकाण्ड २९२)

यहाँ रङ–विरङ, वस्त्र शास्त्र, फल फुल, पलङ लङ, ठाम, ठाम, धरेका तरेका, छन जउन्, तरेका सँग चादर आदि जस्ता व्यञ्जन समुदायको आवृत्तिले ल्याएको शब्दस्तरको मिठासले यो सामान्यतः छेकानुप्रास अलङ्कारको उदाहरण बन्न पुगेको छ ।

**(ख) वृत्त्यनुप्रास**

अनेक वर्ण ती जाहाँ एक वा भिन्न रीतिले ।
आवृत्त हुन्छन् त्यो हुन्छ वृत्त्यनुप्रास नीतिले ॥

**उदाहरण**

गानाविषे जब दियीन् अनेकताना
नाना किसिं तव समाधि भयो खाना ।
वाना फिरेर ऋतुको अहिले घराना
खाना चपाउछन् कोइलिहक साना ॥

(रामाश्वमेधकाण्ड २०३)

यहाँ गाना, ताना, वाना, खाना, घराना, साना जस्ता यी अनेक वर्णको भिन्न रीतिले आवृत्त भई शाब्दी माधुर्य वा चमत्कार ल्याएकोले यो वृत्त्यनुप्रास भयो ।

**(ग) श्रुत्यनुप्रास**

आवृत्त भइ नै राख्दा समस्थानीय वर्णको ।
श्रुत्यनुप्रास मानिन्छ बनेर प्रिय कर्णको ॥

उदाहरण –

घोंडा पुग्यो अधिक चापल वेगवाला
पर्थे सबै नृपति नाम पढेर हाला ।
धन्–जन्–सबै त रघुनाथकलाई अर्पी
चल्थे नृपालहरू भैकन अश्वतर्फी ॥

(रामाश्वमेधकाण्ड १६१)

यहाँ घ, ग, क, अ, ह आदि कण्ठ स्थानीय वर्ण, प, ब, भ, म, आदि ओष्ठ स्थानीय र च, छ, ज, य, को साथै पटक-पटक त, न, र, ल, यी दन्त्य स्थानीय वर्ण समेतको आवृत्तिबाट कर्णश्रुतिमा प्रिय भएकोले यो श्रुत्यनुप्रास अलङ्कार भयो ।

**(घ) अन्त्यानुप्रास**

स्वर व्यञ्जनसादृश्य पद वा पाद अन्त्यमा ।
मिले हुन्छ अलङ्कार अन्त्यानुप्रास काव्यमा ॥

**उदाहरण –**

यस्तै अरू पनि अनेक–विलास–भंगी
वस्ताद, पैह्नि कपडाहरू रंगिचंगी ।
ई अप्सरा चमर हाँकनलाइ नाथ
तैयार छन् सकल–काम–विकार साथ ॥

(रामाश्वमेधकाण्ड २१४)

प्रस्तुत पद्यको पदान्तमा आएका स्वर–व्यञ्जन सादृश्यले असाधारण शाब्दी वर्ण ध्वनिको मिठासले छुट्टै चमत्कृति ल्याएकोले यो अन्त्यानुप्रासको उदाहरण बनेको छ ।

**अन्य उदाहरण**

भगवति ! म छु ऐले चट्ट दीनातिदीन
रिपु वढि हुँन जाँदा राज्य सम्पत्तिहीन ।
उही तखत म पाऊँ भक्ति होस् फेर्हर्जुर्को
लय पछि हुँ हजुर्मै तिन्थरी भो उजुर्को ॥

(रामाश्वमेधकाण्ड २३९)

**(ङ) यमक**

भिन्नार्थक कुनै सार्थ स्वरव्यञ्जनसंहति ।
डब्लिए यमकै हुन्छ भन्दछन् त्यो अलङ्कृति ॥

**उदाहरण –**

गाना–विषे जब दियीन् अनेकताना
नाना किसिं तब समाधि भयो खाना ।
वाना फिरेर ऋतुको अहिले घराना
खाना चपाउछन् कोइलिहेरु साना ॥

(रामाश्वमेधकाण्ड २०३)

प्रस्तुत पद्यमा दोस्रो पाउको समाप्ति हुने बेला आएको खाना शब्दको 'वाना' र तेस्रो पाउ शुरु गर्ने 'वाना' शब्द समेत यी दुई श्रृङ्खला बनेर आएकोले यहाँ यमक हुन्छ ।

**अर्थालङ्कार परिचय**

दिई आर्थी चमत्कार जो पार्छ काव्य सुन्दर ।
त्यै हो अर्थ अलङ्कार भन्छन् हाम्रा सुधीश्वर ॥
शब्द सौन्दर्य खुल्दैन अर्थ सौन्दर्यले विना ।
रूप सौन्दर्य झैं स्त्रीको हार कुण्डलले विना ॥

**(क) उपमा**

खुले सादृश्य–सौन्दर्य उपमानोपमेयमा ।
त्यो अलङ्कार उपमा हुन्छ ज्यादै मनोरम ॥

**उदाहरण –**

तेस्मा वीरमणी मणी सरि थिये राजा प्रजापालक
तिन्को कीर्ति सदैव गान गरथे कन्या अरू बालक ।
तिन्का पुत्र थिये पराक्रमि अती रूप्मा मदन्कै सरी
नां रुक्मांगद हो अनेक् युवतिका साथ्मा रही हर्घरी ॥

(रामाश्वमेधकाण्ड ६८६)

प्रस्तुत पद्यमा प्रथमतः वीरमणि राजा उपमेय र मणि उपमान बनाएर उपमा बनाइएको छ । सम्भवतः त्यसको साधारण धर्म उज्ज्वलता रहेको छ । यसरी यहाँ पूर्वार्द्धमा एउटा उपमाको पूर्णता पछि अर्को उपमा उत्तरार्द्धमा परेको छ ।

राजा वीरमणिका राजकुमार रुक्माङ्गद उपमेय छन र कामदेव उपमान बनेका छन् । सौन्दर्यातिशयता र सुन्दरी सहचारिता यहाँ साधारण धर्म रहेको छ । साथै 'सरी' यो उपमावाचक शब्द पनि यहाँ रहेको छ । अतः यो अर्को उपमा भयो ।

**(ख) उत्प्रेक्षा**

जहाँ प्रकृतको हुन्छ त्यो अप्रकृत रूपमा ।
सम्भावना, त्यहाँ हुन्छ उत्प्रेक्षा काव्यशास्त्रमा ॥

**उदाहरण –**

रम्भाहरू अति बढे मिलि स्वर्गवास
छन् रूपमत्त इनिको अपवर्ग नाश ।
गर्छू भनेर विधिले भनु यो नगर्मा
सृष्टी गरे कि युवतीहरू हर्तवर्मा ॥

(रामाश्वमेधकाण्ड १६८)

अहिच्छत्र नामक नगरीको सौन्दर्य वर्णनको क्रममा मानौं यहाँका सुन्दरी सुन्दरी युवतिको रचनाद्वारा विधिले रम्भा तिलोत्तमा उर्वसी प्रवृतिका अप्सराहरूको गर्व चूर्ण गर्न गरेका हुन् कि ? यो सम्भावना गरिएकोले यहाँ उत्प्रेक्षा भयो ।

अन्य उदाहरण –

फेर अर्को रथमा चढेर रणमा शत्रुघ्न आये जब
मानौँ, फुल्लपलाश नै बनिगये वाण् लागनाले तब ।
दश्वाण् क्रुद्ध भयेर छोडनु भयो शत्रुघ्नजीले पनी
टुक्टुक् पारिदिये तहाँ लवजिले साम्नेमहाँ छन्छनी ॥

(रामाश्वमेधकाण्ड ११९७)

**(ग) प्रतिवस्तूपमा**

पृथक् पृथक् रूपबाट निर्दिष्ट भिन्न वाक्यमा
समान धर्मै छ जहाँ प्रतिवस्तूपमा त्यहाँ ॥

**उदाहरण**

हे नाथ ! त्यो सुमदलाई नटेरि केही
बस्मा म गर्दछु न होस् अब खेद तेही ।
सेवक् छँदा छँदइ लौ मजिले समान
यो कार्य के समभनू प्रभुले महान ॥

(रामाश्वमेधकाण्ड १९५)

यहाँ सेवकको काम नै मालिकको सेवा गर्नु हो र म जस्तो शूरवीर छँदा–छँदै तपाईंलाई के चिन्ता भन्न कामदेवको इन्द्रप्रतिको उक्तिमा पूर्वापर–वाक्य निर्दिष्ट धर्म मिल्न–मिल्न खोजे जस्तो लागेकोले यसलाई प्रतिवस्तूपमा भनिएको हो ।

**(घ) अर्थान्तरन्यास**

मुख्यार्थको भए अर्को अर्थान्तर समर्थक ।
अर्थान्तरन्यास हुन्छ त्यो अलङ्कार सार्थक ॥

**उदाहरण–**

हे नाथ ! यो सुमदलाई नटेरि केही
वस्मा म गर्दछु न होस् अब खेद तेही ।
सेवक् छँदा छँदइ लौ मजिले समान
यो कार्य के समभनू प्रभुले महान ॥

(रामाश्वमेधकाण्ड १९५)

प्रस्तुत पद्यमा पूर्वोक्त मुख्य कुरालाई समर्थन दिँदै अर्को अर्थ आएकोले अर्थान्तरन्यास हुन्छ ।

**(ङ) व्याजोक्ति**

छुट्टै कारण देखाई वृत्त-आकार गोपन ।
जहाँ गरिन्छ त्यो हुन्छ व्याजोक्ति यसरी चिन ॥

उदाहरण –

धूपको कडा परनगो र अतीव राग
आँखा मिचें छइन दिलतिर क्यै विराग ।
रुमाल चिसो हुनगयो वहि धर्पसीना
ई मोति हुन् स्तनहरूबिच सूक्ष्मदाना ॥

प्रस्तुत पद्यमा यथार्थ विछोडजन्य आँशुलाई धूपको रागजन्य भनी गोपन गरिएकोले व्याजोक्ति हुन्छ ।

**(च) अर्थापत्ति**

कैमुत्य न्यायकोद्वारा अर्थसिद्धि भए कुनै ।
अर्थापत्ति अलङ्कार हुन्छ भन्छन् सुधी कुनै ॥

**उदाहरण**

आज्ञा हवस्त विधिको पनि कार्यभंज
पाऊँ न ई युवतिबाट दिलाई रंग ।
हो कौन यो सुमद मानिस एक पाजी
तिन् चुट्किमा वश परी भनला हँ हाँजी ॥

(रामाश्वमेधकाण्ड १९६)

यहाँ सुमद राजर्षिको तपोभङ्गको क्रममा इन्द्रद्वारा बोलाएर फुर्काइएको कामदेवद्वारा इन्द्रसँग गरेको चाटुकारिताको क्रममा यो कुरा आएको छ । प्रस्तुत श्लोकमा आज्ञा नै भए सृष्टिकर्ता व्रह्मालाई नै म चुनौती दिन सक्षम छु, पाजी मनुवा त मेरो शक्ति अगाडि के हुन सक्छ ? अतः यहाँ अर्थापत्ति छ ।

**(छ) उदात्त**

औदार्य सन्तहरूको र लोकोत्तर वैभव ।
भए उदात्तालङ्कार हुन्छ भन्छन् त्यहाँ सब ॥

**उदाहरण**

श्रीरामको प्रबल कीर्ति प्रभाव जाहाँ
जोबाट रावणवधादि सुनेनि ताहाँ ।
शत्रुघ्नले तिनिहरूकम खुश् भयेर
दिन्थे अती धन पनीइ लिउन् भनेर ॥

(रामाश्वमेधकाण्ड १६३)

यहँ भगवान् रामको उदार चरित्रको मुक्त कण्ठद्वारा गरिएको गानबाट प्रसन्न भएका शत्रुघ्नले बर्षाएको उदार प्रसङ्ग आएकोले यहाँ स्पष्ट उदात्त अलङ्कार सिद्ध भएको छ ।

**(ज) दृष्टान्त**

वाक्यद्वयस्थ साधर्म्य उपमानोपमेयको ।
प्रतिबिम्ब, अलङ्कार हुन्छ दृष्टान्त नामको ॥

**उदाहरण**

ठान्छू ठूलो हुनु त दुःख रहेछ वाली
यो पिर् मलाई, अरू हिड्छन् फूर्तिशाली ।
ताराहरूकन नटेरि सदैव राहू
पकन्छ चन्द्रकन लौ तिमि नै बताऊ ।

(रामाश्वमेधकाण्ड १९१)

यहाँ सर्वसाधारणलाई सामाजिक वेदनाले नछुने र राहु ग्रहले पनि अरू तारालाई न छोएर चन्द्रलाई नै गास्ने भन्ने यी दुवै कुराको उपमान र उपमेयगत साधर्म्य प्रतिबिम्ब उस्तैउस्तै हुन पुगेकोले यो दृष्टान्त बन्न पुगेको छ ।

**(झ) सन्देह**

जहाँ प्रकृतमा हुन्छ अन्यको यदि संशय ।
त्यो सन्देह अलङ्कार हुन्छ भन्छन् असंशय ॥

**उदाहरण**

नीलपर्वत्को झलमल छटा कोटि सूर्य समान
देख्दा राजाकन परिगयो संशयै यो महान ।
आगैको हो कि खुब वलदो एकठामै रहेको
ज्वाला हो वा विजुलिहरूको मात्र थुप्रो बनेको ॥

(रामाश्वमेधकाण्ड ३९४)

प्रस्तुत पद्यमा नीलगिरि पर्वतको वर्णन भएको र उक्त क्रममा गरिएको नीलगिरिको दर्शनजन्य अग्निज्वाला हो वा विद्युद्पुञ्ज इत्यादि विषयक सन्देह चमत्कारी रूपमा आएकोले यहाँ सन्देह अलङ्कार नै बनेको छ ।

**(ञ) स्वभावोक्ति**

**उदाहरण**

वरिपरि शुभ–वेदध्वानले घन्कियेको
अति हवन हुँदा त्यो रापले रन्कियेको ।
घर सरि कलचौंडे गाइले शोभियेको
मृग हरिणहरूले पाउरी मारियेको ॥

(रामाश्वमेधकाण्ड २६०)

प्रस्तुत पद्यमा पावन तपोवनको अलौकिक र यथार्थ वर्णन आएकोले यो पद्य स्वभावोक्ति अलङ्कारको सुन्दर उदाहरण बनेको छ ।

**अन्य उदाहरण**

शत्रुघ्नलाई रघुनाथजिले सहर्ष
आलिङ्गनै दिनुभयो गरि अश्रुवर्ष ।
शत्रुघ्नता चरणपङ्कजमा परेर
गर्दाभये प्रणति खूब खुशी भयेर ॥

(रामाश्वमेधकाण्ड १२६९)

**(ट) काव्यलिङ्ग**

जहाँ बन्न पुगेको छ हेतु–वाक्यपदार्थता ।
त्यो काव्यलिङ्ग हो भन्छन् बुझ्केकाले यथार्थता ॥

**उदाहरण–**

जुन् ठाउँमा छ प्रभुको त सवारि ताहाँ
यो मन् टुपुक्क पुगि जान्छ रहन्न ज्ञाहाँ ।
जाहाँ पुगे रवि उहीं पुगिहाल्छ छाया
यस्तै विचित्र गतिको विधिको छ माया ।

(रामाश्वमेधकाण्ड १४३)

यो उक्ति एक पावन चरित्र पतिव्रता गृहिणीको हो र आफ्ना पति परदेश जान लाग्दा विछोडिदै गर्दाको मार्मिक अभिव्यक्ति छ । सूर्यसँग छाया पुगे झैं प्रियतमसँग आफ्नो

माया पुग्ने कार्यकारणमूलक शैलीमा मुख्यतः हेतु नै वाक्य पदार्थ बन्न पुगेकोले यहाँ काव्यलिङ्ग बनेको छ ।

**(ग) गुण र रीति**

जसरी शूरता, उदारता, कारुण्य, सदाचारता जस्ता गुणहरू मान्छेका ती शरीरका नभएर आत्माका हुन्छन् । अतः जहाँ काव्यका आत्मा रसादिहरू छन्, त्यही नै गुणहरू रहने गर्दछन् भन्ने हाम्रा पौरस्त्य आचार्यमध्ये ध्वनिवादी आचार्यको मत रही आएको छ ।

प्रस्तुत काव्यमा प्रायः भाषाको अशुद्ध प्रयोगबाट हरेक शब्दको उच्चारणमा आउने एउटा सहज ओज, माधुर्य र प्रसन्नता आदिको त्यसै आफैमा अनुभूति नहुनु र भाषागत उल्झन मै उद्विग्न पाठकको हृदयमा आनन्दानुभूति नहुनु, कविले आफ्नो असमर्थतावश कल्पित भावको शब्दार्थद्वारा सम्यक् मूर्तता दिन नसक्नु जस्ता केही दोषहरूले यो काव्य काव्योन्मुख मात्र बन्न पुगेको छ । अतः यहाँ गुण र रीतिको स्थिति केही कमजोर देखापरेको छ । जब रस छैन त गुण पनि छैन, जब गुण नै छैन भने तब रीति हुने कुरै भएन ।

बज्र्यो शिला शिवजिको रथ खण्डखण्ड
बन्दोभयो अति प्रचण्ड मिलेर दण्ड ।
यस्तो भयंकर ठुलो हनुमान काज
देखेर दङ्ग हुनगो सुरको समाज ॥

(रामाश्वमेधकाण्ड ८०८)

प्रस्तुत पद्य वीर रसको हो परन्तु यस उदाहरणमा रसोचित बन्ध नभएकोले यहाँ गौडी रीति वा ओज गुण बन्न सकेको छैन । कविको काव्य बन्धमा कुनै ओज नै छैन । यस कारणले उक्त काव्यलाई परिष्कार गर्न सके केही राम्रो उदाहरण बन्न सक्थ्यो कि ।

यसरी काव्य विज्ञानको जब एउटा सिँडी बिग्रीयो, तब सिङ्गो सोपान नै बिग्रियो ।

**(घ) दोष**

कवि शालिग्रामले सम्भवतः तुलसी दासले जस्तो जनजिब्रोको भाषामा काव्य लेखेर लोकप्रियता प्राप्त गर्ने आँट गरेको हुनुपर्छ परन्तु उनी त्यति सफल भने भएका छैनन् । उदाहरणको लागि –

"छौ क्षत्रियासुत क्वही गर खूप हूप ॥"

(रामाश्वमेधकाण्ड १२४७)

प्रस्तुत पद्यमा 'कोही' यस्तो प्रयोग नगरेर 'क्वही' यस्तो प्रयोग गरिएको छ । संस्कृत शब्दको उच्चारण समेत सग्लो हुने गरी प्रयोग गरिएको छैन । जसले गर्दा उनले यो काव्य केही अशुद्धि भने बनाएका छन् । कवि लेखनाथ पौडेल (वि.सं. १९४१–२०२२) ले चरम उचाइ लिइसकेको र विद्वत् शिरोमणि कुलचन्द्र गौतम (वि.सं. १९३४–२०१५) सँग उनको प्रत्यक्ष सम्पर्क भएको कुरा धेरै उदाहरणहरूले पुष्टि गरिसकेका छन् भने पण्डितराज सोमनाथ सिग्द्यालसँग उनको प्रत्यक्ष वा परोक्ष प्रभाव ग्रहिता हुनुपर्ने थियो । उनले पनि संस्कृत लगायत नेपालीमा धेरै कृतिहरू लेख्नुको साथै **आदर्श राघव** जस्तो उदाहरणीय महाकाव्य लेखेका छन् । उनको समय पनि यही नै थियो ।

उनले कविता लेख्दा त्यहाँ प्रयोग गरेका शब्दलाई थोरै मात्र यता–उति पारेमा पनि आफ्नो त्रुटी सुधार हुने थियो परन्तु उनले यसो गरेनन् । जस्तै :

"जन्माईकन धेर पुत्र घर घर कूकुर्नि खान्छे कलो"

(रामाश्वमेधकाण्ड १९)

प्रस्तुत हरफलाई यदि थोरै हेर–फेर गर्न सकेमा मात्र यो धेरै राम्रो पठ्य र दोषमुक्त बन्न सक्थ्यो । जस्तै –

"जन्माईकन धेर पूत्र घर घर खान्छे कुकुर्नी कलो"

त्यसैगरी –

"देख्नोस् आज तपैगरी त्रिभुवनै पार्दिन्छु लौ थर्थरी"

(रामाश्वमेधकाण्ड २०)

प्रस्तुत हरफलाई –

'देख्नोस् आज तप त्रिभुवनै पार्दिन्छु ............'

यस्तो पाठ गरेको भए धेरै दोषमुक्त हुने थियो परन्तु यति हुँदाहुँदै पनि शालिग्राम गौतम संस्कृति, धर्म, राष्ट्र, राष्ट्रियता र राष्ट्रभक्ति आदिको सम्बन्धमा ज्यादै उच्च छन् । उनको शास्त्रीय चिन्तन र विचारको उचाइले उनी यस राष्ट्रको लागि महान छन् । उनीबाट राष्ट्रवासी नेपालीले सिक्नुपर्ने महान् गुणहरू धेरै नै छन् ।

### ४.१.८ शैली

कविताको बृहत् रूप महाकाव्य भएको हुनाले यसमा युग जीवनको विराट र व्यापक प्रस्तुतीका साथै शैली उदात्त र गरिमापूर्ण हुन्छ । महाकाव्यको समग्र तत्त्वहरूलाई यथोचित

रूपमा सङ्गठन र सुदृढीकरण पनि शैलीले नै गरेको हुन्छ । प्रकृतिलाई मानवीकरण गरेर अथवा प्रकृतिको अतिशयोक्तिपूर्ण चित्रणद्वारा विराट् सौन्दर्यको सृष्टि गरिने प्रवृत्ति पनि शैलीमा रहेको हुन्छ । विविध अलङ्कार, विविध छन्द तथा त्रिगुणले युक्त शब्द र रसले परिपूर्ण भाषा महाकाव्यका निमित्त प्रभावकारी हुने हुनाले यस्तै विशिष्ट र असाधारण शैलीको उपयोग महाकाव्यमा हुन्छ ।

कवि गौतमले **रामाश्वमेधकाण्ड**मा वर्णनात्मक शैलीको प्रयोग गरेका छन् । उनले भाषाको प्रयोग गर्ने तरिकाका आधारमा नै शैलीलाई सजिलैसँग छुट्याउन सकिन्छ । गौतमले **रामाश्वमेधकाण्ड**मा प्राथमिक एवम् माध्यमिककालीन हलन्त शब्दहरूको अत्यधिक मात्रामा प्रयोग गरेका छन् । यसको तात्पर्य प्रस्तुत काव्यमा भानुभक्त रामायणकै शैलीको प्रयोग भएको छ । जसले गर्दा प्राथमिककालीन परम्परालाई नै अँगालेर काव्य रचना गरेका छन । भानुभक्त रामायणकै शैलीको नमूना यसप्रकार छ –

एक् दिन शेषजिका पुगेर नगिचै वात्स्यायनैले पनी
बिन्ती गर्नुभयो वडो विनयले प्रश्नै म गर्छू भनी ।
श्रीराम्चन्द्रजिका कथानक अघी राखी ममाथी दया
आज्ञा गर्नुभयो प्रभो ! हजुरले पूर्वार्धमा जो थिया ॥
(रामाश्वमेधकाण्ड २)

### ४.१.९ योगदान

शालिग्रामको **रामाश्वमेधकाण्ड** पद्मपुराण पाताल खण्डको १ देखि ६८ अध्यायसम्मका जम्मा ४३०९ श्लोकमा वर्णित अश्वमेध यज्ञ वर्णनको कथानक नै प्रस्तुत काव्यको उपजीव्य रहेको छ ।[६७] उनले अविरल प्रवाह रूपमा कथोपकथनलाई अघि बढाउँदै पर्याप्त मात्रामा मौलिकता थपेका छन् र गौतमले रामाश्वमेधकाण्डमा निजत्व प्रदान गरेको कुरालाई नकार्न सकिँदैन ।

गौतमले **रामाश्वमेधकाण्ड** का माध्यमबाट पूर्वीय चिन्तनलाई भित्र्याएका छन् । **रामाश्वमेधकाण्ड** भक्तिकाव्य मात्र नभई यसमा भक्ति र दर्शनको समन्वित रूप प्राप्त हुन्छ । गौतमको चिन्तनको गाम्भीर्यता र व्यापकता उच्च रहेको पाइन्छ । **रामाश्वमेधकाण्ड** मा वर्णित घटना, पात्र कथानक परम्परित भए तापनि त्यसमा नेपाली वातावरण प्रचुर

[६७] ऐजन, पृ. ४१ ।

मात्रामा पाइन्छ । तत्कालीन समाजको चित्रण, रामको चरित्र, वानरहरूको वीरता सबै नेपालीपनले ओतप्रोत भएका छन् । उनको अत्यन्त सजीव र नेपालीपनले परिवेष्टित भएको भाषाशैली प्राप्त हुन्छ –

तन्मन्ले भदनै गरी चरणको दासी बसेकी थियें
उेले त्यागनुभो अकारथहाँ त्यस्तो विारम् के गरें ।
मन्मा गर्दछु प्रार्थना मत प्रभो ! हाम्रैं हरेक जन्ममा
दासी हून मिलोस् भगवान् ? यै भारतै वर्षमा ॥
(रामाश्वमेधकाण्ड ११४१)

यसमा पौराणिक सीताको वेदना नभएर नेपाली नारीको यथार्थरूप झल्कन्छ । शालिग्रामको **रामाश्वमेधकाण्ड** सर्वसाधारणले सहजै बुझ्न सक्ने भाषामा लेखिएको छ । जनजिव्रोको भाषालाई गौतमले प्राथमिक दिनु र धेरै क्लिष्ट शब्दहरूको प्रयोग नगर्नु उनको लेखनगत वैशिष्ट्य हो । **रामाश्वमेधकाण्ड**मा प्रयुक्त शब्दहरू कोमल र माधुर्ययुक्त हुनाले नै यसको भाषा सरल र सुवोध भएको हो । यसरी जनसाधारणले सहज रूपमा बुझ्ने भाषा र परिवेशमा गौतमले **रामाश्वमेधकाण्ड**लाई उभ्याएका छन् । गौतमले नेपाली भाषामा लिखित कृतिलाई सकेसम्म नेपाली भाषीहरूको लागि सरल र बोधगम्य बनाउन बाँकी राखेका छैनन् ।[६८] नेपाली साहित्यलाई भाषा र छन्दका साथै उनले आध्यात्मिक चेतना, रामको गरिमामय आदर्श चरित्रको उल्लेख पनि गरे । यसका साथै भक्तिधारालाई पनि अनुसरण गरे ।

सीतालाई जीवनभर पति व्यथा सहन गर्न पर्नु, तपोवनमा गएर पुत्र प्रसव गर्नपर्नु, पतिकै वीरहमा देह त्याग गर्न पर्नुको के रहस्य छ ? र त्यति शक्तिशाली कलङ्क लगाउने धोवी को हो ? को थियो आदि पौराणिक गूढ रहस्यहरूलाई गौतमले आफ्नो गम्भीर अध्ययनद्वारा यस कृतिमा उद्घाटन पनि गरेका छन् ।[६९]

यसरी गौतमले मौलिक नेपाली भाषाका माध्यमबाट **रामाश्वमेधकाण्ड** रचना गर्नु र त्यसमा पनि काव्यात्मकता प्रदान गर्नु नै उनको वैशिष्ट्य हो । नेपाली भाषा, जाति, संस्कार, संस्कृति र साहित्यलाई एकताको सूत्रमा बाँध्नु, भक्ति, दर्शन र राष्ट्रिय भावना

---

[६८] ऐजन, पृ. ४५ ।

[६९] ऐजन, पृ. ४४ ।

जागृत गराउनु **रामाश्वमेधकाण्ड**का सबल पक्ष हुन् र यही नै गौतमको **रामाश्वमेधकाण्ड**को योगदान पनि हो ।

### ४.१.१० 'रामाश्वमेधकाण्ड' महाकाव्यको निष्कर्ष

**रामाश्वमेधकाण्ड** नामक कृति कवि शालिग्राम गौतमद्वारा लिखित शिवप्रताप राघोरामद्वारा वि.सं. १९९३ मा बनारसबाट छापिएर प्रकाशित भएको काव्य ग्रन्थ हो ।

पूर्वीय महाकाव्यीय प्रबन्ध सङ्गठनका दृष्टिले महाकाव्य समकक्षी मान्न सकिन्छ । पूर्वीय महाकाव्य सिद्धान्त अनुसार आठसर्ग भन्दा बढी भएको काव्यकृतिलाई महकाव्य भनिन्छ परन्तु प्रस्तुत काव्यमा सर्गहरू नदेखाई अविरल प्रवाह रूपमा कथोपकथनलाई अघि बढाउँदै लगिएको छ । **पद्मपुराण** पाताल खण्डको १ देखि ६८ अध्याय सम्मका जम्मा ४३०९ श्लोकमा वर्णित कथानक नै प्रस्तुत **रामाश्वमेधकाण्ड**को उपजीव्य रहेकोले पौराणिक काव्य भन्न सकिन्छ । आदर्श पुरुष रामको चरित्रको वखान गर्ने हुँदा हुँदै पनि रामचन्द्रले अश्वमेध यज्ञ गर्नुपर्नाको कारण दर्शाउँदै विस्तृत रूपमा दिग्विजय वर्णन र अन्तमा सीतारामको सुमधुर मिलनसम्मको कथांशलाई समेटेर लेखिएको प्रस्तुत काव्यको नामले पनि उक्त कुराको सूचना दिन्छ । पूर्वीय महाकाव्य अवधारणाअनुसार उक्त कृतिमा अङ्गी रसका रूपमा वीर र आवश्यकता अनुसार श्रृङ्गार, हास्य आदि अन्य रसहरू पनि रहेका छन् । सरल, आलङ्कारिक भाषाशैलीमा संरचित प्रस्तुत काव्यकृतिमा १३६५ श्लोकहरू रहेका छन् । सहज, सरल शब्द छनौटमा सिपालु देखिएका कवि गौतमले आवश्यकताअनुसार शब्दालङ्कार एवम् अर्थालङ्कारको प्रयोग गरेका छन् । आरम्भमा गणेशको स्तुतिरूप मङ्गलबाट प्रारम्भ गरेका छन् । सर्ग विभाजन नदेखाइए पनि गणेशको स्तुतिरूप मङ्गल, अङ्गाअङ्गी रस प्रयोग, १००० भन्दा बढी श्लोक एवम् बहुल पात्र त्यसमा पनि नायक शुरवीर, कुलीन, धीरोदात्त, महान् पात्रका रूपमा प्रयोगका दृष्टिले झट्ट हेर्दा महाकाव्य जस्तो लागे पनि महाकाव्यभित्र आउनुपर्ने जीवनको पूर्णता, परिवेश आदिमा पूर्णता विशेष व्याप्ति भएकाले यस कृतिलाई महाकाव्यकै श्रेणीभित्र राख्न सिद्धान्त प्रतिकूल हुने देखिन्छ । कविताको वृहत्तम आकारलाई प्रस्तुत काव्यले पूर्णतया अङ्गीकार गर्न सकेको छैन । सर्ग र अन्य व्यापक परिधि पनि महाकाव्यका लागि आवश्यक हुन्छन् । यस्ता धेरै कुराहरूमा **रामाश्वमेधकाण्ड** पछि परेको अनुभव हुन्छ । यस काव्यलाई पूर्ण महाकाव्य नभनी समकक्षी काव्यका रूपमा लिनु उपयुक्त देखिन्छ ।

नेपाली जनजिब्रोमा पचेका कथ्य भाषाको प्रयोगले काव्य स्वाभाविक देखिए पनि साहित्यिक भाषिक मर्यादा उल्लङ्घन गरेको देखिन्छ । प्रस्तुत कृतिमा केही भाषिक कमजोरीहरू पनि रहेका छन् । त्यसकारण पनि पूर्ण उदात्त नै भन्न नसकिने अवस्था देखिन्छ । कविमा शब्द सम्पत्ति र शब्दनिर्माणको सम्बन्धमा व्याकरणादिको ज्ञान र अलङ्कार, रस, गुण, व्यङ्ग्य आदिको सम्बन्धमा सिङ्गै विश्वसाहित्य सिद्धान्तको अवगत भएर पनि त्यसलाई आत्मसात् गर्न सकेका छैनन् । कविमा अगाध शास्त्रज्ञान र पौरस्त्य काव्यकला सम्बन्धमा ज्ञान भए पनि उनीमा नेपाली भाषिक वैशिष्ट्यको ज्ञान र अभिव्यक्तिको कला भने त्यति देखिएन । उनले सम्यक भावाभिव्यक्ति लेखनाथ, कुलचन्द्र वा सोमनाथ जस्ता समकालिक विद्वान्को कोटीमा उक्लेर गर्न सकेनन् । तसर्थ प्रस्तुत काव्यलाई महाकाव्य समकक्षी काव्यका रूपमा हेर्न सकिन्छ । यस प्रकारको काव्य लेखेर कवि गौतमले नेपाली महाकाव्य परम्परामा नौलो आयाम थपेका छन् ।

## ४.२ महाकाव्यकारका रूपमा शालिग्राम गौतम र उनको 'शाहवंशचरित' महाकाव्यको अध्ययन

नेपाली साहित्यका क्षेत्रमा शालिग्राम गौतमले **शाहवंशचरित** नामक काव्य लेखेर ठूलो योगदान पुऱ्याएका छन् । उनले ऐतिहासिक विषयवस्तुमा आधारित मौलिक काव्य सृजना गरी नेपाली साहित्यको भण्डारलाई उर्वर तुल्याएका छन् ।

कवि गौतमको **शाहवंशचरित** काव्य प्रकाशनको स्थितिलाई हेर्दा उनको काव्य वि.सं. १९९२ मा पं. दिव्यदेव पन्तले काँशीमा छापेको देखिन्छ ।[७०] वि.सं. १९९२ मा **बुइँगल**मा प्रकाशित **शाहवंशचरित**का प्रकाशक दिव्यदेव पन्तलाई नै यसका लेखक भनिएको छ ।[७१] परन्तु टेकनाथ गौतमको भनाइ अनुसार वि.सं. १९८८ मा पं. दिव्यदेव पन्त बनारसमा आएर बस्दा उनी शालिग्रामसँग पुराना कुराहरूबारे गफ गर्न डेरामा आइरहने गर्दथे ।[७२] उनले नै उत्प्रेरित गरेर शालिग्रामले **श्री ५ हरूको वंशावली** नामक ऐतिहासिक काव्य लेखी एक प्रति दिव्यदेव पन्तलाई दिएर एकप्रति आफैले राखेका थिए । दिव्यदेव पन्तले **श्री ५ हरूको वंशावली**का केही श्लोकहरू र अरू कसैले लेखेका केही श्लोकहरू मिलाएर

[७०] शरदचन्द्र शर्मा भट्टराई, "शालिग्राम गौतम एक विस्मृत व्यक्तित्व", **कान्तिपुर कोसेली** (२०५०, मंसिर १२), पृ. ख ।

[७१] सुशील गौतम, "श्री ५ हरूको वंशावलीको यथासम्म नालीवेली" **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. ७८ ।

[७२] ऐजन ।

**शाहवंशचरित** नामक काव्य छपाएका हुन् ।[७३] **शाहवंशचरित** र **श्री ५ हरूको वंशावली**का उपलब्ध अंशको मिल्दा श्लोकहरूको सूचि निम्न बमोजिम छ ।

| क्र.सं. | 'श्री ५ हरूको वंशावली'को श्लोक सङ्ख्या | 'शाहवंशचरित' का श्लोक सङ्ख्या प्रथम सर्ग |
|---|---|---|
| १ | २२ | ४४ |
| २ | २३ | ४५ |
| ३ | २४ | ४६ |
| ४ | २५ | ४७ |
| ५ | २६ | ४८ |
| ६ | २७ अगाडिका दुई पाउ | ४९ अगाडिका दुई पाउ |
| ७ | ३३ | ५७ |
| ८ | ३४ अगाडिका तीन पाउ | ५८ अगाडिका तीन पाउ |
| ९ | ४० | ६९ |
| १० | ४१ | ७० |
| ११ | ४२ | ७१ |
| १२ | ४४ | ७४ |
| १३ | ४९ | ८१ |
| १४ | ५० | ८२ |
| १५ | ५१ | ८३ |
| १६ | ५२ | ८४ |
| १७ | ५३ | ८५ |
| १८ | ५४ | ८६ |
| १९ | ५५ | ८७ |
| २० | ५६ | ८८ |
| २१ | ५७ | ८९ |
| २२ | ५८ | ९० |
| २३ | ५९ | ९१ |

[७३] ऐजन ।

| | | |
|---|---|---|
| २४ | ६० | ९२ |
| २५ | ६१ | ९३ |
| २६ | ६२ | ९४ |
| २७ | ६३ | ९५ |
| २८ | ६४ | ९६ |
| २९ | ६६ | ९९ |
| ३० | ६७ | १०० |
| ३१ | ६८ | १०१ |
| ३२ | ६९ | १०२ |
| ३३ | ७० | १०४ |
| ३४ | ७१ | १०५ |
| ३५ | ७२ अगाडिका दुई पाउ | १०६ अगाडिका दुई पाउ |
| ३६ | ७५ | ११३ |
| ३७ | ७६ | ११४ |
| ३८ | ७७ | ११५ |
| ३९ | ७८ | ११६ |
| ४० | ७९ | ११७ |
| ४१ | ८० | ११८ |
| ४२ | ८१ अगाडिका दुई पाउ | ११९ अगाडिका दुई पाउ |
| ४३ | ८३ | १२२ |
| | | द्वितीय सर्ग |
| ४४ | ८७ | ६ |
| ४५ | ८९ | ८ |
| ४६ | ९० | ९ |
| ४७ | ९१ | १० |
| ४८ | ९२ | ११ |
| ४९ | ९३ | १२ |
| ५० | ९४ | १३ |
| ५१ | ९५ अगाडिका दुई पाउ | १४ |

| | | |
|---|---|---|
| ५२ | ९५ पछाडिका दुई पाउ | १५ अगाडिका दुई पाउ |
| ५३ | ९६ अगाडिका दुई पाउ | १५ पछाडिका दुई पाउ |
| ५४ | ९६ पछाडिका दुई पाउ | १६ अगाडिका दुई पाउ |
| ५५ | ९७ अगाडिका दुई पाउ | १६ पछाडिका दुई पाउ |
| ५६ | ९७ पछाडिका दुई पाउ | १७ अगाडिका दुई पाउ |
| ५७ | ९८ अगाडिका दुई पाउ | १७ पछाडिका दुई पाउ |
| ५८ | ९८ पछाडिका दुई पाउ | १८ अगाडिका दुई पाउ |
| ५९ | ९९ अगाडिका दुई पाउ | १८ पछाडिका दुई पाउ |
| ६० | ९९ पछाडिका दुई पाउ | १९ अगाडिका दुई पाउ |
| ६१ | १०० अगाडिका दुई पाउ | १९ पछाडिका दुई पाउ |
| ६२ | १०० पछाडिका दुई पाउ | २० अगाडिका दुई पाउ |
| ६३ | १०१ अगाडिका दुई पाउ | २० पछाडिका दुई पाउ |
| ६४ | १०१ पछाडिका दुई पाउ | २१ अगाडिका दुई पाउ |
| ६५ | १०२ अगाडिका दुई पाउ | २१ पछाडिका दुई पाउ |
| ६६ | १०२ पछाडिका दुई पाउ | २२ अगाडिका दुई पाउ |
| ६७ | १०३ | २२ पछाडिका चार पाउ |
| ६८ | १०४ | २३ |
| ६९ | १०५ | २४ |
| ७० | १०६ | २५ |
| ७१ | १०७ | २६ |
| ७२ | १०८ | २७ |
| ७३ | १०९ | २८ |
| ७४ | ११० | २९ |
| ७५ | ११९ | ४४ |
| ७६ | १२० | ४५ |
| ७७ | १२१ | ४६ |
| ७८ | १२२ | ४७ |
| ७९ | १२३ | ४८ |
| ८० | १२४ | ४९ |

| | | |
|---|---|---|
| ८१ | १२५ | ५० |
| ८२ | १२६ | ५१ |
| ८३ | १२७ | ५२ |
| ८४ | १२८ | ५३ |
| ८५ | १२९ | ५४ |
| ८६ | १३० | ५५ |
| ८७ | १३१ | ५६ |
| ८८ | १३२ | ५७ |

यसरी दिव्यदेव पन्तले कवि गौतमको **श्री ५ हरूको वंशावली** नामक ऐतिहासिक काव्य र अरू कसैले रचना गरेका केही श्लोकहरू मिलाएर **शाहवंशचरित** काव्य प्रकाशन गरेका छन् । दिव्यदेव पन्तले **शाहवंशचरित** काव्यमा **श्री ५ हरूको वंशावली** का केही श्लोक पुरै नै उतारेका छन् भने केही श्लोक दुई पाउ एवम् तीन पाउसम्म उतारेका छन् । कुनै कुनै श्लोकलाई शब्दहरू यता उता पारेका छन् भने केही श्लोकमा मात्र सामान्य शब्दहरू फरक गराएका छन् । जस्तै :

जब त यस रितीले राज्यको भोग पाया
खुशि भयि निति गर्थ्या राज्यमा राखि माया ।
जनहरू सव खुश् थ्ये देखि तिन्को सुचाल
नृयकन कहिं भेट्ता गर्दथ्ये नम्रभाल ॥

(श्री ५ हरूको वंशावली ५३)

जब यसरित ले त्यो राज्यको भोग पाया,
खुशिसित निति गर्थ्ये राज्यमा राखि माया ।
जनहरू सब खुस्थे देखि तिन्को सुचाल,
नृपकन कहिं भेट्ता गर्दथे नम्र भाल ॥

(शाहवंशचरित प्रथम सर्ग, ८५)

दिव्यदेव पन्तले **शाहवंशचरित** नामक काव्यलाई दुई सर्गमा विभाजन गरेका छन् । प्रथम सर्गमा १२५ वटा श्लोक रहेका छन् भने द्वितीय सर्गमा ११३ वटा श्लोक रहेका छन् । यस कृतिमा जम्मा जम्मी २३८ श्लोक सङ्ख्या रहेका छन् । प्रथम सर्गमा रहेका १२५ वटा

श्लोकमध्ये झण्डै ४३ वटा श्लोक **श्री ५ हरूको वंशावली** का रहेका छन् भने द्वितीय सर्गमा रहेका ११३ वटा श्लोकमध्ये झण्डै ४५ वटा श्लोक **श्री ५ हरूको वंशावली** का रहेका छन् । यसरी हेर्दा **शाहवंशचरित** का जम्मा २३८ श्लोकहरूमध्ये ८८ वटा श्लोक **श्री ५ हरूको वंशावली** का रहेका छन् ।

**शाहवंशचरित** काव्य समग्र दाङ जिल्लाको पहिलो प्रकाशित कृति पनि हो ।[७४] यही कृतिको प्रकाशनबाट नै कवि गौतमले आफूलाई दाङका कवि साहित्यकारहरूमा पहिलो कृतिकारका रूपमा उभ्याए ।[७५] शालिग्राम गौतमको **शाहवंशचरित** काव्यमा भएका सम्पूर्ण रचनाहरू उनको आफ्नै नभएकाले उनका आफ्ना रचनाहरूलाई मात्र ध्यानमा राखेर कृतिको विश्लेषण गरिन्छ । महाकाव्यको तत्त्वको आधारमा प्रस्तुत कृतिको विश्लेषण गर्नुपर्दा जुन जुन तत्त्वको आधारमा विश्लेषण गर्न सम्भव देखिन्छ, त्यही त्यही तत्त्वको आधारमा मात्र विश्लेषण गरिन्छ ।

### ४.२.१ शीर्षक

कुनै पनि काव्यको नामाकरण प्रायः काव्यको मुख्य विषयवस्तु, नायक-नायिका वा पात्र विशेषका नामबाट गरिएको हुन्छ । काव्यको शीर्षकबाट त्यसमा रहेको कथानक, घटना वा पात्र विशेषको सामान्य सङ्केत भएको हुन्छ । जुन पूर्वीय महाकाव्यकै सिद्धान्तमा आधारित छ । **शाहवंशचरित** काव्यको प्रथम सर्गको प्रारम्भमा भूपाल राणा, जगदेव खान, कुलमण्डन खानको सामान्य चर्चा गरिएको छ । त्यसपछि कुलमण्डन शाहको चर्चा गरिएको छ । 'खानबाट शाह कसरी भए, यसको चर्चा यस काव्यमा गरिएको छैन । शाहवंशका विविध राजाहरूमध्ये मुख्य रूपमा द्वितीय सर्गमा 'द्रव्यशाहचरितम्' उपशीर्षक दिएर द्रव्य शाहको सामान्य चित्रण गरिएको छ । तसर्थ काव्यको मुख्य विषयवस्तुबाट नै शीर्षकको चयन गरिएको छ ।

### ४.२.२ विषयवस्तु तथा संरचना

पूर्वीय महाकाव्य लक्षण शास्त्रले इतिहास, पुराण, दन्त्यकथाबाट लिइएको प्रसिद्ध कथावस्तु र सज्जन महापुरुषमा आश्रित एवम् कवि कल्पित कथावस्तु नै महाकाव्यको लागि उपयोगी मानेको छ । **शाहवंशचरित** मा शाहवंशका विविध राजाहरूको चर्चा गरिएको छ ।

---

[७४] उत्तमकृष्ण मजगैयाँ, **प्रवाह**, दाङ, लेखक सङ्घ, २०५४, पृ. ४५ ।

[७५] निर्मला शर्मा, **दाङ जिल्लाका कवि र तिनका कविताकृतिको अध्ययन,** अप्रकाशित शोधपत्र, २०५९, पृ. ३४ ।

मुख्यरूपमा द्वितीय सर्गमा द्रव्य शाहको सामान्य चित्रण गरिएकोले ऐतिहासिक विषयवस्तुलाई नै आधार बनाएर **शाहवंशचरित** नामक काव्य रचना गरिएको छ । **शाहवंशचरित** काव्यको कथाक्रम यसप्रकारको छ :

सर्वप्रथम यस ऐतिहासिक काव्यका प्रारम्भका पद्यहरू कवि गौतमका नभएकाले प्रथम सर्गको ४४ पद्यबाट कथाक्रम प्रारम्भ हुन्छ । यसका प्रथम कथानायक नै यस काव्यको ४४ औं पद्यको प्ररम्भमा देखा पर्दछन् । जसको नाम भूपाल राणा हुन्छ र उनी कुन ठाउँमा सुतेका थिए, त्यो ठाउँको सम्बन्धमा कतै पनि केही उल्लेख भएको छैन । जो यसप्रकार छ –

भूपाल राणा तहिं नीदमा परी
उठी क्यहि वेर्पछिता भनी 'हरी' ।
द्यौता खसेरै जिमिमा परेका
आफू त माथीतिर पो सरेका ॥

(शाहवंशचरित, प्रथम सर्ग ४४)

त्यसरी नीदमा परेका ती प्रथम कथानायक भूपाल राणा हरिको नाम लिँदै ब्युँभन्छन् । उनले कुनै एउटा देवता ल्याएका थिए । उनी ब्युँभदा ती देवता आफू सुतेको भन्दा तल खसेका थिए । यसप्रकारको बित्यास परेको देखेर उनी हडबडका साथ ती आफ्नो देवतालाई उठाउँछु भनेर भूपाल राणाले निकै प्रयास गरे परन्तु ती देवता जमिनमा टाँस्सिएका टाँस्सियै भए । त्यसपछि भूपाल राणाले उनको धूप-दीप र नैवेद्य गर्दछन् परन्तु उनी उठेनन् । त्यसपछि उनले म पनि यहीँ बस्नुपर्‍यो भनेर त्यहीँ नै घरजम गर्दछन् ।

एकदिन भूपाल राणाले म जस्तो उच्च खानदान, कुलीन, वीर र क्षत्रीय भएर पनि विना उद्योगको भएर बस्नु भएन भनी सोंचे । उनको जीविका पनि दिन प्रतिदिन कष्टकर भएर बितेको थियो । त्यसपछि उनले रणभूमि तर्फ लाग्नु पर्‍यो भनी विचार गर्दछन् ।

अव यश रितले भयेन बस्नै,
रणभुमि तर्फ पर्‍यो कमर्त कस्नै ।

(प्रथम सर्ग, ४९)

यसपछि कथाक्रम भङ्ग भएको छ । अर्का कथानायक जगदेव खानको चर्चा गरिएको छ । जगदेव खान ठूला शुभ कर्म गर्ने, सबैलाई सन्तुष्ट राख्ने, न्यायप्रेमी राजा थिए ।

त्यसपछि जगदेव खानका कुलमण्डन खान नाम गरेका छोरा जन्मिए । छोरा जन्मिएपछि उनी ज्यादै हर्षले विह्वल भए । त्यसपछि कुलमण्डन खानका सात भाइ छोरा जन्मिए ।

केही समय पछि लमजुङमा राजा मेरेर राजगद्दी खाली भयो । केही व्यक्तिहरू कुलमण्डन शाहसँग छोरा माग्न गए । माहिला कालु शाह, शुर वीर भएकाले तिनलाई दिँदा भए । कालु शाह राजा भएपछि लमजुङका मानिसहरू हर्षित भए तर दुर्भाग्यवश केही समयपछि त्यहाँको एउटा असन्तुष्ट जमातले शिकार खेल्ने बहानामा वन लगेर ती राजकुमारलाई षडयन्त्रले मारे । त्यसपछि लमजुङमा पराकाष्टा अराजकता छायो । त्यसपछि पुनः केही व्यक्तिहरू कुलमण्डन शाहसँग अर्को छोरा माग्न गए परन्तु असह्य पुत्र शोकमा डुबेका उनले मानिसहरूलाई छोरा दिएनन् । धेरै समयपछि मन कमलो पारेर पाँच राजकुमारमध्ये एकवटालाई आफैले छानेर लैजाओ भनी आज्ञा दिए । सुतेका राजकुमारहरूमध्ये कान्छा यशोवर्म शाहलाई लक्षणशाली देखेर उनीहरूले रातारात लमजुङ लगे । यशोवर्म शाह लमजुङका राजा भए ।

द्वितीय सर्गका प्रारम्भका पद्यहरू कवि गौतमका नभएकाले ६ पद्यबाट कथाक्रम प्रारम्भ हुन्छ । यस सर्गमा द्रव्य शाहको बारेमा सामान्य चित्रण गरिएको छ । त्यसैले द्वितीय सर्गको उपशीर्षक 'द्रव्यशाहचरितम्' दिइएको छ । यस सर्गमा द्रव्य शाहको राज्याभिषेक पछि समुद्रावती भन्ने रानीलाई विवाह गरेको प्रसङ्ग ल्याएर कथाक्रम टुङ्ग्याइएको छ ।

कोही कालपछि दव्यसाह नृपको विवाह गर्ना कनै
कन्याखोज्न भनी हिंडे दुतहरू लंजुङ् पुगेछन् कुनै ।
ताहिंबाट लियेर दाखिल भये कन्या सुशीला अती
तिन्कासाथ विवाह भो उ भनियिन् रानी समुद्रावती ॥

(द्वितीय सर्ग, ५७)

यसरी पूर्वीय महाकाव्य लक्षण शास्त्रले भने बमोजिम **शाहवंशचरित** नामक काव्य ऐतिहासिक विषयवस्तुमा आधारित रहेको छ । यसको संरचना पक्षलाई हेर्दा, यस काव्यलाई दुई सर्गमा विभाजित गरिएको छ । प्रथम सर्गमा १२२ श्लोकहरू भए पनि कवि गौतमका रचना भने झण्डै ४३ श्लोकहरू मात्र छन् । द्वितीय सर्गमा ११३ श्लोकहरू भए पनि कवि गौतमका रचना भने झण्डै ४५ श्लोकहरू छन् । यसरी हेर्दा जम्मा २३५ श्लोकहरूमध्ये कवि गौतमका ८८ श्लोकहरू मात्र देखिन्छन् ।

### ४.२.३ चरित्र

महाकाव्यको कथानकलाई अघि बढाउन एवम् महाकाव्यलाई प्रसिद्ध र जीवन्त तुल्याउन पात्र संयोजनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । महाकाव्यको नायक धीरोदात्त, कार्यमा दक्ष, शूरवीर, कुलीन एवम् चतुर हुनुपर्ने पूर्वीय महाकाव्य लक्षण शास्त्रले बताएको छ । क्षेत्रीय कुलमा जन्मेको कुनै एक अथवा धेरै राजाहरू पनि काव्यमा नायक हुन सक्ने र अन्य नायकको वर्णनबाट मूल नायकको चरित्र विकासमा सहयोग हुनुपर्ने पूर्वीय मान्यता रहेको छ । यसै आधारमा यस काव्यमा अनेक नायकहरूको चित्रण गरे पनि मुख्य नायक द्रव्य शाह नै रहेका छन् । झण्डै आधा काव्य जति उनकै बारेमा प्रस्तुत गरिएको छ ।

अन्य नायकमध्येमा कुलमण्डन शाह, कालु शाह, यशोवर्म शाह रहेका छन् । यसका अतिरिक्त अन्य नायकहरूले कथानकलाई अगाडि बढाउन सहयोग गरेका छन् ।

### ४.२.४ उद्देश्य

पूर्वीय आचार्यहरूको मान्यता अनुसार महाकाव्यको उद्देश्यको रूपमा धर्म, अर्थ, काम र मोक्षमध्ये एक प्रमुख रूपमा र अन्य पुरुषार्थहरू सहायक रूपमा रहनुपर्नेहुन्छ ।

प्रथमतः कवि शालिग्राम गौतमले **शाहवंशचरित** नामक काव्यमा केही राजाहरूको नाम उल्लेख गरेका छन् । उल्लेख गरिएका राजाहरूमध्ये द्रव्य शाहको बारेमा विशेषतः चित्रण गरिएको छ । **शाहवंशचरित** काव्यको द्वितीय सर्गमा 'द्रव्यशाहचरितम्' उपशीर्षक दिएर उनकै केन्द्रियतामा कथानक समाप्त भएको छ भने प्रथम सर्गमा पनि कुलमण्डन शाह, कालु शाह जस्ता राजाहरूको बारेमा छोटो-छोटो चर्चा गरिएको छ । तसर्थ शाहवंशका राजाहरूको चित्रण गर्नु नै काव्यको मुख्य उद्देश्य रहेको छ ।

दोस्रो कवि राजपरिवारका ज्यादै नै भक्त भएकाले यसबाट राजपरिवारमा पनि उनीप्रति विश्वास एवम् श्रद्धा रहन सक्दछ । त्यही विश्वास एवम् श्रद्धालाई प्राप्त गर्ने प्रयोजन पनि हुन सक्दछ ।

तेस्रो नेपाली साहित्यको भण्डारमा ऐतिहासिक र दुर्लभ कथावस्तुलाई सरल नेपालीमा प्रस्तुत गरेर साहित्यिक क्षेत्रमा रहेको कमी पूरा गर्ने उद्देश्य पनि त हुन सक्दछ ।

यसरी **शाहवंशचरित** का अनेकौँ प्रयोजन हुन सक्दछन् ।

### ४.२.५ भाषाशैली

अभिव्यक्तिको माध्यम नै भाषा हो । साहित्यकारहरूले भाषाको माध्यमद्वारा नै आफ्ना मनमा उब्जेका भाव एवम् तरङ्गहरूलाई प्रस्फुटन गर्दछन् परन्तु भाषाको माध्यमद्वारा प्रस्फुटन गरे पनि प्रयोग गर्ने तरिका भने सबैको फरक फरक हुन्छ । त्यही प्रयोग गर्ने तरिका नै शैली हो ।

कवि शालिग्राम गौतमले **शाहवंशचरित** काव्यमा सरल, सहज एवम् मिठासपूर्ण भाषाको प्रयोग गरेका छन् । कतिपय ठाउँमा हलन्त शब्दहरूको प्रयोग गरेका छन् भने कुनै शब्द ह्रस्व लेख्न पर्ने ठाउँमा दीर्घ र दीर्घ लैख्न पर्ने ठाउँमा ह्रस्व लेखेका छन् । त्यतिमात्र नभएर कतिपय ठाउँमा शब्दसित जोडिएको विभक्तिलाई छुट्टै लेखेका छन् । जस्तै :

दानले त द्विज को गरि शर्म,
गर्दथे अति ठुला पनि धर्म ।
ईनि बाट 'कुलमण्डन खान'
पुत्र पो हुन गये भनि जान ॥

(प्रथम सर्ग ७०)

यसबाट के स्पष्ट हुन्छ भने कवि गौतमले नेपाली भाषाको नियमलाई त्यति अनुसरण गरेको देखिँदैन ।

निष्कर्षमा कवि शालिग्राम गौतमले साहित्यिक भाषिक मर्यादालाई उल्लङ्घन गरे पनि काव्यको भाषा सरल, सहज, मिठासयुक्त एवम् बोधगम्य बनाएका छन् ।

(क) छन्द विधान

(ख) अलङ्कार

#### (क) छन्द विधान

पूर्वीय काव्याचार्यहरूले महाकाव्यको लेखन गद्यमा नभएर पद्यात्मक हुनुपर्ने मान्यता राखेका छन् । यसै आधारमा नै कवि गौतमले **शाहवंशचरित** नामक काव्य विविध छन्दहरूमा लेखेका छन् । उनले तेह्र प्रकारका छन्दहरूको प्रयोग गरेका छन् ।

उपर्युक्त छन्द व्यवस्थालाई स्पष्ट पार्न काव्यको निम्नलिखित श्लोकलाई उदाहरण स्वरूप प्रस्तुत गरिएको छ –

**उपजाति**

प्रभो घरैमा अहिले त जाञ्छौ
भोली सबै हाजिरनै हुनेछौं ।
भन्दा, विदा मिल्न गयोर हामी
फर्की यकट्ठा भयि नामिनामी ॥

(द्वितीय सर्ग २१)

**वंशस्थ**

अहो ! म जस्तो भइ क्षत्रियोत्तम
कुनै अहीले न गरेर उद्यम ।
मलाइ खानै पनि मुस्किलै हुने,
रिपू हरूले पनि  टेर्न छोड्ने ॥

(प्रथम सर्ग ४८)

**पुष्पिताग्रा**

अव यश रितले भयेन वस्नै
रणभुमि तर्फ पर्‍यो कमर्त कस्नै ।

(प्रथम सर्ग ४९)

**प्रहर्षिणी**

ईनी सव् जनहरूलाई आफ्ना साथ्
लीयी झट् हिड्नु भयो उंभो गरी माथ् ।
सेनाको बल पनि लौ गरौं भनेर,
छोप्राक् मा क्यहि दिन राज् भयो गयेर ॥

(द्वितीय सर्ग ८)

**मालिनी**

जब यसरित ले त्यो राज्यको भोग पाया,
खुशिसित निति गर्थ्ये राज्यमा राखि माया ।
जनहरू सब खुस्थे देखि तिन्को सुचाल,
नृपकन कहिं भेट्ता गर्दथे नम्र भाल ॥

(प्रथम सर्ग ८५)

**मालभारिणी**

अनि केहि पछी सबै यकट्ठा
भइ सल्लाह गरेर खूब पक्का ।
नृपते ! अब हामि क्यै उजूर
गरछौं सो सुनि बक्सियोस् हजूर ॥

(प्रथम सर्ग १०५)

**शिखरिणी**

तथापी यो ऐले तिमिहरू सबैले कशम धेर,
अनी बाचा बन्धन् बहुत गरदा पर्दछु म भर् ।
यसो हुँदा ऐल्हे तिमिहरूकनै कत्ति मत्रिले
विमुख् पार्नैलाई सकिन अति रोयौ र अहिले ॥

(प्रथम सर्ग ११५)

**शार्दूलविक्रीडित**

यस् रीत् ले लमजुङ् महाँ जब यशोबम्शाह लाई लगे,
अर्कादीन विहान झट पट गरी दर्वार मा सव् पुगे ।
विद्वान् धेर मिलेर वेदहरूका सम्पूर्ण मन्त्रै पढी
राज्यै को अभिषेक् गरे, नृप वसे सानन्द गादी चढी ॥

(प्रथम सर्ग १२२)

**इन्द्रबज्रा**

जस्तो अघी वेन् नृपले कुकर्म
गर्दामहाँ नष्ट भयोर धर्म ।
मीली ऋषीश्वर्हरु झट्ट जायी
क्रोधाग्निले झट्ट दिये जलायी ॥

(द्वितीय सर्ग २४)

**स्रग्धरा**

मन्मा एही लियेरै जवत सब त्रहाँ, हामि डूली रहेथ्यौं
आफै तत्पर्भयेका, प्रभुकन त त्रहाँ हामिले झट्ट भेट्यौं
के खोज्छेस कानि ? आँखा यहि सरि हुनगो, दैवको दृष्टि पर्दा
हर्षैको छैन सीमा, पछित कति अहो त्यो अधं पाजि मर्दा ॥

(द्वितीय सर्ग २६)

**मन्दाक्रान्ता**

यस्ता रित्ले जब जमि तहाँ वस्नुभो द्रव्य साह
यक् दिन् स्वप्नाबिच गरि भयिन् इष्टदेवी निगाह ।
हे वीर् ! यो वात् सुनन मकनै ल्याउने मन्भयेता
मैले सब्त्यो विधि पनि महाँ भन्दछू गर्नु यो ता ॥

(द्वितीय सर्ग ४४)

**वसन्ततिलका**

त्यो हाल पायि नृपती अति खुश् हुनू भो
एक् कोशतक् लिन भनीकन पालनूभो ।
देखनू भयोर दुयि दीप् न निभायि दाखिल्
हूने धनञ्जय-पुरोहित पुत्र को शील् ॥

(द्वितीय सर्ग ५०)

**स्वागता**

दानले त द्विजा को गरि शर्म
गर्दथे अति ठुला पनि धर्म ।
ईनि बाट 'कुलमण्डन खान'
पुत्र पो हुन गये भनि जान ॥

(प्रथम सर्ग ७०)

**(ख) अलङ्कार**

काव्यलाई सिँगारी त्यसलाई मनोहर एवम् रुचिकर तुल्याउने तत्त्व अलङ्कार हो । पूर्वीय आचार्यहरूले अलङ्कारलाई आ-आफ्नै दृष्टिकोणबाट हेरेका छन् । रसवादी एवम् ध्वनिवादी आचार्यहरूले यसलाई काव्यशोभावर्द्धक तत्त्व मात्र मानेका छन् । अनिवार्य तत्त्वका रूपमा मानेका छैनन् परन्तु अलङ्कारप्रेमी आचार्यहरूले अलङ्कारलाई काव्यको सर्वश्व मानेर त्यसलाई आत्माका रूपमा स्वीकार गरेका छन् ।

यसरी अलङ्कारका बारेमा पूर्वीय आचार्यहरूको फरक-फरक दृष्टिकोण भए पनि मुख्य रूपमा काव्यका गहना भनेका अलङ्कार हुन् । अलङ्कारले काव्यलाई सौन्दर्यानुभूति प्रदान गर्दछ ।

कवि शालिग्राम गौतमले **शाहवंशचरित** काव्यमा विविध अलङ्कारहरूको प्रयोग गरेका छन् । उदाहरण तल प्रस्तुत गरिन्छ –

**१. स्वभावोक्ति**

न शास्त्रको गर्छ विचार बोध
न गर्छ चौरादिहरू निरोध ।
न ता क्यही गर्दछ दान र पूजा
मुखैन धोयी पनि खान्छ भूजा ॥

(द्वितीय सर्ग २३)

प्रस्तुत पद्यमा राजा भएर राजोचित कर्म सबै छोडेर निस्क्रिय र मस्तीमा डुबेको गोर्खाको घले राजाको दोषहरूलाई सुन्दर शैलीले यथार्थ उदाङ्ग पारेकोले स्वभावोक्ति अलङ्कार भएको छ ।

**२. काव्यलिङ्ग**

भन्छन् असह्य हुनगो न भयेर भूप,
जागीरहेछ बलियो निरदो छ चूप ।
बोल्यो भने उ त तयार्परिहाल्छ धस्न
यस्तो भयेपछि कसोरि शकिन्छ बस्न ? ॥

(प्रथम सर्ग ९५)

प्रस्तुत पद्यमा जब अराजकतावश सहनै नसकिने अन्याय हुँदै जान्छन् तब तिनीहरूको सहन गर्न सकिने क्षमता पनि समाप्त हुन्छ भन्ने कुरा हेतुमूलकताको पारामा वर्णन गरिएकोले काव्यलिङ्ग छ ।

**३. अनुप्रास**

अहो ! म जस्तो भइ क्षत्रियोत्तम
कुनै अहीले न गरेर उद्यम ।
मलाइ खानै पनि मुस्किलै हुने
रिपू हरूले पनि टेर्न छोड्ने ॥

(प्रथम सर्ग ४८)

प्रस्तुत पद्यमा अन्त्यानुप्रास रहेको छ ।

### ४.२.६ 'शाहवंशचरित' महाकाव्यको निष्कर्ष

**शाहवंशचरित** नामक कृति कवि शालिगाम गौतमद्वारा लेखिएको ऐतिहासिक काव्य हो । दिव्यदेव पन्तले कवि गौतमले रचना गरेका **श्री ५ हरूको वंशावली**का केही श्लोकहरू र अरू कसैले लेखेका केही श्लोकहरू मिलाएर **शाहवंशचरित** काव्य प्रकाशित गरेका छन् ।

शालिग्राम गौतम अध्ययनको क्रममा बनारस गएका थिए ।दिव्यदेव पन्त कवि गौतमसँग पुराना कुराहरूबारे गफ गर्न डेरामा आइरहने र उनले नै उत्प्रेरित गरेर गौतमले **श्री ५ हरूको वंशावली** नामक ऐतिहासिक काव्य लेखी एकप्रति उनलाई दिएर एक प्रति आफैले राखेका थिए । दिव्यदेव पन्तले **श्री ५ हरूको वंशावली**का केही श्लोकहरू र अरू कसैले रचना गरेका केही श्लोकहरू मिलाएर **शाहवंशचरित** नामक काव्य वि.स.. १९९२ मा काशीमा छापेको देखिन्छ । यसमा उनले आफूलाई प्रकाशक मात्र भनेका छन् परन्तु लेखक भनेका छैनन् । वि.सं. १९९२ मा प्रकाशित **बुइँगल**ले भने दिव्यदेव पन्तलाई लेखक भनेको छ तर लेखक एवम् काव्यकारका रूपमा उनलाई स्थान दिनु आवश्यक देखिँदैन ।

तसर्थ शालिग्राम गौतमको **शाहवंशचरित** नामक काव्य ऐतिहासिक एवम् मौलिक काव्य हो । त्यस कृतिमा रहेका सम्पूर्ण रचनाहरू भने कवि गौतमका होइनन् । **शाहवंशचरित** र **श्री ५ हरूको वंशावली**का उपलब्ध अंशको तुलना गर्दा झण्डै ८८ वटा श्लोकहरू मिल्न आउँछन् । ती  श्लोकहरू मात्र कवि गौतमका हुन् । अन्य रचना भने कस्का हुन्, त्यो स्पष्ट हुन सकेको छैन ।

पूर्वीय महाकाव्य सिद्धान्तअनुसार आठ सर्ग भन्दा बढी भएको काव्यलाई महाकाव्य भनिन्छ परन्तु **शाहवंशचरित** नामक काव्यलाई दुई सर्गमा मात्र विभाजन गरिएको छ । प्रथम सर्गमा १२५ श्लोकहरू भए पनि कवि गौतमका रचना भने झण्डै ४३ वटा श्लोकहरूरहेका छन् । द्वितीय सर्गमा ११३ श्लोकहरू भए पनि कवि गौतमका रचना झण्डै ४५ श्लोकहरू छन् । यसरी **शाहवंशचरित**मा जम्मा २३८ श्लोकहरूमध्ये कवि गौतमका ८८ श्लोकहरू मात्र देखिन्छन् ।

कवि शालिग्राम गौतमद्वारा रचित **शाहवंशचरित** नामक काव्य ऐतिहासिक विषयवस्तुमा आधारित मौलिक काव्य हो । यसमा शाहवंशका विविध राजाहरूको सामान्य चित्रण गरिएको छ । त्यसैले विषयवस्तु अनुकूल शीर्षकको चयन गरिएको छ ।

कवि गौतमले आवश्यकता अनुसार शब्दालङ्कार एवम् अर्थालङ्कारको प्रयोग गरेका छन् । अनेक नायकहरूको चर्चा गरे पनि मुख्य नायक शुरवीर रहेको छ । क्षेत्रीय कुलमा उत्पन्न प्रधान नायक महान पात्रका रूपमा देखापरेको छ ।

यसरी शालिग्राम गौतमद्वारा रचित **शाहवंशचरित** नामक काव्य महाकाव्य जस्तो लागे पनि महाकाव्यभित्र आउनुपर्ने जीवनको पूर्णता महाकाव्यमा हुनुपर्ने आठ सर्ग विभाजन नभएकोले यसलाई पूर्ण महाकाव्य मान्न सकिँदैन । यस्ता विविध पक्षमा **शाहवंशचरित** काव्य पछि परेकाले यस काव्यलाई पूर्ण महाकाव्य नभनेर समकक्षी काव्यका रूपमा लिनु उपयुक्त देखिन्छ ।

प्रस्तुत काव्यमा भाषिक कमजोरीको कारणले गर्दा स्फुट रस, गुण र रीतिको सम्भावना देखिएको छैन । सरल एवम् सहज भाषाको प्रयोगले गर्दा काव्य बोधगम्य भए पनि साहित्यिक भाषिक मर्यादा भने उल्लङ्घन गरेको देखिन्छ । तसर्थ यी विविध विषयवस्तुलाई मध्यनजर गरेर हेर्दा प्रस्तुत काव्यलाई महाकाव्य समकक्षी काव्यका रूपमा हेर्न सकिन्छ ।

## ४.३ महाकाव्यकारका रूपमा शालिग्राम गौतम र उनको 'श्री ५ हरूको वंशावली' महाकाव्यको अध्ययन

नेपाली साहित्यको क्षेत्रमा **श्री ५ हरूको वंशावली** नामक ऐतिहासिक काव्य रचना गर्ने कवि शालिग्राम गौतम बहुमुखी प्रतिभा हुन् । उनले प्रस्तुत काव्य दिव्यदेव पन्तको आग्रहबाट रचना गरेका हुन् । कवि शालिग्राम गौतम बनारसमा बस्दा उनको डेरामा दिव्यदेव पन्त पुराना कुराहरूबारे गफ गर्न गइरहने गर्दथे । त्यसै क्रममा उनले नै उत्प्रेरित गराएर वि.सं. १९८८ मा कवि गौतमले **श्री ५ हरूको वंशावली** नामक काव्य रचना गरी एकप्रति उनलाई दिएर एकप्रति आफैले राखेका थिए । त्यस काव्यका केही श्लोकहरू र अरू कसैले रचना गरेका केही श्लोकहरू मिलाएर दिव्यदेव पन्तले वि.सं. १९९२ मा **शाहवंशचरित** काव्य छपाएका थिए ।

यसरी कवि गौतमको **श्री ५ हरूको वंशावली** नामक काव्य ऐतिहासिक विषयवस्तुमा आधारित छ । प्रस्तुत काव्यलाई **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ**मा वि.सं.

२०५८ मा 'लेखक सङ्घ दाङ' ले प्रकाशित गरेको छ । यस काव्यलाई महाकाव्यको तत्त्वको आधारमा विश्लेषण गरिन्छ ।

### ४.३.१ शीर्षक

पूर्वीय महाकाव्य सिद्धान्तको आधारमा काव्यको नामाकरण प्रायः काव्यको मुख्य विषयवस्तु, नायकनायिका वा पात्र विशेषका नामबाट गरिएको हुन्छ । कुनै पनि काव्यको शीर्षकबाट त्यसमा रहेको कथावस्तु, कथानक, घटना वा पात्र विशेषको सामान्य सङ्केत भएको हुन्छ । कवि शालिग्राम गौतमले **श्री ५ हरूको वंशावली** नामक काव्यमा भूपाल राणादेखि श्री ५ पृथ्वीनारायण शाह सम्मको वंश परम्परालाई प्रस्तुत गरेका छन् । तसर्थ काव्यको मुख्य विषयवस्तुबाट नै शीर्षकको चयन गरिएको छ ।

### ४.३.२ विषयवस्तु तथा संरचना

पूर्वीय महाकाव्य लक्षण शास्त्रले इतिहास, पुराण, दन्त्यकथाबाट लिइएको प्रसिद्ध कथावस्तु र सज्जन महापुरुषमा आश्रित एवम् कवि कल्पित कथावस्तु नै महाकाव्यको लागि उपयोगी मानेको छ । कवि गौतमले ऐतिहासिक विषयवस्तुलाई नै आधार बनाएर **श्री ५ हरूको वंशावली** नामक काव्य रचना गरेका छन् । **श्री ५ हरूको वंशावली** काव्यको कथाक्रम यसप्रकारको छ –

सर्वप्रथम यस ऐतिहासिक काव्यका सुरुसुरुका २० पद्य जति खण्डित भएकोले यसका प्रथम कथानायक नै यस काव्यको बाइसौँ पद्यको प्रारम्भमा देखा पर्दछन् । जसको नाम भूपाल राणा भनिन्छ र ती कहाँबाट आए, कसरी आए, किन आए, यो कुरा केही बुझ्न पाईंदैन । एक्काइसौँ पद्यमा उनी कतैबाट आउँदै थिए र शायद गलित र लस्त भएकोले त्यस ठाउँमा सुतेका थिए भन्ने मात्र बुझिन्छ । जुन ठाउँको सम्बन्धमा कतै पनि केही उल्लेख भएको छैन । जो यसप्रकार छ –

मील्यो अली उन्नत केहि बाङ्गो
        चापट् परेको तहिं एक ढुंगो ।
लोट्या त्यसैमाथि 'सुई' गरेर
        गोडा पसारी भयि लम्पसार ॥

(श्री ५ हरूको वंशावली २१)

त्यसरी सुतेका ती प्रथम कथानायक राणा हरिको नाम लिँदै ब्युँझन्छन् र भनिन्छ उनले कुनै एक देवता ल्याएका थिए । ती ब्युँझदा उनी भूमिमा खसेका थिए । शायद ती देवता उनले सिरानमा राखेका थिए । उनको देवता आफू सुतेको ढुङ्गो भन्दा तल खसे, परन्तु आफू भने माथितिर सर्किएका थिए । यसप्रकारको बित्यास परेको देखी उनी हडबडका साथ ती आफ्नो देवतालाई उठाउँछु भनेर उक्त भूपाल राणाले निकै प्रयास गरे तर दुर्भाग्य ! उनी जमिनमा टाँस्सिएका टाँस्सियै भए र उठ्दै उठेनन् । त्यसपछि देवताका भगत राणाले उनको धूप–दीप र नैवेद्य गर्दछन् परन्तु उनी तैपनि उठेनन् । त्यसपछि उनले म पनि यहीं बस्नुपर्‍यो भनी विचार गर्दछन् किनभने जब उनका देवता नै त्यहीँ बसे तब उनले छोडेर जान सकेनन् । उनले आफ्नो घरजम त्यहीँ गर्न थाले । एकदिन उनले म जस्तो उच्च खानदान, कुलीन, वीर र क्षत्रीय भएर पनि हुतिहारा एवम् विना उद्योगको भएर बस्नु भएन भनी सोंचे किनभने उनको जीविका कष्टकर बनिरहेको थियो ।

अहो म जस्तो भइ क्षत्रियोत्तम
क्यही अहीले न गरे त उद्यम ।
मलाई खानै पनि मुस्किलै हुने
रिपूहरूले पनि टेर्न छोडने ॥

(श्री ५ हरूको वंशावली २६)

त्यसपछि उनले युद्ध गरेर आफ्नो पुरुषार्थ देखाएर आफूलाई त्यस क्षेत्रको एक उच्च प्रशासक राजाको रूपमा प्रतिष्ठापित गर्न चाहे । उनी एक योग्य र विरोचित वेष भूषामा उत्तरतिर लागे परन्तु जहाँबाट उनी प्रस्थान गरे, त्यो कुन ठाउँ थियो, त्यसबारे प्रारम्भमा नै खण्डित भएकोले त्यो पाउन सकिएन ।

धुर्कोटका राजाले भूपाल राणाको यो कुरा सुनेपछि उनी आफूमाथि चढाई गर्न आइपुग्नुभन्दा पहिल्यै उनको अगाडि हमला गर्न पुगे परन्तु उनमा रहेको वीर क्षत्रियोचित ओजस्विता र विभिन्न राजलक्षणहरू देख्दा उनी राणासँग लड्न सकेनन् । आफ्नी छोरी उनैसँग विवाह गरिदिन चाहेको कुरा प्रस्तुत गरी उनी त्यहाँबाट फर्के । त्यसपछि उक्त भुपाल राणाले ससम्मान एवम् दौलतसँगै धुर्कोटे राजाकी राजकुमारीलाई विवाह गर्दछन् । धुर्कोटे राजाबाट छोरीसँगै भिर्कोट र खिलु यी दुई मौजा पाएपछि उनको खर्खजाना एकाएक बृद्धि हुन्छ ।

त्यसपछि समयको गतिसँगै उक्त धुर्कोटे राजकुमारीबाट उनका खाञ्चा र मिञ्चा भन्ने दुई भाइ राजकुमार जन्मिए । ती पनि विवाह गर्न योग्य बन्दै गए । त्यसको लागि ठाउँठाउँमा उनले दूतहरू पठाए । तीमध्ये फिर्ता भएको एउटा दूतले भगवान रामचन्द्रकै वंशमा जन्मिएका दुईवटी राजकुमारीको प्रस्ताव ल्याएर आए । राजा भूपाल राणाले राजकीय हैसियतको वरेत सहित दुई राजकुमार लिएर अयोध्या गए । वैदिक विधिले विवाह सम्पन्न गरी फर्किए परन्तु जेठा खाञ्चा खान छुट्टिएर आफ्नो पौरखले तीन राज्यका राजाहरूलाई मारेर ती राज्य आफूले लिए । जसलाई ढोर, गह्रौँ र सतौ भनिन्थ्यो ।

यता मिञ्चा खान पनि दाजुको पुरुषार्थ देखेर आफ्नो बहादुर सेनाका साथ उनी चर्कोट पुगेर लडाई गरे र विजयी पनि भए । उनको केही समयसम्म सन्तान नभएकोले केही दुःखी भने थिए । केही समयपछि राजकुमार जन्मिए । जसको नाम ‘सर्वे खान’ भन्ने राखियो । यद्यपि यिनीहरू राणा थिए, परन्तु कताको प्रभावले गर्दा ‘खान’ भएको देखिएको छ । मिञ्चा खानले सर्वे खानको जन्मोत्सव मनाउँदै ब्राह्मणहरूलाई दान दक्षिणाले सन्तोष पनि पारे ।

त्यसपछि सर्वे खानको छोरा विचित्र खान जन्मिए र उनका छोरा जयन्त खान भए । उनका पनि जगदेव खान भन्ने जन्मिए । यी जगदेव खान न्यायप्रेमी र सबैलाई सन्तुष्ट राख्ने राजा थिए । त्यसपछि ती जगदेव खानका कुलमण्डन खान छोरा भए । कुलमण्डन खान दानी र धार्मिक राजा थिए । त्यसैले उनको पुरुषार्थ फल्दै गयो र उनले साम, दाम, भेद आदि राजनीति खूब ठीकसँग प्रयोग पनि गर्ने गर्थे । केही समयपछि यिनले कास्की माथि चढाई गरेर त्यहाँको राजवंश समाप्त पारी आफू त्यहीँ बस्न लागे र ती कास्कीका प्रभावशाली राजा भए ।

समयक्रमले कुलमण्डन खानको भारतका वादशाहसँग सम्पर्क भयो र उनलाई यिनले केही कुरामा रिझाउँदा उनले यिनलाई शाह भन्ने उपाधि दिए । त्यसपछि वर्तमान शाहवंशको प्रारम्भ भयो । यसरी राणाबाट खानमा र खानबाट शाहमा आए । उक्त कुरा कविले यसरी लेख्दछन् –

त्यसदिन् देखि चलीगयो मुलुकमा कुल्मण्डलै साह नाम्  
बाद्साहै कन खुश्गरी नृपतिले देखायि आफ्नो त काम् ।  
खान् पद्को बदला गरे नृपतिले साहा जसै एहिपद्  
अद्यापी चलदो छ त्यो कुलमहाँ प्रख्यात् छ यो भर्जगत् ॥

(श्री ५ हरूको वंशावली ४७)

कुलमण्डन शाहका सात भाइ छोरा जन्मिए । जेठा कास्कीकै राजा भए । माहिला छोरा कालु शाहलाई लम्जुङमा राजगद्दी खाली भएपछि उनीसँग अनुनय विनय गरी त्यहाँका भारदार भद्र भलाद्मीहरूले लगेर लम्जुङको राजा बनाए तर दुर्भाग्यवश केही समय पछि त्यहाँको एउटा असन्तुष्ट जमातले शिकार खेल्ने बहानामा वन लगेर ती राजकुमारलाई षडयन्त्रले वनैमा नै मारे । त्यसपछि लम्जुङमा पराकाष्टा अराजकता छायो । कसैको केही कुरामा पनि सत्व रहेन र डाँकाहरूको राज्य बन्यो । त्यसपछि पुनः केही व्यक्तिहरू कुलमण्डन शाहसँग अर्को छोरा माग्न गए परन्तु धोका खाएका र असह्य पुत्र शोकको भार खानु परेका उनले मानिसहरूलाई झड्कारेर पठाइदिए । पछि उनकै छोराले नै लम्जुङको राज्य खाए र धेरै दिनपछि मन कमलो पारेर केही वाचा सहित लम्जुङका विशेष भद्र भलाद्मीको जमातलाई राजकुमारलाई आफै छानेर लैजाओ भने । सुतेका राजकुमारहरूमध्ये कान्छालाई लक्षणशाली देखेर मञ्जुर बनाएर उनीहरूले रातारात लम्जुङ लगे । जसको नाम यशोवर्म शाह थियो । यशोवर्म शाहको त्यहीँ विवाह भयो । उनले राज्यलाई आफ्नो काबुमा राख्न समर्थ बने र त्यहाँ राम्रो प्रबन्ध गरे । उनका दुई भाइ छोरा जन्मिए ।तीमध्ये जेठाको नाम नरहरि शाह र कान्छाको नाम द्रव्य शाह थियो । नरहरि शाह त्यहीँका उत्तराधिकारी बने । कान्छा द्रव्य शाहलाई गोरखनाथको आशीर्वाद थियो । गोर्खामा घले राजाले ज्यादै दुःख दिएका थिए । उनलाई होनहार देखेर गोर्खाका बहादुर र राजनीतिज्ञहरूले उनको पुरुषार्थलाई निमित्त बनाउँदै साथ दिएर गोर्खाको राजा बनाए । जो द्रव्य शाह गोर्खाली पहिला शाह राजा थिए । द्रव्य शाहको राज्याभिषेक पछि समुद्रावती भन्ने रानीलाई विवाह गरे । उनको आफ्नी रानीबाट पराक्रमी कुमार पुरन्दर शाह जन्मेको थियो र द्रव्य शाहले एघार वर्ष राज गरी दिवङ्गत भए ।

संवत् १६२७ तिर उनका छोरा पुरन्दर शाह गोर्खाका राजा भए । जसले त्यहाँ पहिलेदेखि नै गमेर बसेका दुष्टहरूलाई समाप्त गरे । उनका दुईवटी रानी थिए । जेठी सत्यवती र कान्छी अम्वावती थिइन् । कान्छीका सन्तान नहुँदा खिन्न थिइन् । जेठीका छत्र शाह र राम शाह छोरा थिए । राजा पुरन्दर शाह पैँतीस वर्षपछि मरे । छत्र शाह राजा भए र उनकी रानीको नाम शशी रेखा थियो । सात महिना मात्र राज गरेर छत्र शाह पनि दिवङ्गत भए । उनका भाइ राम शाह गोर्खाका राजा भए । राम शाह न्यायप्रेमी र प्रजावत्सल राजा थिए । उनले गोर्खामा बाँधिदिएको रीति स्थितिलाई नजर गर्दै मानिसहरूले उनलाई दोस्रा राम पनि भन्ने गरे । मानो, पाथी, ढक, तराजु, धार्नी, विसौली आदि सबै राम शाहकै

पालादेखि चलेका हुन् । उनले आफै टक्सार राखेर मोहर सिक्का चलाए । ऋणीहरूसँग साहुले बाइसे व्याज लिनु र दश वर्ष व्याज नतिर्ने असामीसँग साहुले साँवाको डबल रकम लिनु भने । पानी पँधेरादेखि लिएर कोल, पानीघट्ट र खेतमा किसानले पानी लगाउने कुराको समेत नियम बनाइदिए ।

राम शाहका दुई रानी थिए र जेठीबाट डम्बर शाह जन्मेका थिए भने कान्छीबाट नारायण शाह, विक्रम शाह, प्राण शाह नामका छोरा थिए । सम्वत् १६९० मा यिनको छोरा डम्बर शाह राजा भए । उनका चार रानी थिए र जेठी रानी वर्णावतीबाट कृष्ण शाह भन्ने छोरा जन्मिएका थिए । बाबु डम्बर शाहको शेषपछि कृष्ण शाह राजा भए । यिनका पनि दुई रानी थिए । जेठी शकुन्तलावती र कान्छी रुक्मावती । जेठीका तीन छोरा थिए । ती हुन् – रुद्र शाह, विश्व शाह र रविरमण शाह । कान्छीका सन्तान थिएनन् । त्यसैले उनी दुःखी थिइन । जेठीबाट पृथ्वीपति शाह, मधुकर शाह, अतिवल शाह आदि चारभाइ छोरा थिए । कान्छीका चतुर्भुज शाह मात्रै एक भाइ थिए ।

एघार वर्षको राज्य भोग पछि राजा रुद्र शाहको स्वर्गारोहण भयो । उनका जेठीतिरका जेठा छोरा पृथ्वीपति शाह गोर्खा राज्यका उत्तराधिकारी बने । जसका रानी ६–६ ओटी थिए भनिन्छ र जेठी गत्त्रावती थिइन । यद्यपि जेठी रानीबाट पनि पृथ्वीपति शाहका दल शाह र भूपेन्द्र शाह छोरा थिए तर उमेरमा यिनीहरूलाई माहिली विचक्षणावतीका जेठा छोरा वीरभद्र शाहले उछिनेकाले बाबुका शेषपछि वीरभद्र शाह नै राजा हुने भएका थिए तर उनी बाबुकै काखमा र स्वर्गे भएकाले उनले राजा हुने अवसर पाएनन् । हुन त वीरभद्र शाहका पनि चार रानी थिए । चार रानीमध्ये जेठीका सन्तान थिएनन् । साहिँली र कान्छीका एउटा–एउटा छोरी थिए । माहिली सासूसँग मिल्न नसकेर गर्भिणी भएपछि माइतै बसेकी थिइन र मावलीमै जन्मेका उनै माहिलीका छोरालाई ल्याएर राज्यको उत्तराधिकारी घोषणा गरिदिएका थिए ।

संवत् १७७३ मा नरभूपाल शाह राजा भए । राजा नरभूपाल शाहका पनि चारवटी रानी थिए र तीमध्ये जेठी चन्द्रप्रभा हुन् । माहिली कौशल्या, साँहिली बुद्धिमती र कान्छी सुभद्रावती । यिनी शास्त्रीय प्रमाण र नीतिको आधारमा चल्दथे । त्यसैले यिनको राज्यमा त्यति अनर्थ हुँदैन थियो । यिनी गोरखनाथ र माता मनकामनाका भगत् थिए । त्यसैले समयसमयमा अनुष्ठान र पाठपूजा गर्दथे । एकदिन यिनीलाई स्वप्न भयो र स्वप्नमा

'तिमीलाई दैवी शक्तिसम्पन्न पुत्र जन्मनेछ । जसले यस राज्यलाई बढाएर दिग्विजय गर्दै धर्म संस्कारको रक्षा गर्नेछ' इत्यादि कुराले उनी उत्साही भए । भनिन्छ– उनकी माहिली रानी कौशल्या कालीकी अंश थिइन । कविले जुन कुरा यसरी लेखेका छन् –

ती राजाकी माहिली कौशिला जुन्
महारानी कालिकै अंश नै हुन् ।
तेस् हेतूले रानिहेरु सबैमा
राजाको प्रेम् ज्यास्ति थीयो इनैमा ॥

(श्री ५ हरूको वंशावली २२२)

त्यसैले उनको प्रेम बढी पनि माहिली रानीप्रति नै थियो ।

एकदिन माहिली रानीले सपना देखिछन् र सपनामा त्यो जाज्वलमान सूर्यलाई उनले आफ्नै हातैमा समातेकी रहिछन् । उक्त कुरा देखेकी रानीले महाराज नरभूपाल शाहलाई बताइन र उनले समय विचार गर्दा तेस्रो प्रहरको रहेछ । राजाले रानीलाई एक थप्पड गालामा एकाएक हान्न पुगेछन् । रानीले अब के अनिष्ट हुने रहेछ भन्ने कुरा एकातिर सोाचिन् भने अर्कातिर राजा किन यसरी बिच्किए भन्ने पीरले पनि उनलाई पिरल्यो । राजाले जोड्सँग थप्पड दिँदा उनको सुकोमल गालामा ज्यादा पीडादायी पनि बन्यो । अतः उनी निकै बेर रोइन् । राजालाई पनि यसले निकै पिरल्यो । के न गर्ने गरे भन्ने लाग्यो । राजाले प्रेमको अंगालोमा उनलाई बाँधेर यसको रहस्यबारे बताउँदै भने –'प्रिये ! यो स्वप्नको फल ज्यादै माथिल्लो छ र यो भन्दा राम्रो सपना हुन पनि गाह्रो छ । अतः मैले तिम्रो कुरा खुसीले समर्थन गरेको भए तिमी निदाउने थियौ । राम्रो सपना देखेर निदाए, त्यसको उल्टो फल हुन्छ । अतः चपेटा दिएँ भने तिमी पीरैपीरले पनि निदाउने छैनौं भनेर यसो गरेको हुँ । अब हाम्रा सौभाग्यका दिन आए भन्ने ठान तर ननिदाउ' इत्यादि भने । त्यसपछि रानी निदाइनन् ।

यसै क्रममा कौशल्याको कोखबाट पृथ्वीनारायण शाह जन्मिए । जसले हिमवत् खण्डलाई एकीकरण गरे र विशाल राष्ट्रको परिकल्पना गरे । यद्यपि नरभूपाल शाहका अरू रानीतिरबाट पनि छोराहरू थिए र यिनका सहोदर दाइ–भाइ पनि दलमर्दन शाह र पृथ्वीनारायण थिए । यस क्रममा सन्तानको निकै राम्रो फाँटवारी ग्रन्थकारले दिएका छन् ।

नरभूपाल शाहलाई अक्सर भोजन कौशल्याले दिने गर्थिन् । एकदिन महाराज केही काम गरेर बाहिरबाट सवारी हुँदै गर्दा रानीले महाराजको थाल मल्दै गरेकी थिइन् । यसबारे जिज्ञासा राख्दा गोरखनाथले माहिली रानी कौल्याले बनाएको प्रसादी ग्रहण गरेर केही पहिलेदेखि ने जाँदो रहेछन् । सो कुरा उनले अरूसँग भन्न नहुने भएकाले राजासँग भनेकी थिइनन् र एकदिन राजाले आफ्नो थाल जुठो नै भेटाएका थिए । साँचो कुरा सुनेपछि राजाले खुसी त माने तर आफ्नै पात्रको प्रसादी ग्रहण गरेर पनि मलाई प्रभुले दर्शन किन दिएनन् भन्ने कुरामा उनले पीर माने । राजाले उनको भाग्यलाई धन्यवाद दिँदै गोरखनाथसँग राजालाई दर्शन वक्सन राजाको आशयानुसार कौशल्याले विन्ती गरिन् परन्तु राजालाई होइन, छोरालाई मात्र दर्शन दिन सक्ने कुरा स्पष्टसँग भने । राजाले सो कुरा सुनेपछि आफूले मन दुखाए तापनि कमसेकम् स्वयम्ले दर्शन नपाए पनि आफ्नी पत्नी र पुत्रले पाएको अनुग्रहको यत्किञ्चित् भागी त हुन पाइयो । तसर्थ उनले सन्तोष लिए ।

पृथ्वीनारायण शाह ठीक छ वर्षको मात्र भएको बेला एक दिन लखन थापाले आफ्नो पिठ्युँमा राखेर परतिर लागे । कहिले कुमार हिँड्छन् त कहिले उनले बोक्छन् । हुँदाहुँदै उनी त्यहाँ पुगे, जहाँ गोरखनाथ एउटा गुफामा समाधि लगाउँथे । केही साधकले भने आफ्नै आँखाले पनि देख्थे र नदेख्नेले यहाँ गोरखनाथ बस्छन् रे भन्ने गर्थे । लखन थापाले त्यो महाविभूति बालकलाई लगेर गएकाले आफूले पनि बाबाको दर्शन पाए ।

गोरखनाथ बाबाले समाधि लगाएका थिए र उनको लटाको निकै ठूलो फेटा नै थियो । वस्तुतः गोरखनाथ शिवजीकै अंशावतार थिए । जसलाई भाग्यशाली बालकले आफ्नै आँखाले देख्न पाए । बाबाको केही समयमै समाधि खुल्यो । बाबाका दृष्टि बच्चातिर गयो । एकाएक् गोरखनाथले वच्चालाई हिन्दीमा भने –

"वच्चा घर्मे जल्दि जाकर तुं आवो
अप्नी माई के समीप वात् सुनावो ।
जो कुछ भोजन् देति है सो लि आवो
क्षूधा हम्को कर्ति है दुःख मिटावो ॥

(श्री ५ हरूको वंशावली २७०)

गोरखनाथको यस्तो आज्ञा सुनेपछि राजकुमार बालकै भएकोले सबै संम्झेनन् । लखन थापा महान विचारक र साधक थिए । त्यसैले यो कुरा बुझेर गोरखनाथतिर न्यूरदै बच्चालाई पिठ्युँमा राखेर वायु–बेगमा हस्याङफस्याङ गर्दै दरबारमा पुगे । रानीलाई सो कुरा

बताएपछि उनले गाईको दही प्रसादीको रूपमा अर्पण गर्न ठीक होला भन्ने ठानेर एक ठेकी दही र त्यसमा थप एक घरी केरा पठाइदिइन् । लखन थापाले बच्चा र त्यो सामान दुवै लिएर गए र उनले अर्पण गरे । गोरखनाथले आफ्नो सानो सानो पात्र थापे । लखन थापाले दही त्यसमा अट्दैन होला भन्ने ठानेका थिए परन्तु आश्चर्यजनक सबै त्यसमा अटायो । इशारानुसार बुझेर केरा पनि सबै हालिदिए । त्यो पनि अटायो र उनले खाए । बच्चाले टुलुटुलु हेर्दै गरेको देखेर गोरखनाथले आफूले खाइसकेपछि हात थाप्न भने र बच्चाको त्यो सुकोमल अञ्जुलीमा त्यही खाएको दही र केराको प्रसादी फर्काइदिए परन्तु कसैको जूठो नै नखाएको राजकुमार झन् त्यस्तो कसरी खाउन, उनले खाएनन् ।

पृथ्वीनारायण बालक चिल्लाएर रुन थाले । करुणामूर्ति गोरखनाथले बडो प्रेम गरेर मुसार्दै भन्न थाले –

खाँदा हऊ त मुखले हुकुमै दिनाले
वश्मा हुने मुलुकथ्यो यसका प्रभाव्ले ।
क्यारु ? पर्‍यो पयरमा र जती हिडौला
त्यो देश आफनु अधीन तिमी गरौला ।

(श्री ५ हरूको वंशावली २८५)

येती भनी अलप गोरखनाथ हुनूभो
राजपूत्र आफनु ददापिठ लागनूभो ।
थापा पनी नृप कुमारकनै लियेर
दर्बारमा पुगिगयो झट्पट् गरेर ॥

(श्री ५ हरूको वंशावली २८६)

लखन थापा पुगेर सम्पूर्ण वृत्तान्त बताए र रानी साह्रै पछुताइन परन्तु भाग्य नै बलवान रहेछ भनेर चित्त बुझाइन् ।

त्यसताका राजा नरभूपाल शाहलाई कता नेपाल विजय गर्न मन लागेर आफ्नो दल–बलसहित त्रिशूली तरेर नुवाकोट मात्र के पुग्दै थिए, नुवाकोटे राजाले आफ्नो दलबलसहित उनको बाटो रोक्न गए । त्यस युद्धमा दुवै तर्फका सेना मरे परन्तु धेरै गोर्खालीहरू नै मरे । गोर्खाली राजा निन्याउरो मुख लगाएर बचेका सेना र साधन लिएर पुनः गोर्खा नै फर्किए । यसपटक गोर्खालीको नराम्रोसँग हार भयो ।

राजा नरभूपाल शाहले युद्धमा हार खाएर पनि उनको मनले भने हार खाएको थिएन । उनलाई नेपालमाथि विजय गर्ने सपनाले सतायो । त्यसैले नेपाल खाल्डा भित्रका

राज्यहरूको स्थिति, रीति र नीतिबारे राम्रोसँग थाहा नपाइकन यो कुरा सम्भव छैन भन्ने कुरा उनले विश्लेषणबाट सिद्ध गरे । एकदिन मात्र सोह्र सत्र वर्ष हुँदै गरेको दैवी लक्षण सम्पन्न आफ्नो राजकुमारमा उनको आँखा पर्‍यो । गोरखनाथका प्रभावले उनको स्वभाव र गाम्भीर्यले उनी वयस्क जस्ता मानिन्थे । नरभूपाल शाहले उनलाई केही जवानहरूसँग साथ लगाएर नेपाल पठाए । पृथ्वीनारायण शाह भादगाउँ पुगे । त्यहाँका तत्कालीन राजा रणजित मल्लले यिनलाई बोलाएर आफ्नो दरबारमा ससम्मान राखे । केही दिनपछि उनकै छोरासँग मितेरी लगाए । त्यसपछि उनले यिनै मितमित बुबाहरूबाट नेपाल खाल्डोका राजाहरू भित्र लुकेर झाँगिदै गरेको वैमनस्यका जालोका बारेमा पत्ता लगाउँदै बसे । यो बसाईलाई त्यहाँका राजाहरूले भने निकै महत्त्वका साथ हेर्दै थिए ।

एकदिन कुमारी यात्रा पर्व हेर्न उनी पनि मितमित बुबाहरूसँग साथ लागेर गएका थिए । त्यो ठूलो भीडमा राजकुमार यिनै हुन भन्ने ठानेर बडो खाइलाग्दो त्यही पृथ्वीनारायणकै हातमा कुमारीले एक दिव्य कमलको फूल अर्पण गरिन् । यसले उपस्थित त्यस राज्यका प्रजाहरूमा त हाहाकार नै ल्यायो परन्तु राजा रणजित मल्लले कसो थामथुम पारे । भोलिपल्ट रणजित मल्लले पृथ्वीनारायणलाई भने –

सुन बाबु ! कुमारिले त जो
फुल तिम्रा करमा दिइन् हिजो ।
फुल केवल जान ह्वैन त्यो
नयपाल्को नृपलक्ष्मि नै मिल्यो ॥
(श्री ५ हरूको वंशावली ३०२)

यसको त विवेचना भयो
नृप हुञ्छौ तिमी निच्चयै छ यो ।
अब राज्य चलाउ यो तिमी
बुझि आफ्नै नयपालको जमी ॥
(श्री ५ हरूको वंशावली ३०३)

परन्तु दूरदर्शी पृथ्वीनारायण शाहले तुरुन्तै हात जोडेर झुक्दै निवेदन गरे 'पिताजी ! म त प्रभुकै राज रहेमा मात्र राजी छु, म प्रति यस्तो आज्ञा नहोस् भने ।' उनको नम्रताबाट रणजित् अझै प्रभावित भए । यसपछि यो सबै हाल बुझेका पृथ्वीनारायण शाह विदा भएर गोरखा पुगे ।

त्यस किसिमको सिङ्गो नेपाल खाल्डोको आन्तरिक फुट, कलह, ईर्ष्या रहेकोले हामी गएमा सबै एक बनेर चढाइ गर्न सक्दैनन् भनी उत्साह गर्दै पुनः नरभूपाल शाह नुवाकोटको बाटो गरी नेपाल खाल्डो हान्ने साइत गरेर गए परन्तु नुवाकोटमा पुग्दा उनको पुरानै किसिमको हार भएर उनी गोरखा फर्के र छोरालाई बाबु ! तैंले सकिस् भने मेरो सपना साकार होला तर मबाट अब नेपाल विजय त सपनामा पनि सम्भव छैन' भने ।

एक दिन आफू बूढो भइसकेको र छोरो नै आफूभन्दा राज्यको भार वहन गर्न सक्षम देखेर राजाले त्यहाँको राजपाट पृथ्वीनारायणको जिम्मा लगाए । उनी शास्त्रोक्त नियमले वानप्रस्थी बने ।

नरभूपाल शाह वानप्रस्थी बनेर वन पसेपछि गुरु पुरोहितको शास्त्रीय विधिले उनको राज्याभिषेक गरेर पृथ्वीनारायणलाई गोरखाको गद्दीमा विराजमान गराए ।

मकवानपुरका राजा हेमकर्णको छोरीसँग पृथ्वीनारायणको विवाह भयो । ठूलो महोत्सवका साथ महारानीलाई गोरखा राजदरबार भित्र भित्र्याइयो । त्यसपछि पृथ्वीनारायणलाई सुखी र समृद्धिशाली राज्यको राजा म कसरी बनुला र आफ्नो पिताको सपना कसरी साकार पारुला भन्ने चिन्ताले सताइरह्यो ।

त्यसपछि कुनै दिन गोरखा राज्यका आफ्ना हितैसी भाइभारदार सबैलाई जम्मा गरेर आफ्नो बेचैनी र नेपाल हान्ने सङ्कल्प बताए एवम् सबैको साथ पनि मागे । साथ पाएर विजय भएका पृथ्वीनारायणले समुचित पुरस्कार दिने घोषणा पनि गरे । साथै हाल सबैले भोग गरेको खेत तिमीहरू सबैलाई बिर्ता दिएँ भन्ने कुरा पनि सबैलाई सुनाए । यसबाट उत्साहित बनेका गोरखावासी जय गोरखा जयकाली भन्दै नेपाल विजय यात्राको दिन पर्खंदै गरे ।

त्यसपछि धर्मप्राण र आस्तिकताका प्रतिमूर्ति पृथ्वीनारायणले जगदम्बा काली र गोरखनाथको भक्ति उपासना र मन्दिरहरूमा विशेष अर्चना एवम् भाकल गरे । सर्वप्रथमतः ५०० सेनाको कालीबकस भन्ने सेना दल खडा गरे । त्यसपछि ५०० सेनाकै गोरखनाथ गण खडा गरे । त्यसपछि हनुमान दल खडा गरे । सबैमा ती-ती देव देवीका निशान खडा गरे । सेनापतिहरूमा आफ्नै भाइ मतियारहरूलाई राखे र कालु पाण्डेलाई काजी बनाए । विराज थापालाई दोस्रो काजी बनाए र प्रतिमान राणालाई तेस्रो काजी बनाए । साथै कहसिंह बस्नेत, कुँवर रामकृष्ण सरदार, लाटा खत्री, सहस्त्र–राम खत्री आदि वडावीरहरूलाई सुवेदार

पदमा राखे । यसरी उनले अरू पनि सहयोगीमा आफ्ना चारवर्ण छत्तीस जातका प्रजाका माझबाट छानीछानी सबैको मन समेत खुसीराज पार्दै लिए ।

जब विजयादशमीको दिन आयो, त्यसदिन सबैभन्दा मङ्गलको दिन भनी आफ्ना बाहिनी र दलबल एवम् युद्ध सामग्री लिएर जयकाली, जय गोरखा गर्दै गोर्खाली राजा नेपाल खाल्डो हान्न भनेर प्रस्थान गरे । बत्तीस मील पूर्वको सल्यान राज्यमा गोर्खाली राजाको वीर वाहिनी पुग्यो । सल्यानी राजाले आत्मसमर्पण गर्न र वीरताका साथ भिड्न पनि आँट नआएकोले उनी रातमै बन पसे । दुर्भाग्यवश छाँगाबाट खसी उनी उतैतिर मरे । यो हाल थाहा पाएकी रानी अलाप विलाप गरेर रुन थालिन् र राज्यमा विचल्ली भयो । रानी पनि चन्द्र विलाप गर्दै बालवच्चा लिएर त्यहाँबाट भागिन् र एउटा ओडार मुनि शरण लिएर बसिन् । गोर्खाली सेनाले अनुसन्धान गर्दै जाँदा उनलाई भेट्टाएर चुल्ठो काटेर हुर्मत गर्दै राजाका अघि दाखिल गरे । गोर्खाली राजाको मन काटियो र उनलाई अभय दान दिएर राज्यको आधा आम्दानीमा उनको परिवार बस्ने र आधा गोर्खाली राजालाई दिने भन्ने सम्झौता गरे । उक्त कुरालाई कविले यसरी भन्दछन् –

हे वीर पुत्रि ! मनमा तिमी डर् नमान
यो राज्यको म तिमीलाई दिञे कमान ।
बैरी हुँ तापनि मलाइ पिता समान
ठाने म दिञ्छु सब सम्पत्ति भो जमान ॥

(श्री ५ हरूको वंशावली ३५१)

साल् सालको उठतिमा दुइ भाग लायी
एक् भाग द्रव्य दिनु दस्तुर यो मलाई ।
यस्तो सुनीसकि हुकूम ति रानिले झट्
मञ्जुर् गरीन सकल वात् नगरेर गड्बड् ॥

(श्री ५ हरूको वंशावली ३५२)

यसरी महान् विजयको अभियानमा हेलिएको वीर गोर्खाली नरेशलाई एकातिरबाट सफलताको रूपरेखा देखापर्न थाल्यो भने अर्कातिरबाट त्यो विशाल सेनाको पालनपोषण एवम् युद्ध सञ्चालन गर्न सानोतिनो रकमले पत्ता नै नलाग्ने भयो । त्यसबाट छट्पटाएका उदारमना राजाले एकदिन एक्लै शोक गर्न थाले । जुन कुरा कविले यसरी लेखेका छन् –

आफ्ना जहानसरिका दुनिञाहरूमा
लाई रकम् कलम द्रव्य जुटाउँदामा ।

धड्कन्छ यो हृदय खूब बहन्छ अश्रू
कुन् साहुका चरणमा म गयेर पश्रूँ ॥

(श्री ५ हरूको वंशावली ३५४)

यसरी शोक र उत्साहको द्वन्द्वमा परेका राजा एकदिन धनी साहूहरू कहाँ पुगी धन मागेर खाँचो टार्ने निधोमा पुग्छन् परन्तु धनी साहू खोज्दा उनले ब्राह्मणै देखे र अक्क न बक्क परे । त्यस धनले पोल्ने ठानेर उनले आफ्नो विजय पछि दुगुना दिनुपर्ला भनेर एकदिन एउटा धनी ब्राह्मण रत्नमणि कहाँ पुग्छन् र साधारण याचक बनेर आफ्नो यथार्थ हाल खोल्ने मनस्थितिमा पुगेका राजालाई ब्राह्मणले पनि देख्दै प्रभावित भएर उनको सम्मान गर्दछन् ।

राजाले रु. १०००० मागेकोमा मात्र रु. ५००० आफूसँग भएको र सो सबै टक्र्याएको विन्ती गर्दै राजालाई कृतार्थ गर्दछन् । त्यसपछि त्यति रकमले आफूलाई नपुग्ने र त्यसको विकल्प बाटो बताइदिन राजाले भनेपछि ती ब्राह्मणले यहाँ भन्दा पाँच कोशपूर्व एकजना दधिराम भन्ने ब्राह्मण धनी र उदार पनि भएकोले राजालाई लिएर स्वयम् ब्राह्मण पनि जान्छन् परन्तु बाटामा त्रिपुरासुन्दरी भगवतीको मन्दिर परेकोले माताको भक्ति श्रद्धा पूर्वक पूजा–अर्चना गरेर आफ्नो इच्छा पूरा भए पछि विशेष बलि चढाई पूजा गर्नेछु भन्दै भाकल समेत गरेर दधिराम ब्राह्मण कहाँ पुग्छन् । उनले श्रद्धापूर्वक राजाले भने जति रकम दिन्छन् र राजाले आफू विजयी हुन सके युद्धबाट फर्किएर लिएको रकमको दोब्बर पैसा दिने आश्वासन दिएर उनी छाउनीमा फर्किन्छन् ।

त्यसपछि आफ्नो थप विशेष तयारी गर्दै राजाले कुलानन्द जैसीलाई भेट्न पुग्छन् । उनले निश्चित विजय गर्न सकिने दिन तीन वर्षपछि मात्र भेटिन्छ । हाल त्यस्तो महा–मुहूर्त नभएकोले ढिलै भए पनि त्यही मुहूर्त पर्खने सल्लाहमा रहे ।

यतातिर उनकी रानी आफ्नो माइत मकवानपुर गएको धेरै नै भइसकेको थियो । उनलाई लिन भनेर राजा केही अङ्ग रक्षकको साथमा मकवानपुर तिर प्रस्थान गरे तर उनका ससुरा हेमकर्णसँग बाटामा नै भेट भयो र दशवर्षपछि आफ्नी रानीसँग भेट गर्न पुग्छन् । केही दिन पछि मकवानपुरे राजा हेमकर्णले केही फौजसहित आफ्ना जुवाइँलाई विदा गर्छन् । उनी स्वयम् पनि विदाइको क्रममा साथै जाँदै थिए । त्यहाँ केही व्यक्तिले बाटामा भेटेर राजा हेमकर्णलाई जुत्ता खोलेर सलाम गरे । पहिलेदेखि चिनेकोले दिग्भञ्जन सिङ

काजीलाई पनि जुत्ता खोलेर नै सलाम गरे परन्तु पृथ्वीनारायण शाहलाई नचिनेकोले जुत्ता लगाएर सलाम गरे । त्यसबाट क्रुद्ध भएका पृथ्वीनारायणले तरबार थुतेर हेमकर्णकै सामू त्यस मानिसलाई काटेर दुई टुक्रा पारिदिए । त्यहाँ केही भीड क्रुद्ध भयो । पृथ्वीनारायणले त सिद्ध्याउने पक्षमा थिए तर राजा हेमकर्ण र रामकृष्ण सरदारले त्यस मामलाबाट भने उम्काए । त्यसपछि हेमकर्ण राजा घर फर्किए ।

पृथ्वीनारायणले आफ्नी रानीलाई हात्तीमा सवार गराएर दिग्भञ्जन काजीसँग पठाइदिने पत्र पठाए । उनले दिग्भञ्जनको साथ लगाएर पठाउन नसक्ने प्रत्युत्तर पठाएपछि यसबाट क्रुद्ध भएका पृथ्वीनारायणले गोरखपुरे नरेश दलप्रकाश मल्लकी छोरीसँग भव्य उत्सवका साथ विवाह गरे । त्यसपछि राजा थोरै दिन सल्यानमा नै बसे ।

यतातिर धादिङ्को मैदी भन्ने राज्यमा उनको प्रभाव पुगेपछि केही दवाडी ब्राह्मणहरू राजाको दर्शन गर्न र सो राज्य पनि अधीन गर्न भनेर त्यहाँ आए । गोर्खाली राजाले उक्त मैदीमा चढाई गर्न आउँछन् भन्ने थाहा पाएर त्यहाँका रजौटाहरूले पृथ्वीनारायणसँग स्वयम् आत्मसमर्पण गरे । राज्यको आधा आम्दानी गोर्खाली राजालाई दिने सर्तमा उनीहरू मञ्जुर साथ आफ्नै ठाउँमा बस्न आउने भए ।

यत्तिकैमा पूर्वोक्त कुलानन्द जैसीले भनेको महामुहूर्तको दिन पनि आयो । ज्योतिषबाट भएको सङ्केत अनुसार मार्ग शुक्ल दशमी तिथिको दिन बुधबार र अश्लेषा नक्षत्रको दिन प्रस्थान गरे । ज्योतिषले भनेका थिए कि राजन् ! इन्द्राणी घाटबाट नदी तर्नुपर्दछ । डुँगा अगाडि देखि नै तयार पार्नुपर्दछ । माझीलाई खडा बस्न लगाउनुपर्दछ । सूर्योदय देखि चार घडी दिन बितेपछि उक्त डुँगामा नदीबाट स्वयम् उफ्रेर ठूलै माछो डुँगामा पर्नेछ र त्यही बेला स्वात्त नदी तरेर साइत गर्नुपर्दछ भनेका थिए ।

त्यसैअनुसार नभन्दै एकाएक नदीबाट माछो उफ्रेर सो राजकीय डुँगामा पनि पर्‍यो । पृथ्वीनारायणको सेनाले नदी पनि तरे । भोलिपल्ट राजाले उक्त गोर्खा वाहिनी र वाहिनी पतिहरूलाई राखेर छलफल गरे । कालु पाण्डे, तुलाराम सर्दार, विरान थापा आदि वीरहरूले युद्ध हाँके । नुवाकोटलाई घेराउमा पनि पारे । स्वयम् राजा नै अगाडि लागेका थिए र दुवैतिरको सेना भिडे । दश वीस जवानले वीरगति पाए पनि यसपटक भने गोर्खालीहरूले नुवाकोट कब्जा गरे । नुवाकोटे राजा भागे र राजा भेटिएनन् । पछि मात्र खोज्दा उनको घोडाको कुहिएको लास देखेपछि उनी मरेको अन्दाज लाग्यो । पृथ्वीनारायणले राज्य जिते

पनि राजकुमार र राजपरिवारको ससम्मान वास र जीविका दिने गरी राज्य लिए । त्यहाँ उनको नौतले दरबार खडा भयो । केही दिन आफ्नो सेना, भाइभारदार सहित त्यहीँ बसेर उनले विचार गर्दै गरे । सेरा वेसीमा उनको अर्को दरबार पनि खडा भयो ।

नेपालका राजा जयप्रकाश मल्लले सकेसम्म कूटनीतिको चाल चले । गोरखा नरेशले थाहा पाएर उनको सारा कुचकलाई ध्वस्त पार्दै गए । राजाले कालु पाण्डे, रामकृष्ण सरदार, कहर्सिंह बस्नेत, बाँगु बस्नेत र अमर लगायतका हस्तीहरूका साथ मूल वाहिनी पठाउँदै काठमाडौँमा युद्ध छेड्न थाले । त्यतिबेला नेपाली पल्टनमा कुल वाह्र हजार जवान थिए । केही दिन लगाएर गोर्खाली सेना त्यहाँ पुग्यो । दुवैतिरका सेना भेट भएर पाँच घण्टासम्म महाप्रलयको युद्ध मच्चियो । जय काली, जय गोरख गर्दै गोर्खाली सेना अझ सबल हुँदै गयो र यो पछाडि हटेन । नेपाली सेनाको यो आश्चर्य लाग्दो स्थिति देखेर केही बेरको लागि भागे पनि पुनः केही समय पछि तयारीका साथ नेपाली सेना हमला गर्दै आयो । यसरी जिस्क्याएका सिंह जस्ता गोर्खालीहरू चार घण्टा सम्म सिंहनाद गर्दै युद्धको मैदानमा आफ्नो पराक्रम देखाए ।

प्रस्तुत काव्यको यति नै अंश मात्र उपलब्ध भएकोले यहाँसम्मको कथावस्तुलाई प्रस्तुत गर्न सकिएको छ ।

यसरी पूर्वीय महाकाव्य लक्षण शास्त्रले भने बमोजिम **श्री ५ हरूको वंशावली** नामक काव्य ऐतिहासिक विषयवस्तुमा आधारित रहेको छ ।

महाकाव्य व्यापक परिवेश ओगट्ने सर्गबद्ध रचना हो । विभिन्न खण्ड, सर्ग, अध्यायमा विभक्त गर्नु पूर्वीय मान्यता रहेको छ । आठभन्दा बढी सर्गयोजना एवम् न्यूनतम् सहस्रश्लोकी अपेक्षा गरिएको छ । **श्री ५ हरूको वंशावली** शालिग्राम गौतमको आख्यानात्मक ऐतिहासिक काव्य हो । यसको परिवेश व्यापक रहेको छ । यसको संरचना पक्षलाई हेर्दा सर्ग, अध्याय आदि विभाजन खण्ड नदेखाएर अविरल प्रवाह रूपमा कथानकलाई अघि बढाउँदै लगिएको छ । अगाडिको बीस श्लोकहरू खण्डित भएका छन् भने एक्काइसौँ श्लोकबाट प्रारम्भ भई ४७० श्लोकसम्मको अंश मात्र उपलब्ध रहेको छ ।

### ४.३.३ चरित्र

महाकाव्यको कथानकलाई अघि बढाउनको लागि पात्र संयोजनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसमा पनि काव्यलाई प्रसिद्ध र जीवन्त तुल्याउन पात्र संयोजनको महत्त्वपूर्ण

भूमिका रहेको हुन्छ । महाकाव्यका पात्रहरू सक्षम र विशिष्ट हुनु जरुरी छ । महाकाव्यको नायक धीरोदात्त, कुलीन, शूरवीर, चतुर, कार्यदक्ष एवम् महान् हुनुपर्ने पूर्वीय महाकाव्य लक्षण शास्त्रले बताएको छ । क्षेत्रीय कूलमा जन्मेको कुनै एक अथवा धेरै राजाहरू पनि काव्यमा नायक हुन सक्ने एवम् अन्य नायकको वर्णनबाट मूल नायकको चरित्र विकासमा सहयोग हुनुपर्ने पूर्वीय मान्यता रहेको छ । यसै आधारमा नै शालिग्राम गौतमले यस काव्यमा अनेक नायकहरूको प्रयोग गरे पनि मुख्य नायक चूडामणि पृथ्वीनारायण शाह नै रहेका छन् । झण्डै आधा काव्य जति उनकै बहादुरी र वीरताको वृत्तान्त प्रस्तुत गरेका छन् । उनको चर्चा तल गरिएको छ ।

**(क) पृथ्वीनारायण शाह**

पृथ्वीनारायण शाह एउटा यस्तो व्यक्तित्व रहे, जसलाई भित्र पसेर नियाल्न थालेपछि त्यसको अध्ययन कहिल्यै सकिँदैन । उनको बहुआयामिक चरित्र रहेको छ । नायक, शुरवीर, धीरोदात्त कार्यदक्ष रहेका छन् । क्षेत्रीय कूलमा उत्पन्न भएका पृथ्वीनारायण शाहले राज्यको विस्तारमा अविस्मरणीय योगदान दिएका छन् ।

अन्य सफल नायकमध्येमा द्रव्य शाह, राम शाह, नरभूपाल शाह रहेका छन् । यसका अतिरिक्त अन्य नायकहरूले कथानकलाई अगाडि बढाउन र वंश परम्परा देखाउन सहयोग गरेका छन् ।

**४.३.४ रस**

काव्यको श्रवण र पठनबाट मनलाई भित्रसम्म पुगेर सन्तुष्टि दिने, भाव परिपाकको अवस्थालाई रस भनिन्छ । महाकाव्यको पूर्वीय मान्यता अनुसार श्रृंगार, वीर र शान्त रसमध्ये कुनै एक रस अङ्गी र अरू रस अङ्गका रूपमा हुनुपर्ने मान्यता रहेको छ ।

प्रस्तुत काव्य युद्ध प्रधान एवम् अन्तिम सफलता यस काव्यका मुख्य नायकले नै पाएकाले यो वीर रसपूर्ण काव्य बन्न सफल भएको छ परन्तु भाषिक कमजोरीको कारणले स्फुट रसको सम्भावना नदेखिएकोले उदाहरण दिन सकिएन ।

### ४.३.५ परिवेश

महाकाव्यले जीवनको विराटता एवम् व्यापकतालाई अभिव्यक्त गरेको हुन्छ । यसमा विभिन्न सांस्कृतिक चाडपर्वहरू, मानवीय कर्महरू, राग, अनुराग, घात, प्रतिघात आदि कुराको राम्रो चित्रण गरिएको हुन्छ । मानवीय कर्मसँग सम्बन्धित प्रसङ्गहरूको पनि अत्यधिक वर्णन महाकाव्यमा हुन्छ । कवि गौतमको **श्री ५ हरूको वंशावली** ऐतिहासिक काव्य रहेको छ । यसमा राग–अनुराग, घात–प्रतिघातको केही चित्रण गरिएको छ । मानवीय कर्मसँग सम्बन्धित प्रसङ्गहरूको केही सङ्केत गरिएको छ ।

### ४.३.६ उद्देश्य

पूर्वीय मान्यता अनुसार महाकाव्यको उद्देश्यको रूपमा धर्म, अर्थ, काम र मोक्षमध्ये एक प्रमुख रूपमा र अन्य पुरुषार्थहरू सहायक रूपमा रहनुपर्ने हुन्छ ।

प्रस्तुत काव्यमा कवि शालिग्राम गौतमले मुख्यतः कर्तव्यपरायण, नीतिवान् र समदर्शी राजा नै सफल हुन सक्दछ भन्ने कुरा दर्शाएका छन् । शाहवंशी राजामा पनि तिनै सफल छन्, जो शास्त्रीय मर्यादामा थिए भन्ने तथ्यलाई पनि प्रष्ट्याएका छन् ।

**श्री ५ हरूको वंशावली**मा धेरै सङ्ख्यामा रहेका राजाहरूको नाम उल्लेख गरिएको छ परन्तु सफल राजाहरूमध्येमा द्रव्य शाह, राम शाह, नरभूपाल शाह र पृथ्वीनारायण शाहलाई विशेषतः चित्रण गरिएको छ । गोर्खाली घले राजाको पतनमा मुख्यतः नास्तिकता र वर्णाश्रम व्यवस्थाको समाजप्रति उसले देखाएको नकारात्मक प्रवृत्ति हो भन्ने कुराको सूक्ष्म सङ्केक कवि गौतमले प्रस्तुत काव्यमा गरेका छन् । त्यसैले उनी भन्दछन् –

न शास्त्रको गर्छ विचारवोध
    न गर्छ चौरादिहरूण निरोध ।
न ता क्यही गर्दछ दान र पूजा
    मुखै न धोयीकन खान्छ भूजा ॥

(श्री ५ हरूको वंशावली १०४)

### ४.३.७ भाषा शैली

भाषा भनेको अभिव्यक्तिको माध्यम नै हो । कुनै पनि साहित्यकारहरूले भाषा विना काव्य तथा साहित्य सिर्जना गर्न सक्दैनन् । त्यसैले सबैको अभिव्यक्तिको माध्यम भनेको

भाषा नै हो परन्तु सबैको भाषा एउटै भए पनि प्रयोग गर्ने तरिका भने प्रत्येकको फरक फरक हुने गर्दछ । त्यही प्रयोग गर्ने तरिका नै शैली हो ।

कवि शालिग्राम गौतमले **श्री ५ हरूको वंशावली** नामक काव्यमा सरल, सहज एवम् मिठासपूर्ण भाषाको प्रयोग गरेका छन् । कवि गौतमको समकालिक कवि लेखनाथ पौड्याल, सोमनाथ सिग्द्याल भए पनि प्रवृत्तिगत दृष्टिले प्राथमिककालीन मानिन्छन् ।

गौतमले **श्री ५ हरूको वंशावली** मा हलन्त शब्दहरूको अत्यधिक प्रयोग गरेका छन् । जस्तै –

"किन्वेच् लिन्दिनामा प्रजाहरूकनै तक्लीफ् ..........."

(श्री ५ हरूको व.शावली १३९)

प्रस्तुत काव्यमा हल् वर्ण प्रयोग गर्नुपर्ने ठाउँमा अच् वर्णको प्रयोग एवम् अच् वर्ण प्रयोग गर्नुपर्ने ठाउँमा हल् वर्णको प्रयोग गरेको पाइन्छ । कवि गौतमले ह्रस्व लेख्न पर्ने ठाउँमा दीर्घ र दीर्घ लेख्न पर्ने ठाउँमा ह्रस्व लेखेका छन् । जस्तैः शरिर (शरीर) ॥५४॥, तिमि (तिमी) ।६८।, गर्दछू (गर्दछु) ।४६०। । जसले गर्दा नेपाली भाषाको नियमलाई त्यती अनुसरण गरेको देखिँदैन । अनुकरणात्मक शब्दहरूको यथोचित प्रयोगले गौतमले काव्यलाई मिठास भने तुल्याएका छन् । जस्तै – टुक्टुक् ।४५७ कतिपय ठाउँमा उखानहरूको प्रयोगले गर्दा काव्यलाई मिठास तुल्याएका छन् । जस्तै –

"के खोज्छेस् कानि, आँखो यहि सरि हुन गो ......"

(श्री ५ हरूको वंशावली १०७)

प्रस्तुत काव्यमा हिन्दी, संस्कृत र अङ्ग्रेजी शब्दहरूको प्रयोग ठाउँठाउँमा भएको छ । जसले गर्दा भाषाका हिसाबले कवि गौतम धेरै नै पुरानो मानिन्छन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने कवि गौतमले साहित्यिक भाषिक मर्यादालाई उल्लङ्घन गरेका छन् परन्तु काव्यको भाषा सरल, सहज एवम् बोधगम्य हुनुका साथै सुमधुर पनि रहेको छ । तसर्थ भाषा शैलीगत दृष्टिले **श्री ५ हरूको वंशावली** काव्योन्मुख छ ।

यिनै चर्चा परिचर्चाका आधारमा **श्री ५ हरूको वंशावली** काव्यको भाषालाई विविध बुँदामा राखेर अध्ययन गर्न सकिन्छ –

(क) छन्द विधान

(ख) अलङ्कार

**(क) छन्द विधान**

महाकाव्यको लेखन पद्यात्मक हुनुपर्ने पूर्वीय आचार्यहरूको मान्यता रहेको छ । यसै आधारमा कवि गौतमले **श्री ५ हरूको वंशावली** नामक काव्य विविध छन्दहरूमा लेखेका छन् । जसअनुसार उनले अठार प्रकारका छन्दहरूको प्रयोग गरेका छन् ।

उपर्युक्त छन्द व्यवस्थालाई स्पष्ट पार्न कव्यको निम्नलिखित श्लोकलाई उदाहरण स्वरूप प्रस्तुत गरिएको छ –

**उपजाति**

मील्यो अली उन्नत केहि बाङ्गो
        चापट् परेको तहिं एक ढुंगो ।
लोट्या त्यसैमाथि 'सुई' गरेर
        गोडा पसारी भयि लम्पसार ॥

(श्री ५ हरूको वंशावली २१)

**वंशस्थ**

अहो ! म जस्तो भयि क्षत्रियोत्तम
        क्यही अहीले न गरे त उद्यम ।
मलाइ खानै पनि मुस्किलै हुने ।
        रिपूहरूले पनि टेर्न छोड्ने ॥

(श्री ५ हरूको वंशावली २६)

**पुष्पिताग्रा**

अब यस रितले भयेन वस्नै
        रणभूमितर्फ पर्‍यो कमर् त कस्नै ।
यति भनि गयेर ति उत्तरै देश्
        गरिकन सुन्दर वीर योग्यको भेष् ॥

(श्री ५ हरूको वंशावली २७)

**शार्दूलविक्रीडित**

यस रित्ले लमजुङ्महाँ जब यशोवंसाहलाई लगे
        आर्कादीनमहाँ सबेरइ उठी दर्बारमा सब् पुगे ।
प्रोहित्जीहरूले त वेदविहितादी मंत्र धेरै पढी
        राज्यैको अभिषेक् गरे टपभये हर्षीत गादी चढी ॥

(श्री ५ हरूको वंशावली ८३)

**प्रहर्षिणी**

ईनी सब् जनहरूलाई आफ्ना साथ्
लीयी झट् हिड्नु भयो उंभो गरी माथ् ।
सेनाको बल पनि लौ गरौं भनेर
छोप्राक्मा क्यहिदिन राज्भयो गयेर ॥
(श्री ५ हरूको वंशावली ८९)

**स्वागता**

भूपतीकन त रानि ! मन्त्रिले
दर्शनै दिन त शक्तिन ऐल्हे ।
पुत्र हो जउन पृथ्वीनारायण्
सो हुने छ मम भक्ति परायण् ॥
(श्री ५ हरूको वंशावली २५२)

**मालिनी**

सुनिकन नयपाल्को पुत्र देखी ह्वाल
हुन गयि नरभूपाल् साहको दिल्वहाल ।
फउज गरि तयारी फेरि गर्ने चढाई
मनभइ नरभूपाल् हिड्नु भो फुर्तिलाई ॥
(श्री ५ हरूको वंशावली ३०७)

**वसन्ततिलका**

बत्तीस मील पुरवैतिर पर्वतैमा
सल्यान नामक कुनै एक राज्यमाहाँ ।
पौंच्यो र फौज हमला अधिकै मचायो
राजा थियो बखत बादुर खुब् डरायो ॥
(श्री ५ हरूको वंशावली ३४०)

**मालभारिणी**

जब यस् रितको हुकुम दियेर
यसमा जाल् झ्यल क्यै छ की भनेर ।
पृथिवीपति साहका मनैको
मनसुब्थ्यो शिशुलाइ देखनाको ॥
(श्री ५ हरूको वंशावली २०५)

**शिखरिणी**

तथापी यो ऐल्हे तिमिहरू गर्‌यो जुन् खशम धेर्
अनी वाचाबन्धन् बहुत गरदा पर्दछु म भर् ।
यसो हूँदा ऐल्हे तिमिहरूकनै क्यारु ? अहिले
विमुख् पार्नैलाई शकिन गरु के ? आज मन्त्रिले ॥

(श्री ५ हरूको वंशावली ७७)

**स्रग्धरा**

मन्मा एही लियेरै, जब त सब त्रहाँ, हामि डूली रहेथ्यौं
आफै तत्पर्भयेका, प्रभुकन त त्रहाँ हामिले झट्ट भेट्यौं ।
के खोज्छेस् कानि, आँखो यहि सरि हुनगो दैवको दृष्टि पर्दा
हर्षैको छैन सीमा, पछि त कति अहो त्यो अधम् पाजि मर्दा ॥

(श्री ५ हरूको वंशावली १०७)

**गीतिका**

तिमिसमानका रानि ता म ता
दिलं बढे हुंदी राखि वीरता ।
दिनहुँ फेरनै शक्तछू भने
तिमि विचार लौ को छ ? त्यागिने ॥

(श्री ५ हरूको वंशावली १६३)

**शालिनी**

ती राजाकी माहिली कौशिला जुन्
महारानी कालिकै अंश नै हुन् ।
तेस् हेतूले रानिहेरु सवैमा
राजाको प्रेम् ज्यास्ति थीयो इनैमा ॥

(श्री ५ हरूको वंशावली २२२)

**भुजङ्गप्रयात्**

त्रिशूली तरी जब् फउज् जान लाग्यो
नुवाकोटको भूप त्यो देखि जाग्यो ।
सजी खर्‌खजाना गरी ठीक तोप
पुग्यो मार्ग रोक्नै गरी धेर कोप ॥

(श्री ५ हरूको वंशावली २८९)

**सुन्दरी**

सुन बाबु ! कुमारिले त जो
फुल तिम्रा करमा दिइन् हिजो ।
फुल केवल जान ह्वैन त्यो
नयपाल्को नृपलक्ष्मि नै मिल्यो ॥

(श्री ५ हरूको वंशावली २०२)

**तोटक**

जब आइपुग्यो विजयादशमी
गरी मंगल् धेर् नभयेर कमी ।
अति अस्सल साइत यै छ भनी
हिडनू भयिगो भूमिपाल पनी ॥

(श्री ५ हरूको वंशावली ३३७)

**मन्दाक्रान्ता**

यस्ता रित्ले जब जमि तहाँ बस्नुभो द्रव्य साह
यक्दिन् स्वप्ना विच गरि भनिन् हष्टदेवी निगाह ।
हे वीर् ! यो वात् सुनन मकनै ल्याउने मन्भयेता
मैले सब् त्यो विधि पनि ञहाँ भन्दछू गर्नु यो ता ॥

(श्री ५ हरूको वंशावली ११९)

**इन्द्रवज्रा**

जस्तो अघी वेन् नृपले कुकर्म
गर्दा महाँ नष्ट भयो र धर्म ।
मीली ऋषीश्वर्हरू झट्ट जायी
क्रोधाग्निले मारिदिये जलायी ॥

(श्री ५ हरूको वंशावली १०५)

**(ख अलङ्कार**

कवि गौतमले **श्री ५ हरूको वंशावली** नामक काव्यमा विविध अलङ्कारहरूको प्रयोग गरेका छन् । जसअनुसार उदाहरण तल निर्धारण गरिन्छ –

**(क) काव्यलिङ्ग**

अहो ! म जस्तो भयि क्षत्रियोत्तम
क्यही अहीले न गरे त उद्यम ।
मलाइखानै पनि मुस्किलै हुने
रिपूहरूले पनि टेर्न छोड्ने ॥

(श्री ५ हरूको वंशावली २६)

प्रस्तुत पद्यमा महापुरुषहरू सधैँ उद्यमी हुनुपर्ने हेतुमूलक वाक्यार्थको परिकल्पना गरिएकोले काव्यलिङ्ग छ र अन्त्यानुप्रास पनि रहेको छ ।

**१. अन्य उदाहरण –**

भन्छन् असह्य हुनगो नभयेर भूप
जागी रहेछ बलियो निरदो छ चूप ।
बोल्यो भने उ त तयार् परिहाल्छ धस्न
यस्तो भएपछि कसोरि सकिन्छ बस्न ॥

(श्री ५ हरूको वंशावली ६३)

प्रस्तुत पद्यमा जब अराजकतावश सहनै नसकिने अन्याय हुँदै जान्छन् तब तिनीहरूको सहन गर्न सकिने क्षमता पनि समाप्त हुन्छ भन्ने कुरा हेतुमूलकताको पारामा वर्णन गरिएकोले काव्यलिङ्ग छ ।

प्रस्तुत पद्यमा अन्त्यानुप्रास पनि रहेको छ ।

**२. स्वाभावोक्ति**

बल्वान् खुशीसित परस्त्रि लियी मुसार्छ
सोको पती यदि गये तहिं घुसार्छ ।
जस्को छ अस्सल खसी घरकै घिर्सार्छ
मालिकले क्यहि भने त उहीं पछार्छ ॥

(श्री ५ हरूको वंशावली ६०)

प्रस्तुत पद्य अराजकताको यथार्थ वर्णनको क्रममा आएको पद्य हो र यसले जस्तो-तस्तो शब्दचित्रको रूपमा उपस्थित भएर उक्त घटनाको यथार्थ बोध गराएकोले यहाँ स्वभावोक्ति अलङ्कार रहेको छ । शब्दालङ्कारमा अनुप्रास पनि रहेको छ ।

अन्य उदाहरण –

न शास्त्रको गर्छ विचारबोध
        न गर्छ चौरादिहरू निरोध ।
न ता क्यही गर्दछ दान् र पूजा
        मुखै न धोयीकन खान्छ भूजा ॥

यहाँ पनि राजा भएर राजोचित कर्म सबै छोडेर निस्क्रिय र मस्तीमा डुबेका गोर्खाको घले राजाको दोषहरूलाई सुन्दर शैलीले यथार्थ उदाङ्ग पारेकोले स्वाभावोक्ति नै भयो ।

यहाँ शब्दालङ्कारमा अन्त्यानुप्रास रहेको छ ।

**३. उदात्त**

हे वीर पुत्रि ! मनमा तिमी डर् नमान
        यो राज्यको म तिमीलाई दिञे कमान ।
वैरी हुँ तापनि मलाइ पिता समान
        ठाने म दिञ्छु सब सम्पत्ति भो जमान ॥

(श्री ५ हरूको वंशावली ३५१)

प्रस्तुत पद्य सल्यानकोट रानीप्रति उदार भावना जागेका पृथ्वीनारायणले दिएको अभय दानको एक उदाहरण हो । यसबाट उनको पराकाष्टा औदार्य, दानशीलता र दयाकारिता आदि गुणहरू छताछुल्ल बनेकोले यहाँ उदात्त अलङ्कार छ ।

यहाँ शब्दालङ्कारमा अन्त्यानुप्रासको प्रयोग भएको छ ।

**अन्य उदाहरण**

आफ्ना जहानसरिका दुनिञाहरूमा
        लाई रकम् कलम द्रव्य जुटाउँदामा ।
धड्कञ्छ यो हृदय खूब बहञ्छ अश्रू
        कुन साहुका चरणमा म गयेर पश्रूँ ॥

(श्री ५ हरूको वंशावली ३५४)

यहाँ पनि गोर्खाली सम्राटको प्रजावत्सलता र पूर्वोक्त सबै गुणहरू देखिएकोले यो उदात्त अलङ्कारकै उदाहरण बनेको छ ।

यहाँ अन्त्यानुप्रासको प्रयोग पनि उत्तिकै सुन्दर र सहज बनेको छ ।

**४. अनुमान**

नजरै गरी खास नाति मेरै

रहिछन् ई भनी निश्चयै गरेरै ।

अति हर्ष भयेर काखमाहाँ

लियि झट् चढ्नुभयो र गादिमहाँ ॥

(श्री ५ हरूको वंशावली २०८)

यहाँ महाराज रुद्र शाहका छोरा वीरभद्र शाह राज्यको उत्तराधिकारी घोषित भइसकेपछि उनको मृत्युबाट राज्यमा ठूलो समस्या परिरहेको बेला वीरभद्र शाहकै तनौ राजाकी राजकुमारीबाट मावलीमा जन्मेका कुमारलाई देखेर लक्षण रूपी कारणबाट मेरो नाती नै हो भन्ने कार्य रूप पहिचान महाराज रुद्र शाहले गरेकोले यो अनुमान अलङ्कार भयो ।

**५. उत्प्रेक्षा**

सबै रैतिहरू ती स्वपुत्र मानू

समझी राज् गरथ्ये कती बखानू ।

(श्री ५ हरूको वंशावली २१८)

यहाँ राजाको प्रजावत्सलतालाई मूर्त दिन आएको उच्च संभावनाले उत्प्रेक्षाको रूप लिएको छ ।

**४.३.८ 'श्री ५ हरूको वंशावली' महाकाव्यको निष्कर्ष**

**श्री ५ हरूको वंशावली** नामक काव्य कवि शालिग्राम गौतमद्वारा लेखिएको ऐतिहासिक काव्य ग्रन्थ हो । दिव्यदेव पन्तले **श्री ५ हरूको वंशावली**का केही श्लोकहरू र अरू कसैले लेखेका केही श्लोकहरू मिलाएर **शाहवंशचरित** नामक काव्य प्रकाशित गरेका छन् । **श्री ५ हरूको वंशावली** को प्राप्त पाण्डुलिपि **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ** मा वि.सं. २०५८ मा 'लेखक सङ्घ दाङ'ले प्रकाशित गरेको छ ।

पूर्वीय महाकाव्य सिद्धान्तअनुसार आठ सर्ग भन्दा बढी भएको काव्यलाई महाकाव्य भनिन्छ परन्तु प्रस्तुत काव्यमा सर्गहरू नदेखाएर कथोपकथनलाई अघि बढाउँदै लगिएको छ । प्रस्तुत काव्यमा मूलभूत रूपमा राजाहरूको वंश परम्परालाई देखाइएकोले यो एउटा ऐतिहासिक काव्यग्रन्थ हो र यसको विषयवस्तुअनुसार नै नामाकरण गरिएको छ ।

पूर्वीय महाकाव्य सिद्धान्तअनुसार **श्री ५ हरूको वंशावली** मा अङ्गी रसका रूपमा वीर रस रहेको छ । सरल र आलङ्कारिक भाषाशैलीमा संरचित प्रस्तुत काव्यको उपलब्ध अंश अनुसार यसमा जम्मा ४७० श्लोकहरू रहेका छन् । प्रारम्भका बीस पद्य जति खण्डित भएका छन् । कवि गौतमले आवश्यकताअनुसार शब्दालङ्कार एवम् अर्थालङ्कारको प्रयोग गरेका छन् । अनेक नायकहरूको प्रयोग गरे तापनि मुख्य नायक शुरवीर, धीरोदात्त रहेको छ । क्षेत्रीय कुलमा उत्पन्न प्रधान नायक महान पात्रका रूपमा देखापरेको छ ।

यसरी हेर्दा महाकाव्यजस्तो लागे पनि महाकाव्यभित्र आउनुपर्ने जीवनको पूर्णता, महाकाव्यमा हुनुपर्ने सर्ग विभाजन नभएकोले यसलाई महाकाव्यको कोटीमा राख्न सकिँदैन । कविताको वृहत्तम आकारलाई प्रस्तुत काव्यले पूर्णतया अङ्गीकार गर्न सकेको पनि छैन । यस्ता विविध विषयहरूमा **श्री ५ हरूको वंशावली** पछि परेकोले यस काव्यलाई पूर्ण महाकाव्य नभनेर समकक्षी काव्यका रूपमा लिनु उपयुक्त देखिन्छ ।

सरल एवम् सहज भाषाको प्रयोगले काव्य बोधगम्य भए पनि साहित्यिक भाषिक मर्यादा भने उल्लङ्घन गरेको देखिन्छ । भाषिक कमजोरीको कारणले गर्दा स्फुट रस एवम् गुण र रीतिको सम्भावना देखिएको छैन । तसर्थ प्रस्तुत काव्यलाई महाकाव्य समकक्षी काव्यका रूपमा हेर्न सकिन्छ ।

## ४.४ फुटकर कविताहरूको अध्ययन

### ४.४.१ उदयको उद्देश्य

प्रस्तुत कविता बनारसमा अध्ययन गर्दा श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेवको रजत जयन्ती समारोहमा प्रस्तुत गरेका थिए ।[७६] यो कविता **मध्यपश्चिमका कविता** नामक पुस्तकमा संकलित भएको छ ।[७७] प्रस्तुत कविता **उदय** नामक पत्रिकामा वि.सं. १९९३ मा छापिएको उनको पहिलो प्रकाशित कविता हो । प्रस्तुत कवितामा कवि गौतमले विदेशीहरू कडापरिश्रमी हुने र उनको लगनशील एवम् मेहनतले गर्दा धेरै अगाडि बढेका छन, त्यसैगरी हामी नेपाली पनि मेहनत एवम् परिश्रमका साथ अगाडि बढेमा विदेशीहरू भन्दा कम छैनौँ भनी प्रस्तुत गरेका छन् । हामी नेपालीहरू पनि विदेशीहरू जस्तै

---

[७६] शिवराज उपाध्याय, “प्रातस्मरणीय पूज्य भिनाजु पं. शालिग्राम गौतमज्यूको संस्मरणमा दुई शब्द” **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** पूर्ववत्, पृ. १९ ।

[७७] ऐजन ।

सम्पूर्ण वैभवले उन्मत्त हुन मन लाग्दछ । त्यसको लागि हामीमा जोश, जाँगर एवम् हिक्मत हुनुपर्दछ । मानिस परिश्रमले गर्दा नै धेरै माथि पुग्न सक्दछ । त्यसको लागि नेपालीहरूमा जोश, जाँगर एवम् हिक्मतको आवश्यकता पर्दछ । ती सबै नेपालीहरूमा पाएको कुरा कविले प्रस्तुत गरेका छन् ।

सकल वैभवले भवसम्मत ।
हुन कतै मनमा छ त हिक्मत ॥

यी विदेशी भनाउँदाहरूले अक्कलले गर्दा समयको चालसँगै सम्पूर्ण कार्यहरू गरी चुचुरामा पुग्न सफल भएका छन् । तसर्थ म पनि त्यसैको अनुसरण गरी चुचुरालाई चुम्न सफल हुन्छु भनी सम्पूर्ण नेपालीहरूलाई अगाडि बढ्नको लागि प्रेरणा दिएका छन् । त्यसैले कवि भन्दछन् –

अकलले कलले ई विदेशिले,
वखत मै खतमै सब कां गरे ।
छ त म गर्दछु त्यै अब मालुम,
उदयको गर कद्दर हर्दम ॥

कवि गौतम साधु सन्त प्रकृतिका थिए । उनी आफू गाउँको घरमा बसे पनि मन भने साधु सन्तहरूसँगै डुलाउँथे ।

घर छ गाउँ महाँ बसने सँधै,
तर छ मन् बसु साधु हरू सँगै ।
अब त गर्छु भनेर समागम,
उदयको गर कद्दर हर्दम ॥

यसरी गौतमले प्रस्तुत कवितामा विदेशीहरू जस्तै हामी नेपालीहरू पनि समयको चालसँगै अगाडि बढेर वैभवशाली बन्न सक्दछौं । त्यसको लागि हिक्मत, परिश्रमको आवश्यकता पर्दछ । ती सबै हामी नेपालीहरूमा परिपूर्ण छ भनी नेपालीहरूलाई अग्र गतिमा बढ्नको लागि प्रेरणा दिएका छन् ।

प्रस्तुत कविता जम्माजम्मी अट्ठाइस पद्यको रहेको छ । जसमा द्रुतविलम्बित छन्दको प्रयोग गरिएको छ । यसमा प्रायः सबै श्लोकहरू अनुप्रास युक्त छन् भने यमक अलङ्कारको पनि प्रयोग गरिएको छ ।

**(क) यमक**

भवनमा वनमा मनमा अलि,
न त हवस तह होस भिदाकलि ।
(उदयको उद्देश्य ११)

### ४.४.२ जयन्ती महोत्सव

यो गौतमको दोस्रो प्रकाशित कविता हो । यो पनि श्री ५ महाराजाधिराज त्रिभुवन वीरविक्रम शाहदेवको रजत जयन्ती समारोहमा प्रस्तुत गरेका थिए । प्रस्तुत कविता **उदय** नामक पत्रिकामा वि.सं. १९९३ मा छापिएको उनको दोस्रो प्रकाशित कविता हो । प्रस्तुत कवितामा कवि गौतमले श्री ५ त्रिभुवन वीरविक्रम शाहदेवको रजत जयन्ती मनाउन पाउँदा आफू खुशीले विह्वल भएको कुरालाई दर्शाएका छन् । कवि गौतमले बजारमा बसेका एवम् गाउँमा बसेका नेपालीहरूले पनि दत्तचित्त भएर श्री ५ त्रिभुवनको जयजयकार गरेको कुरा प्रस्तुत गर्दै फेरी फेरी पनि यसरी नै मौसुफको रजत जयन्ती मनाउन पाऊँ भनी पशुपति र गुह्यकालीसँग प्रार्थना गर्दछन् ।

जसरि पशुपती र गुह्यकाली,
खुशि भई श्री प्रभुमाथि आज खाली ।
शुभ रजतजयन्ती यो मनाऔं
कनक र हीरक फेरि मान्न पाऔं ॥

कवि गौतमले श्री ५ त्रिभुवनको नाम लिए मात्र शत्रुहरूको शिर तल झुकोस्, अनगिन्ती आयु होस् एवम् मुलुक भर कीर्ति चलोस् भनी पशुपति प्रभुसँग आग्रह गरेका छन् ।

रिपुहरू प्रभुको सुनेर नाम ।
'गरुड' भने सरि सर्प झैं तमाम ॥
त्यसैगरी,
भर मुलुक महाँ चलोस् कीर्ति
नृपवरको अब आयु होस् अगिन्ति ॥

यसरी कवि गौतमले प्रस्तुत कवितामा श्री ५ त्रिभुवनको जयन्ती चीरकालसम्म मनाइरहन पाऊँ भनी भगवान् पशुपति एवम् गुह्यकालीसँग प्रार्थना गर्दै उनी प्रति जनताको माया, मोह, सद्भाव रहेको एवम् उनको प्रशंसालाई पनि कविले प्रस्तुत गरेका छन् ।

प्रस्तुत कविता जम्माजम्मी तेह्र पद्यको रहेको छ । यहाँ पुष्पिताग्रा छन्दको प्रयोग गरिएको छ । यस कवितामा शब्दालङ्कारमा अनुप्रास प्रायः धेरै पद्यहरूमा छ भने अर्थालङ्कारमा 'उदात्त' छ ।

**(क) उदात्त**

अखिल भुवनका प्रजानियन्ता,
भइकन आफु हुने हरे ! फिरन्ता ।
पशुपति प्रभुको कृपार्द्रदृष्टि,
शुम नयपालविषे हवोस वृष्टि ॥

(जयन्ती महोत्सव १)

### ४.४.३ राजाको कविता

प्रस्तुत कविता कवि शालिग्राम गौतमद्वारा रचिएको एक राजभक्तिपूर्ण कविता हो । यो कविता **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ**मा वि.सं. २०५८ मा 'लेखक सङघ दाङ'ले प्रकाशित गरेको छ । प्रस्तुत कवितामा कवि गौतमले आफ्नो राजाप्रतिको श्रद्धाभावलाई प्रकट गरेका छन् ।

कवि गौतम राजाप्रति आस्थाराख्ने र उसको भक्तिभाव एवम् गुणगान गाउने एक राजावादी कवि हुन् । उनले प्रायः रचनाहरूमा राजाप्रतिको माया–मोह एवम् सद्भावलाई नै प्रकट गरेका छन् । यस कवितामा उनले राजालाई साक्षात् विष्णुको रूपमा मानेका छन् । त्यसैले उनी भन्छन् –

श्रीमान् इन्द्र, कुवेर, चन्द्र र वरुण श्रीसूर्य, हावा, यम
आगो एति मिलेर बस्छन् जहाँ दिक्पाल सारा दिन ।
उस्ता राजनलाई अञ्जलि दुवै जोडेर नम्रै बनी
गर्छू यो मनले प्रणाम म सदा साक्षात् इ विष्णु भनी ॥

प्रस्तुत कविता जम्माजम्मी चार पद्यको रहेको छ र प्रथम पद्य शिखरिणी छन्दमा एवम् बाँकी तीन पद्य शार्दूलविक्रीडितमा छन् । यसमा शब्दालङ्कारमा अनुप्रास प्रयोग गरिएको छ भने अर्थालङ्कारमा उपमा छ ।

**(क) अनुप्रास**

शरण् गोरख् बाबा ! जय जय महाकालि जननी !
हजुरका पाऊमा शरण परि आयाँ प्रभु भनी ।
कवीता गर्नामा मन धरि गर्‍या विन्ति यसरी
कवीको बुद्धि लौ जति जति छ देऊ यस घरी ॥

(राजाको कविता १)

**(ख) उपमा**

जस्तै क्षीर समुद्रमा अणुसरी देखिन्छ मन्दर गिरी
तेस्तै सुक्ष्म म नीच सक्छु कसरी यो वंश वर्णन् गरी ।
यस्तै हो तर मन् कसै धर न दी मैले अगाडी सरी
गर्छू भन्नु त सूर्यमा अनुकरण् जुनकीरिले झैँ गरी ॥

(राजाको कविता ३)

### ४.४.४ भैंसीको वखान

प्रस्तुत कविता कवि शालिग्राम गौतमद्वारा रचिएको प्रणाी प्रिय कविता हो । यो कविता **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ** मा वि.सं. २०५८ मा 'लेखक सङ्घ दाङ' ले प्रकाशित गरेको छ । प्रस्तुत कवितामा कवि गौतमले वर्खे झरिमा दुःख पाएको भैंसीको अवस्थालाई प्रस्तुत गरेका छन् ।

शालिग्राम गौतम दयालु र कोमल हृदयका कवि हुन् । उनले अरू कसैले पाएको दुःख, पीडा एवम् वेदनालाई देख्न सक्दैन थिए । उनी कविराज भएकाले दाङ र आसपासका मानिसहरूलाई स्वनिर्मित औषधी प्रायः निःशुल्क वितरण गर्दथे । त्यति मात्र नभएर हाल रामपुर गा.वि.स.को हर्नोक भन्ने ठाउँमा जागेश्वर पौडेलसँग ज्योतिष पढ्नको लागि कवि गौतम गएका थिए । त्यहाँ बस्दा बर्खे झरिमा दुःख पाएका भैंसीको दयनीय अवस्थालाई देखेर आशु कवित्व शक्ति पाएका गौतमले 'भैंसीको वखान' भनी दुई श्लोकहरू रचना गरेका थिए ।

तसर्थ कवि गौतम मानिसहरूमा मात्र नभएर प्राणीहरूमा समेत त्यत्तिकै सद्भाव राख्ने एक सामाजिक व्यक्तित्व भएका कवि पनि हुन् । त्यसैले कवि भन्छन्–

घूमेर दिन् भरि नपाइ यथेष्ट घाँस
दिक्कत लगाई त लिन्या वन भित्र डाँस ।
वस्ने थलोभरि हिलो छ न सेउला छन्
वर्षामहाँ पनि सँधै यिनि वाहिरै छन् ॥

(भैंसीको वखान १)

प्रस्तुत कविता जम्माजम्मी दुई पद्यको रहेको छ । यस कवितामा अनुप्रास प्रयोग गरिएको छ ।

**(क) अनुप्रास**

सप्ना महा पनि हरे ! मिल्दैन दाना
यी भैंसीले किन दिउन् दुध चारमाना ।
मालीकले नि त दिनै "दुध दिन्न नारा"
भन्छन् मलाइ त हरे ! अझ "साहुमारा" ॥

(भैंसीको वखान २)

### ४.४.५ पीतेन्द्र शोकोद्गार

कवि शालिग्राम गौतमद्वारा साथीको सम्झनामा रचिएको विलापयुक्त कविता हो । प्रस्तुत कवितामा कवि गौतमले परम मित्र पीतेन्द्रको गुणको बारेमा सामान्य चर्चा गरेका छन् ।

कवि गौतम साधु, सन्त प्रकृतिका थिए । त्यसैले गर्दा दाङमा सबै आफन्त र मित्र नै थिए । उनका मित्रमध्ये परममित्र दाङ खोलीगाउँका पीतेन्द्र चूडामणि रजौरे थिए । उनी एकाएक विरामी परी लखनउमा औषधी गर्न गएको समयमा त्यहीँ नै स्वर्ग भएका थिए । त्यसपछि कवि गौतमले निकै पीर मानेर २४/२५ श्लोकको 'पीतेन्द्र शोकोद्गार' भन्ने विलाप लेखेको पाइन्छ । यसको सम्पूर्ण अंश नपाए पनि छ लोकहरू **पं शालिग्राम गौतम स्मृति ग्रन्थ** मा वि.सं. २०५८ मा 'लेखक सङ्घ दाङ' ले प्रकाशित गरेको छ ।

प्रस्तुत कवितामा कवि गौतमले मित्रको गुणको बारेमा सामान्य चर्चा गरेका छन् । उनले परममित्र पीतेन्द्र छोटो समयका लागि यस संसारमा आएका थिए र सम्पूर्ण काम सकेर उनी परलोक भए भनी विलाप प्रस्तुत गरेका छन् । त्यसैले कवि  भन्छन् –

अविवेकि र निर्दयी बली उहि कालक्रम पाशमा फँसी ।
परलोक गए पीतेन्द्रजी सवको छाति विदीर्ण नै गरी ॥

(पीतेन्द्र शोकोद्‌गार ३)

उनी इनद्रजिका सभासद हुँदहुन एक म ठान्दछु अव ।
त्यहिकै अति गोप्य कामले उनि आए सकि काम गैगए ॥

(पीतेन्द्र शोकोद्‌गार ६)

यस कवितामा अनुप्रास प्रयोग गरिएको छ ।

(क) अनुप्रास

चिर रुग्ण, मुमूर्षु जर्जर अरू छाडी कन दैवले पर ।
कलिला र सुयोग्य सुन्दर जन छानेर लिने निरन्तर ॥

(पीतेन्द्र शोकोद्‌गार ४)

**भाववस्तु**

शालिग्राम गौतमका कविताहरूको अध्ययन गर्दा उनका कवितामा राष्ट्रभक्ति, देशभक्ति र राजभक्तिको भावना झल्किन्छ । उनका ‘उदयको उद्देश्य’ कविताको अध्ययनबाट देशप्रतिको सद्‌भाव, नेपाली जनताहरूलाई आफ्नो क्षेत्रमा लगनशील रूपमा रहेर विदेशीहरू जस्तै अगाडि बढ्नको लागि प्रेरणा दिएका छन् । उनका ‘जयन्ती महोत्सव’ कविताको अध्ययनबाट राजाप्रतिको माया, मोह, सद्‌भावलाई प्रकट गर्दै श्री ५ त्रिभुवनको जयन्ती प्रत्येक वर्ष मनाइरहन पाऊँ भन्दै राजभक्तिको भावनालाई अविरल प्रवाह रूपमा प्रस्तुत गरेका छन् । उनका ‘राजाको कविता’ नामक रचनाको अध्ययनबाट राजाप्रतिको माया, मोह एवम् सद्‌भावलाई नै प्रकट गरेका छन् । उनका ‘भैंसीको वखान’ कविताको अध्ययनबाट प्राणीप्रतिको सद्‌भावलाई प्रकट गरेका छन् । उनका ‘पीतेन्द्र शोकोद्‌गार’ कविताको अध्ययनबाट साथीप्रतिको स्नेह एवम् सद्‌भावलाई प्रकट गरेका छन् ।

**भाषिक सीप**

गौतमका कवितामा प्रयोग गरिएको भाषा अत्यन्त मार्मिक र देशभक्ति एवम् राजभक्तिको भावनाले ओतप्रोत भएको छ । तापनि शालिग्राम गौतमले आफ्ना कवितामा छन्द, अनुप्रास मिलाउन ह्रस्व दीर्घको ख्याल त्यति गरेको पाइँदैन । उनले विभिन्न भाषाका शब्दहरूलाई पनि प्रयोग गरेका छन् ।

**४.४.६ शारदा शतक**

कवि शालिग्राम गौतमद्वारा रचिएको कृति हो परन्तु यस कृति अप्राप्य रहेको छ । यस कृतिका अन्तिम दुई श्लोकहरू मात्र **"पं शालिग्राम गौतम स्मृति ग्रन्थ"** मा वि.सं. २०५८ मा 'लेखक सङ्घ दाङ' ले प्रकाशित गरेको छ । जुन यसप्रकार छ –

छन्दीपीनासले ग्रस्त भै भन्दछू
        भव्य साहित्यका गन्धमा मन्द छू ।
नव्य व्याकर्णको भर नली क्वै पनि ।
        हिक्मती वन्नगै हुर्मती लेखनी ॥१॥

यो नयाँ पालिको स्तोत्र नेपालिको
        वोलिमा येसको नाचे पालि भो ।
जालि नै हो भनी गालि नै बक्दिए
        तालिको ह्यालिमा उस् बखत् नाच्दथें ॥२॥

प्रस्तुत अंश कवि गौतमद्वारा रचित **शारदा शतक**का अन्तिम श्लोकहरू हुन् । उक्त पद्यमा कवि गौतमले नव्य व्याकरणको सहारा नलिएर कुनै पनि उत्कृष्ट रचना सम्भव हुँदैन भनी प्रस्तुत गरेका छन् । उनले प्रस्तुत कृतिलाई नेपालीको लागि नयाँ स्तोत्र आएको र यदि नेपालीले त्यस कृतिलाई अध्ययन गरेर झुठो कुरा लेखेको देखाएर गाली नै गरे भने पनि म तालिको साथमा नाच्दछु भनी प्रस्तुत गरेका छन् ।

कवि शालिग्राम गौतमले तीन विषयबाट आचार्य गरेका छन् । त्यसमध्ये एउटा विषय भनेको व्याकरण नै हो । उनले व्याकरणको गहनततालाई बुझेका थिए । त्यसैले कविले उत्कृष्ट रचनाको लागि व्याकरणको आवश्यकता भएको कुरालाई दर्शाएका छन् ।

प्रस्तुत कृति अप्राप्य भएकोले कति पद्यको थियो, कुन विषयसँग सम्बन्धित रचना थियो, त्यो केही बुझ्न सकिदैन । दोस्रो पद्यमा स्तोत्र भनी उल्लेख गरेकाले यो स्तोत्र हो कि भनेर अनुमान गर्न सकिन्छ ।

यो नयाँ पालिको स्तोत्र नेपालिको

बोलिमा येसको नाचने पालि भो ।

(शारदा शतक २)

प्रस्तुत रचनामा अनुप्रास प्रयोग गरिएको छ ।

**(क) अनुप्रास**

छन्दपीनासले ग्रस्त भै भन्दछु

भव्य साहित्यका गन्धमा मन्द छू ।

नव्य व्याकर्णको भर् न ली क्यै पनी ।

हिक्मती वन्नगै हुर्मती लेखनी ।

(शारदा शतक १)

# पाँचौ परिच्छेद

## उपसंहार

शालिग्राम गौतमको जन्म वि.सं. १९६३ साल चैत्र १५ गते भएको थियो । आफ्ना मातापिताको काहिँलो छोराका रूपमा जन्मिएका गौतमले लालन–पालनमा माया पाएका थिए । उनको बाल्यावस्था अत्यन्त सुखमय वातावरणमा बितेको थियो । धनाढ्य, विद्वान् तथा संस्कृत परिवार भएकाले उनलाई कुनै प्रकारको कष्ट सहनु परेको थिएन । तत्कालीन सामाजिक तथा पारिवारिक परिवेश संस्कृत विद्याको अध्ययन गरी पण्डित बन्नु थियो । त्यसैले शालिग्रामलाई सानै उमेरदेखि नै बाबु चन्द्रनिधि गौतमले लघुकौमुदी एवम् अमरकोषको अध्ययन गराएका थिए ।

गौतम १४ वर्ष टेकेपछि औपचारिक शिक्षाका निम्ति उदयपुर राज्यको पाठशालामा पढ्न गएका थिए । त्यसपछि वि.सं. १९८२ मा काठमाडौँ आएर रानीपोखरी पाठशालामा भर्ना भए । वि.सं. १९८३ सालमा नर्मदादेवी नामकी कन्यासँग विवाह भएको थियो । उनले वि.सं. १९८६ को फागुनमा काशीबाटै व्याकरण मध्यमा पास गरे । अर्को वर्ष उनले न्याय मध्यमा पनि उत्तीर्ण गरे । उनलाई आयुर्वेद विषय पनि पढ्ने इच्छा जागेको हुँदा उनले काँशीमा नै बसेर साहित्यको साथसाथै आयुर्वेद शिक्षालाई अगाडि बढाउँदै वि.सं. १९९३ मा साहित्य एवम् आयुर्वेद विषयमा एकैसाथ द्वितीय श्रेणीमा आचार्यका उपाधि प्राप्त गरेका थिए । गौतमले वि.सं. १९९९ मा व्याकरणमा पनि गभर्नमेन्ट संस्कृत कलेजबाट आचार्य परीक्षा उत्तीर्ण गरे । व्याकरणमा पनि आचार्य पास गरिसकेपछि दाङमै स्थायी रूपमा बस्ने गरी उनी फर्किए ।

गौतमले नेपाली भाषामा फुटकर रचनाहरू लेखेका छन् । उनमा हिँड्दा–हिँड्दै कविता रच्न सक्ने सामर्थ्य थियो । तसर्थ उनले फुटकर रचनाहरू एवम् महाकाव्य पनि लेखेका छन् । उनको सर्वप्रथम प्रकाशित भएको रचना भनेकै **शाहवंश चरित** हो । उनको **श्री ५ हरूको वंशावली** नामक काव्य र अरू कसैले लेखेका रचनाहरू मिलाएर दिव्यदेव पन्तले वि.सं. १९९२ मा **शाहवंश चरित** काव्य प्रकाशित गरेका थिए । उनको अर्को काव्य **रामाश्वमेधकाण्ड** वि.सं. १९९३ मा प्रकाशित भएको थियो । त्यसैगरी बनारसबाट प्रकाशित हुने **उदय** नामक साहित्यिक पत्रिकामा 'उदयको उद्देश्य' र 'जयन्ती महोत्सव' वि.सं. १९९३ मा प्रकाशित भएको थियो । उनको 'राजाको कविता' **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ**मा

वि.सं. २०५८ मा 'लेखक संघ दाङ' ले प्रकाशित गरेको छ । त्यसैगरी उनको **श्री ५ हरूको वंशावली** नामक काव्य **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ**मा वि.सं. २०५८ मा 'लेखक सङ्घ दाङ'ले प्रकाशित गरेको छ । यसरी यी काव्यहरू प्रकाशन गरी दाङका साहित्यकारहरूमा प्रथमपटक काव्यग्रन्थ प्रकाशन गर्ने श्रेय पाएका छन् ।

त्यसैगरी गौतमले बनारसबाट निस्कने अनेक संस्कृत र नेपाली पत्रिकाले विभिन्न विषयमा लेख माग्न आउँदा उनले लेखिदिने गर्दथे । त्यति मात्र नभएर उनको दाङका परममित्र पीतेन्द्र चूडामणि रजौरेको मृत्यु भएपछि उनले निकै पीर मानेर 'पीतेन्द्र शोकोद्गार' नामक विलाप लेखेका थिए । त्यसैगरी उनले **शारदा शतक** र **करुणा शतक** पनि लेखेका थिए परन्तु ती कृतिहरू अप्राप्य छन् ।

शालिग्राम गौतम कवि एवम् काव्यकार मात्र थिएनन्, उनी कविराज पनि थिए उनले धेरैजसो समय आयुर्वेदी जडीबुटीको खोजी र औषधी निर्माणमा बिताउने गर्दथे । यसैले दाङ र आसपासका मानिसहरूले उनलाई एउटा ठूला कविराजको रूपमा पनि चिन्छन् ।

पूर्वीय चिन्तन अनुसार शालिग्राम भनेको एक किसिमको चिन्हित ढुङ्गा, जसलाई प्राप्त गर्न अत्यन्तै कठिन हुन्छ र त्यसैलाई देवताका प्रतीकको रूपमा मानिन्छ । त्यसैको पूजा, आराधना पनि गरिन्छ । त्यसैगरी शालिग्रामले पनि आफ्नो अल्पायुकै कारण थोरै कृति लेखेर पनि हामीलाई अमूल्य शालिग्राम रूपी खानीको रूपमा कृतिहरू छाडेका छन् जसले आफ्नो नामलाई समेत सार्थक तुल्याएका छन् ।

यसरी शालिग्राम गौतमले आफ्नो ४२ वर्षे छोटो जीवनकालमा विभिन्न मोडहरू पार गर्दै जीवनको अन्त्यतिर आइपुगेका थिए । उनले आफ्नो जीवनमा स्वाभिमानलाई अडिग राख्न र सकेसम्म कसैको अधीनमा नबस्ने हुनाले जागिरप्रति भने त्यति रुचि देखाएका थिएनन् । उनको मृत्यु सामान्य मानिने मलेरिया ज्वरोबाट वि.सं. २००५, चैत्र महिनाको शुक्लपक्ष दशमी तिथिका दिन लक्ष्मीपूर गा.वि.स. मुसोट खोला दाङमा भएको थियो ।

## सन्दर्भसामग्रीसूची


अधिकारी, कोमलनाथ, (अनुवा.) **साहित्यदर्पण** (मू.ले. विश्वनाथ), काठमाडौँ : रोयल नेपाल एकेडेमी, २०२३ ।

आचार्य, ठाकुरप्रसाद, **अलङ्कारमञ्जरी,** अप्रकाशित ।

ओझा, रामनाथ र गिरी, मधुसूदन, **शोध, सिर्जना र संस्कृतकाव्यशास्त्र,** काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०५८ ।

उपाध्याय, केशवप्रसाद, **साहित्यप्रकाश,** काठमाडौँ : साझा प्रकाशन, २०५९ ।

..............., **प्राथमिककालीन कवि र काव्यप्रवृत्ति,** काठमाडौँ : साझा प्रकाशन, २०६० ।

..............., **पूर्वीय साहित्यसिद्धान्त,** काठमाडौँ : साझा प्रकाशन, २०६१ ।

गौतम, शालिग्राम, "जयन्ती महोत्सव" **उदय** (वर्ष १, अंक २, १९९३) ।

..............., "उदयको उद्देश्य" **उदय** (वर्ष १, अंक १, १९९३) ।

..............., **रामाश्वमेधकाण्ड,** बनारस : सर्वहितैषी कम्पनी, १९९३ ।

दीक्षित, कमल, (सम्पादक) **वुइँगल,** पहिलो संस्करण, ललितपुर, जगदम्बा प्रकाशन, २०१८ ।

पन्त, दिव्यदेव, 'प्रकाशकीय' **शाहवंशचरित,** काशी, साङ्गवेद विद्यालय प्रेस, १९९२ ।

'प्रकाशकीय' लेखक सङ्घ, **पं. शालिग्राम गौतम स्मृति ग्रन्थ,** प्रथम संस्करण, दाङ : लेखक सङ्घ, २०५८ ।

भामह, **काव्यालङ्कार,** पटना : विहार राष्ट्रभाषा परिषद्, २०१९ ।

मम्मट, **काव्यप्रकाश,** पूना, भण्डार ओरियन्टल रिसर्च इन्स्टिच्यूट, ई. १९९३ ।

रुद्रट, **काव्यालङकार**, दिल्ली : वासुदेव प्रकाशन, सन् १९६५ ।

विश्वनाथ, **साहित्यदर्पण,** वाराणसी : चौखम्बा संस्कृत सिरिज, १९६३ ।

सिग्दाल, सोमनाथ, **साहित्य प्रदीप,** द्वि.सं., काठमाडौँ : विराटनगर पुस्तक संसार, २०२८ ।

शर्मा, निर्मला, **दाङ जिल्लाका कवि र तिनका कविताकृतिको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, २०५९ ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद, **शोधविधि,** ते.सं., ललितपुर : साझा प्रकाशन, २०६२ ।


शर्मा, शरदचन्द्र, "शालिग्राम गौतम : एक विस्मृत व्यक्तित्व" **कान्तिपुर कोसेली,** (२०५०-८-१२)

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,** काठमाडौँ : साझा प्रकाशन, २०५८ ।

# परिशिष्ट–१


## पं. शालिग्रामसँग सम्बन्धित

## वंश श्रृङ्खला




## पुत्रतिरको वंशश्रृङ्खला

## पं. शालिग्राम गौतम (काहिँला)



# पुत्रीतिरको वंश श्रृङ्खला

## पं. शालिग्राम गौतम (काहिँला)

